मित्रलाई पत्र

सुहृल्लेख सरल भाषामा व्याख्यात प्रारम्भिक प्रवेशद्वार

रचनाकारः परम पूजनीय खेन्छेन ठाङ्गु रिन्पोछे

༄༅། །བཤེས་པའི་སྤྲིང་ཡིག་ཕལ་སྐད་དུ་བཀྲལ་བ་བློ་དམན་འཇུག་པའི་སྒོ་
ཞེས་བྱ་བ་བཞུགས་སོ། །

सुहृल्लेख सरल भाषामा व्याख्यित
प्रारम्भिक प्रवेशद्वार।

रचनाकार:
परम पूजनीय नवौँ खेन्छेन ठाङ्गु रिन्पोछे

नेपाली अनुवादक:
आचार्य ङोडुप ग्याल्छेन योन्जन

॥ नमो शाक्यमुनये ॥

॥ आर्य नागार्जुन ॥

॥ परम पावन १७औं ग्याल्वङ् कर्मपा उर्ग्येन ठिन्ले दोर्जे ॥

॥ परम पूजनीय नवौँ खेन्छेन ठाङ्गु रिन्पोछे ॥

ग्रन्थको नाम : सुहृल्लेख सरल भाषामा व्याख्यित प्रारम्भिक प्रवेशद्वार।
रचनाकार (टीका) : परम पूजनीय नवौँ खेन्छेन ठाङ्गु रिन्पोछे
नेपाली अनुवादक : आचार्य ङोडुप ग्याल्छेन योन्जन

मूल(श्लोक) : आर्य नागार्जुन
मूल(श्लोक) अनुवादक : लोचवा पुण्यप्रसाद पराजुली

सम्पादक : लोचवा पुण्यप्रसाद पराजुली
लोपोन तेन्जीन नोर्बु लामा
लामा कर्म फुर्बु शेर्पा
लामा कोन्छ्योग रिन्छेन
भाषा शुद्धीकरण : महेशप्रसाद कोइराला

सहयोगी दाता : खेन्पो लोड्रो तेङ्गे (ठाङ्गु धर्मकार)
संस्करण : प्रथम, १५०० प्रति
संस्करण मिति : वि.सं.२०८२ साल, सन् २०२५

सर्वाधिकार © प्रकाशक र अनुवादकमा

ISBN: 9789937-1-6619-5

Dharma Kara

THRANGU DHARMAKARA PUBLICATIONS
Namo Buddha Municipality-01, Kavre, Bagmati Province
P.O. Box 1287, Kathmandu, Nepal
Website: www.rinpoche.com www.namobuddha.org

DHARMA EBOOKS PUBLICATIONS
www.dharmaebook.org

जि.प्र.का.नं.
(५०।०५३।५४)

गु.व्य.तथा वि.सं.ल.पु.द.नं.
(१०६।०५३।५४)

श्री नमोबुद्ध बौद्ध धर्म ध्यान तथा शिक्षण केन्द्र

ठाङगु टासी छोयलिङ्ग गुम्बा बौद्ध काठमाडौं
२०५३

༄༅། །མགོན་དུས་གསུམ་གྱི་རྒྱལ་བ་གཅིག་བསྡུས་པ། །
ཕ་ཁྲ་འགྲུ་ཡི་བླ་མ་ཐུགས་རྗེ་ཅན། །
མི་བདག་སོགས་ཁམས་གསུམ་འགྲོ་བ་ལ། །
དུས་རྒྱུན་ཆད་མེད་པར་ཐུགས་རྗེས་གཟིགས། །

དེ་ཡང་དཔལ་མགོན་འཕགས་པ་ཀླུ་སྒྲུབ་ཀྱིས་མཛད་ཅིང་རང་གི་མཛའ་བོ་རྒྱལ་པོ་བདེ་སྤྱོད་བཟང་པོ་ལ་བསྐུར་བའི་བཤེས་པའི་སྤྲིང་ཡིག་འདི་ཉིད་ཀྱི་ཚིག་དོན་རྣམས་རྟོགས་སླ་བའི་དགོས་ཆེད་དུ་དམིགས་ཏེ། རིགས་དང་དཀྱིལ་འཁོར་ཀུན་གྱི་ཁྱབ་བདག་༧ སྐྱབས་རྗེ་ཡོངས་འཛིན་མཁན་ཆེན་རྡོ་རྗེ་འཆང་ཆེན་པོ་མཆོག་ནས་དད་ལྡན་གསར་བུ་པའི་ངོར་ཕལ་སྐད་ཀྱི་ལམ་ནས་གོ་བདེར་བཀྲལ་བའི་བཤེས་པའི་སྤྲིང་ཡིག་ཕལ་སྐད་དུ་བཀྲལ་བ་བློ་དམན་འཇུག་པའི་སྒོ་ཞེས་བྱ་བ་ལེགས་བཤད་རྨད་དུ་བྱུང་བ་གང་། ཉེ་ཆར་རང་དགོན་གྱི་ཨུ་ཙྪ་དངོས་གྲུབ་རྒྱལ་མཚན་མཆོག་ནས་བསྟན་དང་འགྲོ་བའི་དོན་དུ་ཀུན་སློང་དང་ལྷག་བསམ་རྒྱ་ཆེན་པོའི་སྒོ་ནས་གཞུང་འདི་ཉིད་ཐོག་མར་བལ་སྐད་ཐོག་ཕབ་སྒྱུར་གནང་། བར་དུ་ཞུ་སྒྲིག་སོགས་མཛད། མཐར་ཁྲ་འགྲུ་དྷརྨ་ཀ་ར་རྩོམ་སྒྱུར་ཁང་ནས་པར་དུ་བསྒྲུན་གནང་བར་རྗེས་སུ་ཡི་རང་དང་། ཀུན་ཏུ་སྤྱོད་པ་འདི་རྒྱལ་བའི་བསྟན་པ་རིན་པོ་ཆེར་ཞབས་འདེགས་དང་མིག་དཔེར་འགྱུར་ཞིང་། ཁྱད་པར་ཆོས་འདི་འི་ཕྲིན་ལས་མུ་མེད་དུ་ཁྱབ་པའི་སྨོན་འདུན་བཅས།

ཆོས་རྗེ་བླ་མའི་མིང་འཛིན་པ་དབང་ཕྱུག་སྟོབས་ལྡན་ནས།

ཕྱི་ལོ་༢༠༢༩ ཟླ་༩ ཚེས་༢༣ དང་། བོད་ལོ་༢༡༥༧ ཟླ་༣ ཚེས་༡༥ འཕྲོད་སྦྱོར་དང་དུས་བཟང་དགེ་བའི་ཉིན་མོར་ཕུལ་བ་དགེའོ། །

श्रद्धेय छ्योज्ये लामा वाङ्छ्युग रिन्पोछेज्यूको आशीर्वचन

नाथ, जो त्रिकालको जिनहरूको एकरुप।
पिता, कारुणिक गुरु ठाङ्गुले।
मानव, म लगायत त्रिधातुका सर्व प्राणीलाई
समय, अविरल करुणाले हेर्नुहोस्॥

श्रीनाथ आर्य नागार्जुनले रचना गर्नुभई आफ्नो घनिष्ट मित्र शातवाहन वंशी राजा गौतमीपुत्रलाई पठाएको मित्रलाई चिठी अर्थात् 'सुहृल्लेख' भन्ने ग्रन्थको शब्द तथा अर्थहरू बोध गर्न सजिलो होस् भन्ने कुरालाई विशेष ध्यानमा राख्नु भई सर्व कुल र मण्डलको अधिपति शरणनाथ परम गुरु महामहोपाध्याय महावज्रधर खेन्छेन ठाङ्गु रिन्पोछेज्यूले श्रद्धालु नव अनुयायीका निम्ति बोलीचाली भाषामा 'सुहृल्लेख सरल भाषामा व्याख्यित प्रारम्भिक प्रवेशद्वार' नामक उत्तम उपदेश रहेको पुस्तक जुन हालै हाम्रो गुम्बाका आचार्य ङोडुप ग्याल्छेनद्वारा बौद्ध धर्म तथा सम्पूर्ण प्राणी हितको लागि वृहत् अध्याशयका साथ यो ग्रन्थ सर्वप्रथम नेपालीमा अनुवाद गरी दोस्रोमा सम्पादन र अन्तमा ठाङ्गु धर्माकरले प्रकाशनको जिम्मेवारी लिएकोमा हार्दिक अनुमोदन गर्दै यस भद्रचर्याले जिनको रत्न शासन (शिक्षा)मा ठुलो सेवाका साथ एउटा राम्रो नमुना बनोस्। विशेषगरी, यस धार्मिक योगदान असीम रूपमा फैलियोस् भन्ने कामना सहित

छ्योज्ये लामा (धर्मस्वामी गुरु) नामधारी वाङ्छ्युग तोब्देनद्वारा,

सन् २०२४ एप्रिल महिनाको २३ तारिख तदनुसार भोट पात्रो: २१५१ तेस्रो महिनाको पूर्णिमाको शुभ दिनमा लेखिएको। मङ्गलम्॥

अनुवादकीय

आर्य नागार्जुन विरचित 'सुहृल्लेख' एउटा अति नै गम्भीर र महत्त्वपूर्ण लघु ग्रन्थ रहेको सर्व विदितै छ। परम पूजनीय खेन्छेन (महामहोपाध्याय) ठाङ्गु रिन्पोछेज्यूले आफ्नो जीवन कालमा देश-विदेशमा धर्मदेशना गर्ने क्रममा आफ्ना केही अनुयायीहरूको अनुरोधमा यही ग्रन्थको टिप्पणी तथा धर्मदेशना गर्नुभएको थियो जसलाई पछि पुस्तकको रूप दिइयो।

गम्भीर विषयहरूलाई पनि सरल रूपमा बुझाउने विशेषता भएकोले रिन्पोछेले यस ग्रन्थमा उल्लेखित- त्रिरत्न शरण गमन, छ अनुस्मृति, दश कुशल कर्मपथ, छ पारमिता, चार ब्रह्मविहार, आठ लौकिकधर्म, चार अप्रमेय, चार स्मृत्युपस्थान, निर्वाण, नैरात्म्य, त्रिशिक्षा, आर्य सत्य, दर्शन मार्ग, भावना मार्ग, सात वोध्यङ्ग, शमथ तथा विपश्यना, प्रतीत्यसमुत्पाद, आर्य अष्टाङ्गिक मार्ग, मार्ग फल, बुद्धत्व प्राप्ति आदि विषयहरूलाई सरल भाषामा बुझाउनु भएको छ।

वास्तवमा म जस्तो अल्प ज्ञानीले यस्तो गम्भीर विषयलाई अनुवाद गर्न सक्ने त कुरै भएन। तर पनि परम्परा गुरु तथा मूल गुरुको करुणामय आशिष्, कल्याणमित्रहरूको सल्लाह-सुझाव तथा प्रोत्साहन र विशेष गरी बौद्ध धर्ममा रुचि र आस्था भएका नेपाली पाठकहरूलाई ध्यानमा राखेर बुद्धको शिक्षालाई थोरै भए पनि टेवा पुगोस् भन्ने अध्याशयले गर्दा यस शास्त्रलाई मूर्तरूप दिन सकेको छु।

साधरणतया भोट भाषामा रहेका बौद्ध ग्रन्थहरू नेपालीमा अति नै कम अनुवादित छन्। यसै सन्दर्भमा परम पूजनीय गुरु खेन्छेन ठाङ्गु रिन्पोछेज्यूको मुखारविन्दबाट, "वास्तवमा, नेपालमा जन्मिएका सम्पूर्ण मानव जातिहरू धेरै सौभाग्यशाली हुन्। किनभने शाक्यमुनि बुद्ध हाम्रै देशमा जन्मनु भएको र त्यसैगरी संसारमा प्रसिद्ध तीनवटै महाचैत्यहरू पनि यहीँ अवस्थित भएको अधिष्ठानले गर्दा यहाँका जनमानसमा सबै धर्म तथा संस्कृति प्रति ठूलो आस्था र विश्वास रहेको छ। त्यसैगरी कर्मफल तथा सत्यार्थमा श्रद्धा भएसँगै भद्रचर्या तथा कुशल आचरणका छन्। विशेष गरी गौतम बुद्धको यस लोकमा

आगमनपछि समस्त जगतमा बौद्ध धर्म फैलिए पश्चात् अहिलेसम्म पनि यहाँ बौद्ध धर्म अभ्यासमा ह्रास नआएको स्थान भए तापनि सद्धर्मको अध्ययन र प्रवर्द्धन भने व्यापक भएको देखिंदैन। त्यसको कारण यहाँ बौद्ध धर्म अध्ययन तथा अभ्यास गर्नेहरूमा एउटा वर्गले संस्कृत भाषामा र अर्को वर्गले भोट भाषामा प्रवर्द्धन तथा संरक्षण गरिरहेका छन् भने यहाँको आफ्नै मौलिक भाषामा अभ्यास तथा अध्ययन गर्न नपाएर हो।" भन्नुभएको थियो। मेरो यो सानो प्रयासले नेपाली भाषीहरूलाई केही लाभ हुनेछ भन्ने आशा गरेको छु।

यस ग्रन्थको नाम भोट भाषामा 'लोमेन् ज्युग्पी गो' हो, जसको शाब्दिक अर्थ 'मन्दमति प्रवेशद्वार' हुन्छ। भोट भाषाको सन्दर्भमा, रचनाकारले आफ्नो अहङ्कार नदेखाउन यस्ता शब्दहरू प्रयोग गर्ने चलन छ। त्यसैले यस ग्रन्थमा 'मन्दमति' प्रयोग भएको छ, जसले यो ग्रन्थ विद्वान्हरूका लागि नभई, म र म जस्ता पाठकहरूका लागि लेखिएको हो भन्ने बुझिन्छ। तर नेपाली परिवेशमा यस्ता शब्दको प्रयोग नदेखिएकोले, मैले यहाँ यस ग्रन्थको नामलाई 'प्रारम्भिक प्रवेशद्वार' भनेर अनुवाद गरेको छु।

त्यसैगरी पाठकहरूलाई सहज होस् भनी सुहृल्लेखको मूल श्लोकलाई (*italic*) र विषयसूचीलाई (**bold**) गरेको छु। त्यसैगरी विषयसूचीमा, 'पहिलोमा दुई' भन्नाले पहिलो भेदमा पनि दुई ओटा उप-भेदहरू छन् भन्ने बुझिन्छ। यस्तो खालको रूपरेखा (विषयसूची) अलि भिन्न र गाह्रो जस्तो देखे पनि यो भोटको पुरानो तरिका हो। यसले विषय वस्तुलाई बुझ्न सहज हुने भएकोले नेपालीमा पनि यही तरिकाले राखेको छु। मूल विषय हेर्न सहज होस् भनी पुस्तकको अन्त्यमा विषय रूपरेखा मात्र छुट्टै राखेको छु।

यस लघु ग्रन्थ अनुवादका क्रममा लोचवा पुण्य प्रसाद पराजुलीज्यूले उहाँले नेपालीमा अनुवाद गर्नुभएको सुहृल्लेखको मूल श्लोक उपलब्ध गर्नुका साथै यो लघु ग्रन्थको सम्पादन पनि गरिदिनुभएकाले उहाँलाई हृदयदेखि हार्दिक आभार प्रकट गर्न चाहन्छु। त्यसै गरी सम्पादनमा सहयोग गरिदिनुहुने लामा कर्म फूर्बुज्यू, लामा कोन्छ्योग् रिन्छेनज्यू र विशेष गरी लोपोन तेन्जीन नोर्बुज्यू र भाषा शुद्धीकरणमा ठुलो सहयोग पुऱ्याउनु हुने लोचावा पुण्यप्रसाद पराजुली र श्यामपाटी स्कुलका प्रिन्सिपल महेशप्रसाद कोइरालाज्यूलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, यस पुस्तक प्रकाशनको लागि आर्थिक सहयोगका साथ धर्मदान गर्नुहुने श्रद्धेय खेन्पो लोड्रो तेन्गेज्यूलाई हृदयदेखि हार्दिक कृतज्ञता व्यक्त गर्दै यस कुशल कर्मको पुण्य सारा प्राणीको हित प्रति समर्पण गर्दछु। विशेष गरी मेरा मूल गुरु परम पूजनीय खेन्छेन ठाङ्गु रिन्पोछेको निर्माणकायको शिघ्र आगमन होस् भनी प्रार्थना गर्दछु।

॥ सर्वमङ्गलम् ॥

ङोडुप ग्याल्छेन योन्जन
(ठाङ्गु टाशी छ्योलिङ् गोन्पा)

विषयसूची

क) सुहृल्लेख सरल भाषामा व्याख्या 01

१. शीर्षकको अर्थ 02

२. ग्रन्थको विषय.. 03

३. मार्गको आधाररूपी श्रद्धाको उल्लेख 08

४. छ अनुस्मृति 08

५. मार्गको स्वरूप 16

६. दान पारमिता 18

७. शील पारमिता 20

८. क्षान्ति पारमिता 27

९. वीर्य पारमिता 32

१०. ध्यान पारमिता 35

११. प्रज्ञा पारमिता 58

१२. दर्शन मार्ग 104

१३. भावना मार्ग 110

सुहृल्लेख सरल भाषामा व्याख्यित
प्रारम्भिक प्रवेशद्वार

त्रिकालका सर्व बुद्धहरूको स्वभाव(रूपी) कुल र सागर मण्डलका विभु अतुलनीय कृपालु श्रीमान् सद्गुरुको विशुद्ध चरणमा आदर भावसहित शिर स्पर्श गर्दै साष्टाङ्ग दण्डवत्का साथ शरणमा जाँदै छु, अधिष्ठित् गर्नुहोस्।

अकनिष्ठ धर्मधातुको प्रासादमा
सबै त्रिकाल बुद्धहरूको स्वभाव रूपी
स्वचित्तलाई धर्मकायका रूपमा प्रत्यक्ष दर्शन गराउने
मूल गुरुको चरणमा साष्टाङ्ग दण्डवत्॥

आकाश समान सर्व प्राणीहरूलाई सर्वज्ञता अनुत्तर सम्यक् सम्बुद्धपदमा पुऱ्याउनु पर्दछ। त्यसको लागि गम्भीर सद्धर्म सुनेर विधि पूर्वक अभ्यास गर्ने सोचले उत्तम समुत्थान बोधिचित्त उत्पाद गरेर सुन्नुहोस्।

आर्य नागार्जुन विरचित सुहृल्लेख ग्रन्थको व्याख्यामा चार भेदहरू छन्। (क) शीर्षकको अर्थ, (ख) अनुवादक वन्दना, (ग) ग्रन्थको विषय र घ) समापन।

(क) पहिलो, शीर्षकको अर्थ—

भारतीय भाषा (संस्कृत)मा सुहृल्लेख,
भोट भाषामा स्येपी टिङ् यिग्।

भारतका चार भाषा मध्ये देववाणी संस्कृतमा यस शास्त्रको नाम सुहृल्लेख भनिएको छ। यसलाई अनुवादकहरूले भोट भाषामा *'स्येपी टिङ् यिग्'* अर्थात् मित्रलाई पत्र भनेर अनुवाद गरेका छन्। 'स्येपा वा जास्ये' भन्नाले मित्र भन्ने बुझिन्छ। वास्तवमा, 'ङ्येन् स्ये' भन्नाले 'ङ्येन्' अर्थात् नजिकको र 'स्ये' अर्थात् मित्र भन्ने बुझिन्छ। त्यसैले एक अर्कासँग मन मिल्ने घनिष्ट मित्रलाई 'स्ये' भनिन्छ। आर्य नागार्जुनको मित्र को हुन् त ? भने दक्षिणी भारतका शातवाहन वंशी राजा गौतमीपुत्र हुन्।

आफ्नो घनिष्ट मित्र राजा गौतमीपुत्रलाई लाभ हुने उपदेश प्रदान गर्ने मनसायले उहाँले राजा गौतमीपुत्रलाई पहिले भेटेको भए तापनि यो उपदेश भने प्रत्यक्ष भेटेर नभई चिठी मार्फत पठाउनु भएको हो। चिठी लेखेर पठाउनुलाई 'टिङ्' भनिन्छ। त्यसैले स्येपी टिङ् यिग्को 'टिङ्' भन्नाले चिठी पठाउनुलाई बुझिन्छ। मित्रलाई पठाएको पत्र भएकोले 'स्येपी टिङ् यिग्' भनिएको हो।

सङ्क्षेपमा, उहाँले शुद्ध अध्याशयमा भित्री मनदेखि आफ्नो मित्रलाई यसो गर्नुपर्छ, त्यसो गर्नुहुन्न, यसरी सोच्नु पर्छ भनेर एउटा चिठी पठाउनु भएको थियो।

(ख) दोस्रो, अनुवादक वन्दना—

नमो मञ्जुश्री कुमारभुताय॥

अनुवादकले यस शास्त्रलाई संस्कृत भाषाबाट भोट भाषामा अनुवाद गर्नु हुँदा अनुवादन कार्य सफल हुनको निम्ति सर्वप्रथम यसरी प्रार्थना गर्नुभएको हो। यसलाई 'अनुवादक वन्दना' भनिन्छ भने 'त्रिपिटक पहिचान वन्दना' पनि भनिन्छ। खास गरी विनय पिटक, सुत्र पिटक र अभिधर्म पिटकका आ-आफ्ना विशेष र पृथक् वन्दनाहरू छन्। त्यस मध्ये यो शास्त्र अभिधर्म पिटक भित्र पर्ने भएकोले *'नमो मञ्जुश्री कुमारभुताय॥'* भनी आर्य मञ्जुश्रीलाई वन्दना गरेको हो।

मञ्जुश्रीको अर्थ के हो ? भने सामान्यतया रेशमको कोमल, मुलायम तथा नरम कपडा जस्तोलाई मञ्जु भनिन्छ। तर अहिले क्लेशहरू जस्तैः राग, द्वेष र मोह (अज्ञानता) आदि दोषहरूका सम्पूर्ण व्यथाहरूबाट मुक्त भएकाले 'मञ्जु' भनिएको हो। 'श्री' भन्नाले सर्व सम्पन्नलाई बुझिन्छ। स्वहित सम्पन्न र परहित सम्पन्न अर्थात् यी दुई प्रकारका हितहरू सम्पन्न गर्न सक्नेलाई 'सर्व सम्पन्न' भनिएको हो। 'कुमार' भन्नाले उदाहरणको लागि मान्छे बूढो हुन्छ, बूढो भएपछि कपाल, दाँत आदि क्षय भएर जान्छ। तर मञ्जुश्रीको काय भने बूढो हुने, पतन हुने जस्ता केही नभई सधैं १६ वर्षे कुमार जस्तो रहिरहन्छ। यस्तो गुणयुक्त मञ्जुश्रीलाई ठूलो आदरसहित तीन द्वार (काय, वाक् र चित्त)बाट वन्दना गर्दछु भनी अनुवादकले लेखेका हुन्।

(ग) तेस्रो, ग्रन्थको विषयमा तीन भेदहरू छन्; क) ग्रन्थको सुरुवात, ख) ग्रन्थको मूल विषय र ग) ग्रन्थको पृष्ठ। पहिलोमा पनि दुई; १. ग्रन्थ रचना प्रतिज्ञाको रूपमा सुन्न आग्रह र २. अहङ्कार त्यागेको आधारमा सुन्न योग्य भएको।

पहिलो, ग्रन्थ रचना प्रतिज्ञाको रूपमा सुन्न आग्रह—

हे, स्वभावले नै कुशल गुण भएका राजन् !
मैले सुगतका वचनमा बताइए अनुसारको
पुण्यको अभिलाषाले गर्दा आर्य गीति छन्दमा रचना गरेका
केही श्लोकहरू सुनेमा राम्रो होला ॥१ ॥

यहाँ *"स्वभावले नै कुशल गुण भएका राजन् !"* भनी आचार्य नागार्जुनको मित्र राजा गौतमीपुत्रलाई भनेको बुझिन्छ। राजा गौतमीपुत्र स्वभावले नै सद्‌गुण सुसम्पन्न भएकाले परप्राणीहरू प्रति मैत्री-करुणा भएको, कुशल विचार र भावना भएको, सद्‌धर्ममा अखण्ड श्रद्धा र आदर भएको हुनुहुन्छ। त्यसैले स्वभावले नै सद्‌गुण भनेको हो। राजा गौतमीपुत्रलाई सद्‌धर्म बताएमा लाभ हुने र बताउनु मिल्ने सुयोग्य पात्र हो भनिएको छ। यस्तो पात्र राजा तपाईंलाई म आचार्य नागार्जुनले एउटा सद्‌धर्म बताउँछु। सद्‌धर्म कसरी बताउँछु ? भने सुगत भगवान् सम्बुद्धले अनुयायीहरूलाई विघ्न बाधा अर्थात् अकुशल कर्म परित्याग गरी अनुकूल कुशल कर्मको अभ्यास गर्नुपर्ने कारण, यसो गरे मोक्ष प्राप्त हुन्छ, त्यसो गरे दुर्गति (पशु, प्रेत र नरक) प्राप्त हुन्छ, भन्नुभएको छ। ती अनगिन्ती सुत्रहरूमा रहेका उपदेशहरूबाट प्राप्त भएको सद्‌धर्म म आचार्य नागार्जुनले बताउँछु, भन्नुभएको हो।

आचार्यले किन त्यसो भन्नुभएको त ? भने राजा गौतमीपुत्रले विशुद्ध पुण्य आर्जन गर्न सक्नुहुन्छ भन्ने आशा सहित, "म आचार्य नागार्जुनले धर्मदेशना गर्दै छु" भन्नुभएको हो। के बताउँदै छु ? भने आर्य गीति छन्दमा रहेका यी उपदेशहरू राग, द्वेष र मोह उत्पन्न गर्ने तथा व्यर्थको

गफ नभई विशेष आर्य अर्थयुक्त बताउँछु। त्यो पनि धेरै नभई राम्ररी मिलाएर थोरै बताउँछु। मेरो आफ्नो कुशल सोच र आशय भएकोले तपाईंले राम्ररी सुन्नुपर्छ" भन्नुभएको हो।

'सुन्न योग्य' भन्नाले साधारणतया कानले राम्ररी सुन्नुपर्छ भनेको जस्तो बुझिन्छ। तर यहाँ त्यसो नभई धर्म साधना गरे राम्रो हुने, अकुशल कार्य त्यागे राम्रो हुने, यस्तो सोच तथा आशय राखे लाभ हुन्छ, भन्नुभएको हो। मैले भने अनुसार अर्थात् आचार्य नागार्जुनले विशुद्ध अध्याशयका साथ यस्तो भन्नुभएको छ। यो मनमा राख्नु पर्छ। त्यसै गरी मैले पनि विशुद्ध अध्याशयका साथ काम गर्नुपर्छ। उहाँले अकुशल कर्म, पाप त्याग्नुपर्छ भन्नुभएनुसार मैले पनि त्यसरी नै परित्याग गर्नुपर्छ भन्ने सोचका साथ तपाईंले मेरो कुरा सुन्नुपर्छ भन्ने अर्थ हो।

दोस्रो, अहङ्कार त्यागेको आधारमा सुन्न योग्यमा दुई; १. शब्द मार्फत अहङ्कार घटाउने र २. अर्थ मार्फत अहङ्कार घटाउने।

पहिलो, शब्दमार्फत अहङ्कार घटाउने—

यहाँ *'अहङ्कार त्याग्नु'* भन्नुको अर्थ के हो भने यदि मेरा शब्दहरू विशाल, राम्रा, सुमधुर छन् भनेमा ठूलो अहङ्कार भएको जस्तो देखिन्छ जुन उचित होइन। त्यसैले शास्त्र रचना गर्दा भद्र भई विनम्रताका साथ मेरो रचना सुन्दर नभए तापनि तपाईंले सुने लाभ हुन्छ, भन्नुभएको हो।

सुगतको प्रतिमा काठैले बनेको भए पनि
विद्वान्हरूले पूजा गरेजस्तै
मेरा यी कविताहरू सुन्दर नभए पनि
धर्मको व्याख्यामा आधारित भएकाले तुच्छ नसम्झ॥२॥

उदाहरणको लागि, सुगत भगवान् सम्बुद्धका काय अर्थात् बुद्धको प्रतिमाहरू निम्न दर्जाको वस्तु काठबाटै बनेको भए तापनि त्यसप्रति आदर उत्पन्न गर्नुपर्छ। काठ आफैं बहुमूल्य नभए पनि बुद्धको कायको प्रतीक अनमोल भएकोले त्यसलाई पूजा, प्रार्थना र आदर गर्नुपर्छ।

कसरी हो त ? भने काठबाट निर्मित केही प्रतिमा अति शानदार र उत्कृष्ट रङ्ग लगाएको वा केही प्रतिमा अति निम्न रङ्ग लगाएको, कम गुणस्तर भएको, हात, पाउ, अनुहार आदि फुटेको वा नमिलेको भए तापनि विद्वानहरूले त्यसलाई उच्च स्थानमा राखी आस्था र आदरका साथ पूजा गर्ने गर्छन्। त्यसमा श्रद्धाभाव र आदर उत्पन्न हुनुको कारण के हो ? भने उक्त प्रतिमा काठले बनाएको निम्न वस्तु नसोचेर बुद्धको प्रतिमा हो भन्ने भावनाका साथ त्यसप्रति श्रद्धाभाव र आदर जगाउनु पर्छ।

यो उदाहरण झैं, *"यी कविताहरू सुन्दर नभए पनि"* भनेर आचार्य नागार्जुनले रचना गर्नु भएको एउटा सानो काव्य शास्त्र गौतमीपुत्रलाई पठाउनु भएको हो जुन कविताको शब्दहरू अति मिठो, वृहत् र गम्भीर अर्थ भएको नभए पनि यसलाई तपाईंले नराम्रो सोच्नु हुन्न। किनभने रचनाकार म निम्न र मैले रचेका शब्दहरू तथा साहित्य सुन्दर नभए पनि, यस भित्रका अर्थहरू, प्रथम श्लोकमा *"आर्य गीति छन्दका केही रचना"* भन्नुभएनुसार तथागत सम्यक् सम्बुद्धको वचनबाट प्राप्त भएको सद्धर्म देखाएको छ। त्यसैले मैले रचना गरेको यस शास्त्र *"नराम्रो र अर्थहीन रहेछ, यो सुन्नु हुन्न"* भन्ने नसोच्नु। त्यसैगरी यसलाई नीच देखाएर हेला नगरीकन राम्ररी सुन्नु। यस भित्र धर्मदेशना भएकोले अभ्यास गरे लाभ हुन्छ भन्ने सोच राख्नुपर्छ भन्नुभएको हो।

दोस्रो, अर्थ मार्फत अहङ्कार घटाउने—

महामुनिका धेरै वचनहरू
तपाईंले बुझेको भए पनि
चून लगाएको घरलाई
शरद चन्द्रले अझ टल्काउँदैन र ? ॥३ ॥

साधारणतया, महामुनि बुद्धका वचनहरू अति मिठा, वृहत् र धेरै छन्। तपाईं पनि बौद्ध धर्मको अनुयायी भएकोले त्यहाँ बताइएका वचनहरू तपाईंले मनदेखि बुझ्नुभएकै छ। तपाईंले विभिन्न पुस्तकहरू तथा बुद्धका सुत्रहरू पढ्नुभएको र सुन्नुभएको अनुभव रहेकाले मैले फेरि भनी राख्दा एक हिसाबले अर्थहीन जस्तो देखिन्छ तर एक हिसाबले हेर्दा अर्थहीन होइन। किनभने उदाहरणको लागि सेतो रङ्ग या चून लगाएको एउटा चैत्य सेतै देखे पनि शरद ऋतुमा चन्द्रमाको प्रकाश पर्दा उक्त प्रकाशले त्यो भन्दा पनि अझ बढी टल्काउँदैन र ? अवश्य पहिले भन्दा अझ बढी टल्काउँछ। त्यसैगरी राजालाई बुद्धका वचनहरू अवबोध भए तापनि आर्य नागार्जुनले पठाएको सुहृल्लेखले ती वचनहरूको अर्थ झनै स्पष्ट पार्छ भन्नुभएको हो।

छ अनुस्मृति

ख) दोस्रो, ग्रन्थको मूल विषयमा दुई; १. अभ्युदय र निःश्रेयस (लौकिक सुख र निर्वाण) रूपी मार्गको आधाररूपी श्रद्धाको उल्लेख, र २. मार्गको स्वरूप। पहिलो, अभ्युदय र निःश्रेयसरूपी मार्गको आधाररूपी श्रद्धाको उल्लेखमा दुई; १. श्रद्धाको आधाररूपी बुद्ध आदि छ अनुस्मृतिलाई सङ्क्षेपमा उल्लेख र २. पछिका तीन (देव, त्याग र शील) अनुस्मृतिलाई विस्तारमा व्याख्या।

पहिलो, श्रद्धाको आधाररूपी बुद्ध आदि छ अनुस्मृतिलाई सङ्क्षेपमा उल्लेख—

जिनले बुद्ध, धर्म, संघ,
त्याग, शील र देवका छ अनुस्मृतिहरू
राम्रोसँग बताउनु भएको छ।
ती प्रत्येकको गुणहरू स्मृति गर॥४॥

यहाँ *"जिन"* भन्नाले बुद्धलाई बुझिन्छ। माथि 'सुगत' भन्नाले पनि बुद्धलाई बुझिन्छ। 'मुनि' भन्नाले पनि बुद्धलाई बुझिन्छ। फरक फरक नामले फरक फरक अर्थ बुझाउँछ। जस्तैः प्राणीहरू दुःखबाट दुःखमा प्रस्थान गर्छन्। तर सुगत बुद्ध भने सद्धर्मको अभ्यास गरेर दुःखबाट सुःखमा प्रस्थान गर्नुभयो। त्यसैले उहाँलाई सुगत भनिएको हो।

मुनि भन्नाले जस्तैः हामीले क्लेश शत्रुलाई दमन गर्न सक्दैनौँ। तर उहाँले क्लेश शत्रुसँग लडेर क्लेशहरूलाई दमन गर्न सक्नुभयो। क्लेशहरू दमन गर्नेहरूमा पनि उहाँ सर्वश्रेष्ठ भएको हुनाले महामुनि भनिएको हो। अहिले यहाँ जिन भन्नाले पनि साधारणतया अर्थ एउटै हो। क्लेशसँग लडेर विजय भएको हुनाले जिन भनिएको हो।

जिन सम्बुद्ध तथागतले सद्धर्मदेशना गर्ने क्रममा छ अनुस्मृतिहरूको बारेमा भन्नुभएको छ। ती छ अनुस्मृतिहरू के के हुन् ? भने १. बुद्धानुस्मृति, २. धर्मानुस्मृति र ३. संघानुस्मृति। यी तीन त्रिरत्नका अनुस्मृतिहरू हुन्। त्यसैगरी ४. त्यागानुस्मृति, ५. शीलानुस्मृति र ६. देवानुस्मृति गरी छ अनुस्मृतिहरू छन्। सबै जनाले धर्मको अभ्यास गर्ने बेला सर्वप्रथम श्रद्धा जगाउनको लागि यी अनुस्मृतिहरू सम्झिनुपर्छ भन्नुभई बुद्धले उपदेश प्रदान गर्नुभएको थियो। कसरी स्मृति गर्नुपर्छ ? भने ती छ अनुस्मृतिहरू हरेकको आ-आफ्नो गुणहरू सम्झिनुपर्छ।

बुद्धानुस्मृति— तथागत बुद्ध उहाँ सम्पूर्ण क्लेशहरूबाट मुक्तभई बुद्धत्व प्राप्त हुनुको साथै महाकरुणाले सर्व प्राणी हितको लागि धर्मचक्र प्रवर्तन गरेर सर्वसत्त्वलाई मार्ग देखाउनु हुने उहाँ नै हो भन्ने चिन्तन गरी बुद्धको गुणको स्मृति गर्नुपर्छ।

धर्मानुस्मृति— आफूले धर्म अभ्यास गर्दा हेतुकर्म र क्लेशहरूबाट क्रमशः मुक्त भई अन्त्यमा फल प्राप्त गर्न अवरोध गर्ने क्लेश र सांसारिक दुःखहरू सबै मुक्त भएर जान्छन्। कर्म र क्लेशहरू सबै सद्धर्मको अभ्यास गरेर त्याग्न सकिन्छ। सद्धर्मको अभ्यास नगरीकन ती त्याग्न सकिन्न। त्यसैले सद्धर्म कस्तो हो ? भने पूजा या भोजन पूर्व गर्ने प्रार्थनामा भने झैं, *'अनुत्तर शास्ता बुद्ध रत्न हुन्॥ अनुत्तर शरणदाता*

सद्धर्म रत्न हुन् ॥' यानी तथागत बुद्धले यो धर्म दर्शाउनु भएको छ। यस धर्मको अभ्यास गरे दुःखबाट उद्धार हुन्छ। त्यसैले साक्षात् उद्धार गर्ने उत्तम शरण-स्थल भनेको धर्म नै हो। हामीहरू दुःखबाट मुक्त हुनुपर्ने र दुःखबाट उद्धार हुन चाहेमा धर्मको अभ्यास गर्नुपर्छ। धर्मको अभ्यास गरे संसारको दुःखबाट उद्धार हुन सक्छ भन्ने चिन्तन गरी धर्मको गुणको स्मृति गर्नुपर्छ।

संघानुस्मृति— '*अनुत्तर सहायक संघ रत्न हुन् ॥*' भने झैं जो कसैले बुद्ध र धर्मको स्मृति गरे तापनि यदि राम्रो अभ्यास नभएमा झन् धेरै क्लेश उत्पन्न भई कुकर्महरू धेरै गर्न थाल्ने र सांसारिक दुःखले अधिक रूपमा सताइ रहने हुन्छ। अब के गर्नुपर्छ ? भने संघको गुणको स्मृति गर्नुपर्छ। किनभने संघको सहायताले दुष्चर्याबाट उद्धार गरी कुशल चर्याको बाटो देखाउँछन्। नराम्रो सोचबाट उद्धार गरी राम्रो सोचको बाटो देखाउँछन्। सद्धर्मको स्मृति नगर्नेहरूलाई सद्धर्मको स्मृति गर्न लगाई संघले उद्धार गर्छ। त्यसैले उद्धार गर्ने अनुत्तर सहायक संघ रत्न नै हो भन्ने बुझेर संघको गुणको स्मृति गर्नुपर्छ।

स्मृतिलाई विस्तारमा उल्लेख गर्दा त्याग (दान) स्मृति, शील स्मृति र देव स्मृति गरी तीन छन्।

त्यागानुस्मृति भन्नाले दान गर्नुलाई बुझिन्छ। हामीले जतिसक्दो उच्च क्षेत्र त्रिरत्नलाई चढाउनु पर्छ भने तल निम्न क्षेत्र भिखारीलाई दान गरी पुण्य सम्भार सम्पन्न गर्नुपर्छ। पुण्य सम्भार गर्न सकेमा सद्धर्मको कुशल साधना गर्न सकिन्छ र सद्धर्मको कुशल साधना गर्न सकेमा संसार र दुर्गतिको दुःखबाट मुक्त हुन्छ भन्ने सोचले दान गर्नु नै त्याग स्मृति हो।

शीलानुस्मृति— यदि कुशल दान गरी शील पालना नगरे उत्तम

शरीरको सही उपयोग गर्न सकिँदैन। त्यसैले श्रामणेर शील, भिक्षु शील, उपासक शील आदि राम्ररी पालन गर्न सकेमा त्यसले गर्दा अभ्युदय र शान्त निर्वाण फल प्राप्त हुने भएकोले शीलको गुणको स्मृति गर्नुपर्छ।

देवानुस्मृति— देव स्मृति भन्नाले साक्षीलाई बुझिन्छ। त्यसैगरी तथागत बुद्धको शासन (शिक्षा) को रक्षा गर्छु भनी वचन दिनुभएका इन्द्र र ब्रह्मदेव आदिले आफ्नो अभिज्ञानले हेरी रहनुभएको छ र उहाँहरूलाई अवगत हुन्छ। यदि कुशल रूपले सद्धर्मको अभ्यास गरेमा हामीलाई साथ दिने छन्। सद्धर्म विपरीत कार्य गरेमा उनीहरू टाढा हुनेछन् भन्ने सोच सहित देवको स्मृति गर्नुपर्छ। यसरी छ अनुस्मृतिहरूको गुण सम्भारको सम्झना गर्नुपर्छ भन्नुभएको हो।

दोस्रो, पछिका तीन अनुस्मृतिलाई विस्तारमा व्याख्या गर्दा तीन; १. देव अनुस्मृति, २. त्याग अनुस्मृति र ३. शील अनुस्मृति।

पहिलो, देव अनुस्मृति—

दश कुशल कर्मपथहरूको काय,
वाक् र चित्तबाट सधैं अभ्यास गर्नुपर्छ।
जाँडरक्सी त्यागेर
कुशल आजीविकामा प्रसन्न बन ॥५॥

सद्धर्म अभ्यास गर्दा तपाईंको आचरण कस्तो हुनुपर्छ भने दश कुशल कर्मको राम्ररी पालन गरेको हुनुपर्छ। दश कुशल कर्मपथ भन्नाले प्राणी हत्या नगर्नु, चोरी नगर्नु, यौन दुराचार नगर्नु, झुटो नबोल्नु आदिलाई बुझिन्छ। यी कर्मले गर्दा भविष्यमा मोक्ष र देव लोकमा प्रस्थान हुन्छ। यदि

हामीले अकुशल कर्म (पाप) गरे भविष्यमा दुर्गतिमा प्रस्थान हुन्छ। त्यसैले कुशल कर्मपथ भन्नुभएको हो।

दश कुशल कर्मपथ मध्ये प्राणी हत्या त्याग्नु, अदत्तादान त्याग्नु र काममिथ्याचार त्याग्नु यी तीन काम कायले गर्नु पर्छ। त्यसैगरी मृषावाद (झूट बोल्ने), पिशुन (फुटाहा) वचन, परुष (कठोर) वचन र संभिन्नप्रलाप (बकवास) त्याग्नु गरी चार कार्य वाकले गर्नुपर्छ। झूटो, फटाहा, कठोर वचन, व्यर्थका कुरा गर्दै छ कि भनेर सधैं परीक्षण गर्नुपर्छ।

चित्तले अभिध्या (लोभ), व्यापाद (बदलाको भावना) र मिथ्या दृष्टि गरी तीन भावना त्याग्नु पर्छ। अभिध्या भनेको एक जना मान्छेसँग धन सम्पत्ति ऐश्वर्य सम्पन्न छ भने ती मलाई पाए हुन्थ्यो भन्ने खालको रागलाई भनिन्छ। व्यापाद भन्नाले त्यो मान्छेलाई नराम्रो होस् भन्ने सोच्नुलाई भनिन्छ। मिथ्यादृष्टि भनेको सद्धर्म सम्यक् होइन भन्ने विचारलाई भनिन्छ। चित्तले सधैं ती तीन भावनालाई त्याग्नु पर्छ भनेको हो।

यसरी दश कुशल कर्मपथहरू मध्ये कायले गर्नुपर्ने कर्महरू कायले गर्ने, वाक्ले गर्नुपर्ने कर्महरू वाक्ले गर्ने, चित्तले गर्नुपर्ने कर्महरू चित्तले गर्नुपर्छ। त्यो पनि कहिलेकाहीँ मात्र नभई सधैं सचेत रही कुशल कर्म गर्नुपर्छ। हरपल राम्ररी अभ्यास गर्नुपर्छ।

त्यसैगरी जाँड रक्सी त्याग्नु पर्छ। जाँड रक्सी सेवन गरे मातिन्छ। मातेपछि आफ्नो मन वशमा नरही कुशल कर्म विपरीत कर्म गर्ने, अकुशल कर्म नत्यागी सोही कार्यमा संलग्न हुने हुन्छ। त्यसैले जाँड रक्सी आदि त्याग्नु पर्छ।

त्यसैगरी *"कुशल आजीविकामा प्रसन्न बन॥"* भन्नाले तपाईंको जीविकोपार्जनमा खाने, लगाउने, धन सम्पत्ति आदि धर्म विपरीत नभई

कुशल कर्मबाट नै आर्जन गर्नुपर्छ। त्यस बाहेक अकुशल कर्म जस्तैः चोरी गरेर, सिकारीले जस्तै प्राणी हत्या गरेर कमाउनु हुन्न। त्यसैले कुशल कर्म र धर्मअनुरुप उपभोग गरी सदा प्रसन्न बन्नु भन्नुभएको हो। त्यसैले दश कुशल कर्मको फल देवलोकमा जन्मिने आदि उत्तम फल प्राप्त हुन्छ भन्ने विचार गरी अनुस्मृति गर्नुपर्छ।

दोस्रो, त्याग अनुस्मृति—

धन सम्पत्तिलाई अस्थिर र निस्सार हो भन्ने जानेर
भिक्षु, ब्राह्मण, गरिब, गुरु र साथी भाइलाई
नियमपूर्वक दान गर्नुपर्छ।
दानभन्दा उत्तम मित्र अर्को छैन ॥६ ॥

धन सम्पत्तिहरू विक्षेप अर्थात् अस्थिर हुन् भन्नाले ती कहिले साथमा हुने र कहिले नहुने भन्ने बुझिन्छ। त्यसैले ती अनित्य हुन् र अहिले भएको बेलामा दान गर्न सके राम्रो हुन्छ। एक समयमा ती सबैको अन्त्य हुन्छ। त्यति मात्र नभई धन सम्पत्ति जति धेरै भए पनि त्यसको ठूलो लाभ र अस्तित्व भने त्यति हुँदैन। त्यसैले धन सम्पत्तिमा दुई दोषहरू हुन्छन्। ती अनित्य र निस्सार भएकोले त्यति फाईदाजनक हुँदैन भन्ने बुझ्नुपर्छ। सर्वप्रथम तपाईंले आफ्नो धन दौलतहरूको अस्तित्व नभएको र अनित्य भएको कुरा बुझ्नु भई दान गर्नुपर्छ।

कसलाई दान गर्नुपर्छ ? भने गुणको क्षेत्ररूपी भिक्षुलाई र जातको हिसाबले त्यस बेला भारतमा उत्तम मानिने ब्राह्मणलाई दान गर्नुपर्छ। दुःख क्षेत्ररूपी निर्धन अर्थात् अति गरिब, खाना लगाउन केही नभएकालाई

दान गर्नुपर्छ। त्यसैगरी उपकार क्षेत्ररूपी बुबा आमा आदि आफन्त तथा मित्रजनलाई दान गर्नुपर्छ। यहाँ बताइएका दान योग्य चार स्थानमा दान गर्नुपर्छ भन्नुभई दान गर्ने स्थान पहिचान गर्नुभएको हो।

दान गर्ने विधि- दान कसरी गर्नुपर्छ ? भने दान राम्ररी विधिपूर्वक गर्नुपर्छ। कठोर व्यवहार, ठग्ने र अरूलाई हानि पुऱ्याउनको लागि गरेमा त्यस्तो दान उचित हुँदैन। उत्तम दान कसरी गर्नुपर्छ ? भने परहित होस् अर्थात् मैले गरेको दान राम्रो प्रयोगमा आएर अरुको लाभ होस् भनी विधिपूर्वक दान गर्नुपर्छ भन्नुभएको हो। यसरी दान गर्ने विधि दर्शाउनु भएको छ।

दान गर्नुको उद्देश्य- *"दानभन्दा उत्तम मित्र अर्को छैन॥"* भनी यदि दान गरेको छ भने पुनर्जन्ममा त्यसले गर्दा आफू दुःखबाट उद्धार हुन्छ, भन्नुभएको हो। त्यसैले दान नै सुख प्राप्तिको लागि उत्तम साराथी वा इष्टमित्र हो। यदि दान नगरी आफ्नो धन सम्पत्तिहरू कन्जुस गरेर राखी रहे केही फाइदा हुँदैन। त्यसैले केवल दानबाट नै सर्वोत्तम लाभ प्राप्त हुन्छ र दानभन्दा उत्तम मित्र अरु छैन। हामीले दान गर्नुको मुख्य उदेश्य भनेको 'पुनर्जन्ममा लाभ दिलाउने एउटा मूल उपाय हो' भन्ने सोचेर दान गर्नुपर्छ भन्नुभएको छ। यसरी त्याग अनुस्मृति दर्शाउनु भएको हो।

सङ्क्षेपमा, *"धन सम्पत्तिलाई अस्थिर र निस्सार भएको जान्नु"* भनी सदाशय दर्शाउनुभई, *"भिक्षु, ब्राह्मण, गरिब, गुरुवा र साथी भाइलाई"* भनी दान गर्ने क्षेत्र दर्शाउनु भएको छ। त्यसैगरी *"नियमपूर्वक दान गर्नुपर्छ"* भनी दान गर्ने विधि र *"दानभन्दा उत्तम मित्र अर्को छैन"* भनी दानको लाभ तथा उद्देश्य बताउनु भई त्याग अनुस्मृति दर्शाउनु भएको हो।

तेस्रो, शील अनुस्मृति—

निर्दोष, सुसम्पन्न, अमिश्रित र निष्कलङ्क
शीलको तपाईंले पालन गर्नु पर्छ।
चराचर जगत्‌को आधार पृथ्वी भए जस्तै
सम्पूर्ण गुणहरूको आधार शील हो॥७॥

यस श्लोकले शील अनुस्मृति दर्शाउँछ। *"तपाईंले राम्ररी शील पालना गर्नुपर्छ"* भनी शील पालना गर्नुको चार गुण बताउनु भएको छ।

पहिलो, संवर ग्रहण गर्नुपर्छ। संवर ग्रहण गरिसके पछि संवर अर्थात् शील भङ्ग हुन दिनुहुन्न। **दोस्रो,** शीललाई राम्ररी पालन गरी अटल, विशाल, विशुद्ध भावना, दोषमुक्त हुनुपर्छ। शील गुणस्तरहीन, कमसल र निम्न हुनुहुन्न। **तेस्रो,** सांसारिक काम वा मार्गसँग मिश्रण गर्नुहुन्न। उदाहरणको लागि आफूले शील पालना गरे अरूले प्रशंसा गर्छन्, अरूले सम्मान गर्छन् भन्ने जस्ता खराब भावनासँग अमिश्रित हुनुपर्छ। **चौथो,** निष्कलङ्क अर्थात् अरूलाई धोका वा छलकपट गर्ने आशय र दुःशीलको हेतु (बीउ) क्लेश युक्त दुराशय आदि दोषरहित बनाउनु पर्छ। त्यसैले विशुद्ध शील पालना गर्न शील भङ्ग नभएको, निम्न नभएको, मिश्रण नभएको र कलंक नभएको गरी चार गुणहरूको अभ्यास गर्नुपर्छ। यसरी नै शील विशुद्ध रूपले पालना गर्नुपर्छ भन्नुभई शील पालना विधि दर्शाउनु भएको हो।

त्यसपछिको दुई पङ्क्तिले शील पालना गर्ने कारण दर्शाउछ। शील पालना किन गर्नुपर्छ भने सर्वगुणको आधार शील हो। समाधि, मैत्री-करुणा, श्रद्धा-आदर, सद्धर्म निष्ठा, अभिज्ञा ऋद्धि, शमथ तथा विपश्यना

आदि सबैको आधार भनेको नै शील भएकोले विशुद्ध रूपले शील पालना गर्नुपर्छ।

मूल श्लोकमा *"चराचर जगतको आधार पृथ्वी भए जस्तै॥"* भनी पृथ्वी चल मानव, जीव जनावर आदि प्राणीहरू सबैको आधार हो। यदि आधार पृथ्वी नभएमा प्राणीहरू हिड्न सक्दैनन्। अचल रूख, पर्वत आदिको पनि आधार पृथ्वी नै हो। यदि पृथ्वी नभए ती सबै रहने आधार हुँदैन। त्यसैले चल र अचल सबैको आधार यस भूमि भए झैं सर्व गुणको आधार शील हो। शील राम्रो भएमा मात्र सारा गुणहरू राम्रा हुन्छन्। यसरी सारा गुणको आधार शील हो भन्नुभएकोले शीलको विशुद्ध पालन गर्नुपर्छ।

सङ्क्षेपमा, ती पङ्क्तिहरूले श्रद्धा प्रयोग विधि दर्शाउँछन्। श्रद्धा कसरी प्रयोग गर्नुपर्छ ? भने छ अनुस्मृतिद्वारा श्रद्धाको प्रयोग गर्नुपर्छ। एउटा पङ्क्तिले छ अनुस्मृति सङ्क्षिप्तमा उल्लेख गर्नुभएको छ। त्यसपछि एउटा पङ्क्तिले देव अनुस्मृति दर्शाईएको छ। त्यसपछि एउटा पङ्क्तिले त्याग अनुस्मृति दर्शाईएको छ। त्यसपछि एउटा पङ्क्तिले शील अनुस्मृति दर्शाएर श्रद्धाको प्रयोग विधि बताएको छ।

दोस्रो, मार्गको स्वरूपमा तीन; १. सङ्क्षिप्तमा उल्लेख, २. विस्तृतमा व्याख्या र ३. तिनीहरुको अभ्यास गर्न उत्साह जगाउने।

पहिलो, सङ्क्षिप्तमा उल्लेख—

दान, शील, क्षान्ति, वीर्य, ध्यान र
प्रज्ञा अप्रमेय पारमिता हुन्।

यिनीहरूलाई विकास गरी
भवसागरबाट पार भएका जिनेन्द्र बन ॥८॥

त्यसपछि छ पारमिताद्वारा मूल मार्ग देखाउनु भएको छ। यहाँ अगाडि छ पारमिता सङ्क्षिप्तमा देखाउनु भई त्यस पछि क्रमशः विस्तृतमा देखाउनु भएको छ। छ पारमिता के-के हुन् ? भने १. दान पारमिता, २. शील पारमिता, ३. क्षान्ति पारमिता, ४. वीर्य पारमिता, ५. ध्यान पारमिता र ६. प्रज्ञा पारमिता हुन्। सर्वप्रथम यसरी नामद्वारा सङ्क्षिप्तमा दर्शाउनुभएको छ।

ती छ पारमिताको फल अति वृहत् र अचिन्तनीय हुन्छ। त्यसैले पारमिता भनेका हुन्। यी छ पारमिताहरूलाई विस्तारमा विकास गर्नु भनी आचार्य नागार्जुनले राजा गौतमीपुत्रलाई भन्नुभएको हो। सम्यक् दान, विशुद्ध शील पालन, क्षान्तिको अभ्यास, वीर्यको अभ्यास, सम्यक् ध्यान र विशुद्ध प्रज्ञाको विकास गरेर ती सबै विस्तृतमा अभ्यास गर्नुपर्छ भनी उपदेश दिनुभएको हो।

यिनीहरूको अभ्यास विस्तृतमा गर्नाले के फाइदा छ ? भने *"त्रिधातु भवचक्र सागर"* अर्थात् यो संसार विशाल सागर जस्तो हो। यो विशाल सागर पार गर्ने एउटा फल प्राप्त गर्नुपर्छ। त्यसैले छ पारमिताको अभ्यासमा मिहिनेत गर्नुपर्छ। संसारबाट पार भएपछि के प्राप्त हुन्छ भने बुद्धत्व प्राप्त हुन्छ। त्यसैले छ पारमिताको अभ्यास लगनशीलताका साथ गर्नुपर्छ भन्नुभई पारमिताहरू क्रमशः देखाउनु भएको छ।

दान पारमिता

दोस्रो, विस्तृतमा व्याख्या गर्दा छ भेदहरू छन्। १. दान, २. शील, ३. क्षान्ति, ४. वीर्य, ५. ध्यान र ६. प्रज्ञा विस्तृतमा उल्लेख।

पहिलो, दान पारमिता विस्तृतमा उल्लेख—

जुन कुलमा आमा र बुबाको पूजा हुन्छ,
त्यो कुल ब्रह्मा र आचार्यहरू आदिले युक्त हुन्छ।
उहाँहरूको पूजाबाट लोकमा ख्याति प्राप्त हुन्छ र
मरेपछि स्वर्ग प्राप्त हुन्छ ॥१॥

छ पारमिता मध्ये सर्वप्रथम दान पारमिता बारेमा दर्शाइएको छ। कसलाई अर्पण गर्नु पर्छ ? भने आमा बुबालाई अर्पण गर्नु पर्छ। त्यति मात्र नभई माथि उल्लेख गरे झैं भिक्षु, ब्राह्मण, गरिब र ईष्टमित्रहरूलाई चढाउने (अर्पण) गर्नु पर्छ। दान गरेमा त्यसबाट ठूलो लाभ प्राप्त हुन्छ। यस्ता चढाउने व्यक्ति ब्रह्मा अर्थात् अति कुशल व्यक्तित्व, आचार्यहरू आदिले युक्त हुन्छन्। तिनीहरू गुरु युक्त भई गलत मार्गमा नलागी कुशल मार्गमा लाग्ने हुन्छन्। त्यसैले त्यस्ता व्यक्तित्वहरूलाई दान गर्नुपर्छ।

दान गरे के फाइदा हुन्छ ? भने त्यस्ता व्यक्तित्वहरूलाई दान गर्नाले यो जुनीमा ख्याति प्राप्त हुन्छ। ‘त्यो मान्छे अति राम्रो, सत्य, करुणामय,

इमानदार, महा अध्याशय, कुशल सोच भएको, कृतज्ञकारी र अति कुशल रहेछ' भनी चर्चित हुन पुग्छ। मरेपछि पनि उच्च स्थान अर्थात् सुगतिमा पुनर्जन्म हुन्छ। दान गरेकोले पछिको जन्ममा सुगति देवको शरीर वा मानवको चोला लिई भद्र तथा उत्तम जन्म हुन्छ। त्यसैले दान गर्नुपर्छ भनी छ पारमिता मध्ये दान पारमिता बताउनुभएको हो।

शील पारमिता

दोस्रो, शील पारमितामा चार; १. पालन गर्नुपर्ने शील, २. शीलसँग प्रतिकूल हुने कुराहरूको त्याग, ३. अनुकूल पक्ष अप्रमादको अभ्यास र ४. अप्रमादको फाइदा उदाहरणद्वारा दर्शाइएको।

पहिलो, पालन गर्नुपर्ने शील—

प्राणी हिंसा, चोरी, व्यभिचार, झूट बोल्ने,
मदिरा सेवन, विकाल भोजनमा आसक्ति,
अग्लो खाटमा आनन्दपूर्वकको सुताई, गीत,
नाच र मालालाई त्याग्नु पर्छ ॥१० ॥

यस श्लोकले शील पारमिता देखाउँछ। शील पारमितामा पहिलो शीलको अङ्ग, दोस्रो अप्रमादको अङ्ग, तेस्रो व्रतको अङ्ग विस्तारमा देखाउनुभएका मध्ये **पहिलो,** शीलमा चार अङ्गहरू रहेका छन्। १) *"हिंसा"* भनी प्राणी हिंसालाई इङ्गित् गरी अरूलाई हानि पुग्ने काम नगर्नुलाई बुझिन्छ। २) *"चोरी"* भनी साधारणतया अदत्तादान अर्थात् नदिएको लिनुलाई बुझिन्छ। त्यसै गरी चोरले नदिएको लिनु वा चोर्नु र डाँकाले जबरजस्ती लुट्नुलाई बुझिन्छ। त्यस्ता लुट्ने, चोर्ने काम गर्नु हुन्न। ३) *"व्यभिचार"* भनी यौन दुराचार नगर्नुलाई बुझिन्छ भने मुख्य रूपमा काममिथ्याचारलाई बुझिन्छ। अनि गृहस्थीको हिसाबले आफ्नो

पत्नीसँग शारीरिक सम्बन्ध राख्न मिल्ने भए पनि अरूको स्वामित्वमा वा अरुसँग सम्बन्ध रहेको परस्त्रीसँग शारीरिक सम्बन्ध राखेमा काममिथ्याचार हुने भएकोले व्यभिचार गर्नु हुन्न। यी तीन कुरा कायले त्याग्नु पर्ने हुन्छ। ४) *"झूट बोल्ने"* भनी वाकको अकुशल कर्म मध्ये झूटो बोली त्याग्नुलाई बुझिन्छ। यी चारवटा शीलका अङ्गहरू हुन् भनिएका छन्।

दोस्रो, अप्रमादको अङ्ग भन्नाले सतर्कतापूर्वक त्याग्न सके राम्रो गर्न सक्ने र त्याग्न नसके सतर्क रहन नसक्ने हुन्छ भन्ने बुझिन्छ। यहाँ *'मदिरा'* भनी जाँड रक्सी सेवन गरे नशाले मातिएर प्रमाद अर्थात् असावधानी अवस्थामा पुगिन्छ। मदिरा त्यागे आफ्नो होश काबुमा रही सतर्कता अपनाउन सकिने भएकोले मदिरा त्याग्नु अप्रमादको अङ्ग हो।

तेस्रो, व्रतको अङ्ग भन्नाले आफ्नो मनलाई आनन्दपूर्वक सोझो र सभ्य बाटोमा जानलाई व्रतको तीन अङ्गहरू बताउनु भएको छ। १) विकाल भोजनमा आसक्ति (प्रलोभन) त्याग्नु भन्नाले दिउँसो पछि खाना त्याग्नुलाई बुझिन्छ। २) आग्लो खाटको आनन्द त्याग्नु भन्नाले अग्लो ओछ्यानमा रमाउने त्याग्नु हो। ३) गीत, नाच र मालाको विशेषता त्याग्नु यहाँ सँगै देखाइएका छन्। यसरी व्रतको तीन अङ्गहरू दर्शाउनु भएको छ।

त्यसैगरी शीलका चार अङ्गहरू, अप्रमादको एउटा अङ्ग र व्रतका तीन अङ्गहरू गरी जम्मा आठ अङ्गहरू त्यागेर संवर या शीलको पालन गर्नुपर्छ भन्नुभएको हो।

शीलको आठ अङ्गहरूको पालन गर्नुपर्ने कारण र फाइदा के-के छन् ? भने

अर्हत्‌हरूको शील अनुसरण गरेर यी आठ अङ्गहरूले
युक्त भएको उपोषधको पालना गर्नुपर्छ।

यसबाट पुरुष र स्त्री दुवैलाई
मनोरम कामावचर देवकाय प्राप्त हुन्छ ॥११ ॥

पूर्वज आर्य अर्हत्हरूले जसरी शील पालना गर्नुभयो त्यसरी नै पालन गरी अर्हत्हरूको शील अनुसरण गरेर आठ अङ्गहरू पालना गरेका शीलवान् भएमा उपोषध (शोधन) अवस्थामा पुगिन्छ। उपोषध भन्नाले पुण्य कम भएकोलाई उद्धार गरी पुण्यलाई विशाल रूपले विस्तार गर्ने र अभ्यास मार्फत अधर्म र अकुशल कर्मलाई पतन गर्नुलाई बुझिन्छ।

यसरी आठ अङ्गहरू पालन गरेका शीलवान् भए उपोषध भएर जान्छ। यस उपोषधले गर्दा कामावचार लोकको देवको सुन्दर काय प्राप्त हुन्छ। त्यसैगरी नपुंसक आदिमा जन्म हुँदैन र उच्च लोक मध्ये मानवको भद्र शरीर युक्त पुरुष र स्त्रीको शरीर प्राप्त हुन्छ। त्यसैले आफूले पनि शील पालना गर्नुपर्छ भने पुरुष, महिला तथा अरूलाई पनि शील तथा आठ उपवास अङ्गहरू विशुद्ध पालना गर्नुपर्छ भनी प्रोत्साहन दिएर तिनीहरूलाई शील संवर प्रदान गर्नुपर्छ। त्यसो गरे स्वयम् र पर दुबैको ठूलो हित हुन्छ, भन्नुभएको हो।

दोस्रो, शीलसँग प्रतिकूल हुने कुराहरूको त्याग—

मात्सर्य, शाठ्य, माया, आसक्ति, आलस्य,
अभिमान, राग, द्वेष तथा कुल, रूप, श्रुत,
यौवन र महाभागको मदले गर्दा धेरै दुःख हुने हुँदा
ती सबैलाई शत्रुको रूपमा हेर्नु पर्छ ॥१२ ॥

माथि शील पारमिताको अङ्गहरू देखाएर यहाँ शील पारमितालाई बाधा

पुऱ्याउने आठ क्लेशहरू बताउनु भएको छ। ती १. मात्सर्य (कन्जुस), २. शाठ्य-माया (भ्रामक), ३. आसक्ति (लगाव), ४. आलस्य, ५. अभिमान, ६. राग, ७. द्वेष र ८. मद (घमन्ड) हुन्।

पहिलो, मात्सर्य भन्नाले दान आदि गर्न नसक्ने खाना तथा धनजनमा ठूलो आसक्ति भएकोलाई बुझिन्छ। **दोस्रो,** शाठ्य-माया अर्थात् आफ्नो कमी कमजोरी लुकाउनुलाई शाठ्य र गुण नभईकन पनि भएको जस्तो गरी स्वाङ पार्नेलाई माया (छल) भनेर बुझिन्छ। **तेस्रो,** आसक्ति भन्नाले धन सम्पत्ति, स्वयम् तथा स्त्री आदिप्रति अनुरक्तिभाव (लगाउ) हुनुलाई बुझिन्छ। **चौथो,** आलस्य भन्नाले कुशल-अकुशल, हेय-उपादेय (ग्राह्य-त्याग) कार्यमा नलाग्ने अल्छीलाई बुझिन्छ। **पाँचौ,** अभिमान भन्नाले आफूसँग विशेष गुण केही नभए तापनि गुण छ भन्ने सोचेर अहङ्कारीपनलाई बुझिन्छ। **छैटौँ,** राग भन्नाले सास्रव मनोरम दृष्य, धन सम्पत्ति, भोजन, साथीभाइ तथा इष्टमित्र आदिप्रतिको अभिलाषालाई बुझिन्छ। **सातौँ,** द्वेष भन्नाले आफूले मन नपर्ने शत्रु आदिप्रति तिरस्कार उत्पन्न हुनुलाई बुझिन्छ। **आठौँ,** मद (घमन्ड) भन्नाले यहाँ केही फरक छ। जातको मद, रूपको मद, श्रुतको मद, यौवनको मद र शक्तिको मद गरी पाँच मदहरू छन्। १) मेरो जात ठूलो भन्ने सोचेर अहङ्कार गर्नुलाई भनिन्छ। २) मेरो रूप सुन्दर छ भन्ने सोचेर अहङ्कार गर्नुलाई भनिन्छ। ३) मसँग ज्ञान-गुण धेरै छन् भन्ने सोचेर अहङ्कार गर्नुलाई भनिन्छ। ४) मेरो उमेर सानै छ, म जवान छु भन्ने सोचेर अहङ्कार गर्नुलाई भनिन्छ। ५) म शक्तिशाली छु भन्ने सोचेर अहङ्कार गर्नुलाई भनिन्छ।

यस्ता मात्सर्य, शाठ्य-माया, आसक्ति, आलस्य, अभिमान, राग, द्वेष र मदलाई शत्रु सरह हेरेर त्याग गर्नुपर्छ भनी यस श्लोकले शीलको प्रतिपक्ष अर्थात् शीललाई बाधा पुऱ्याउने कुराहरूको त्याग गर्नुपर्ने देखाएको छ।

तेस्रो, अनुकूल पक्ष अप्रमादको अभ्यास—

अप्रमाद अमृत पद हो भने
प्रमाद मृत्यु पद हो भनी मुनिले बताउनु भएको छ।
त्यसैले तपाईंले कुशल धर्म फैलाउनको लागि
आदरपूर्वक सधैं अप्रमादी बन ॥१३ ॥

त्यसो भए शीललाई केले लाभ पुऱ्याउँछ ? भने शीलको मित्र अप्रमाद (सतर्कता) हो। चित्तलाई प्रत्यभिज्ञान र अप्रमादी राख्न सक्यो भने ठूलो लाभ हुन्छ। त्यसैले अप्रमाद एक हिसाबले देवको अमृत जस्तो हो भने प्रमाद मृत्यु जस्तो हो। प्रमादले दुःख बाहेक कहिल्यै सुखमा डोऱ्याउन सक्दैन। त्यसैले अप्रमादको लाभ र प्रमादको दोषहरू तथागत बुद्धद्वारा **उपस्थितस्मृति सूत्रमा यस्तो बताइएको छ—**

अप्रमाद अमृत(निर्वाण) को स्थान(कारण) हो भने
प्रमाद मृत्युको स्थान हो ॥
अप्रमादको कहिल्यै मृत्यु हुँदैन भने
प्रमादको सधैं मृत्यु भइरहन्छ ॥ (धर्मपदः २१)

त्यसैले राजा तपाईंले कुशल धर्मको उत्तरोत्तर प्रगति गरी शीललाई विशुद्ध रूपले पालन गरेर कुशल कर्महरू गर्नका लागि श्रद्धाका साथ नियमपूर्वक सद्धर्म साधना गर्न हरपल अप्रमादी भएर लाग्नुहोस् भनी चित्त अप्रमादी हुनुपर्ने बताउनु भएको छ।

चौथो, अप्रमादको फाइदा उदाहरणद्वारा दर्शाइएको—

अगाडि प्रमादी भए पनि पछाडि अप्रमादी भएर
नन्द, अङ्गुलीमाल, अजातशत्रु र
उदयन जस्तै बादल हटे पछिको
चन्द्रमा जस्तै सुन्दर बन्छन् ॥१४॥

अप्रमादी पूर्वक शील पालना गर्दा ठूलो लाभ हुन्छ भन्ने कुरा उहिलेका कहानी जोडेर बताउनु भएको छ। शुरुमा आफ्नो चित्त प्रमादी भएर गएको र पछि चेत भई अप्रमादी प्रत्यभिज्ञानमा परिवर्तन हुनसक्छ। जस्तै: चन्द्रमा पहिले बादलले ढाके पनि पछि बिस्तारै हावाले गर्दा बादल हटेर चन्द्रमा धेरै नै चमकदार देखिन्छ। त्यसैगरी पहिले चित्त प्रमादी भए पनि पछि अप्रमादी भएर जानु भनेको चन्द्रमा बादलबाट मुक्त हुनु जस्तै हो। जुन अति सुन्दर हुन्छ।

कोही यस्ता भएका छन् त ? भने भएका छन्। उदाहरणको लागि रागले ग्रस्त नन्द, द्वेषले ग्रस्त अङ्गुलीमाल, अज्ञानता(मोह)ले ग्रस्त अजातशत्रु, र दुबै क्लेश (राग र द्वेष) युक्त उदयन हुन्।

पहिलो, रागले ग्रस्त भएको नन्द आफ्नी पत्नी पुण्डरीक प्रति आसक्ति उत्पन्नभई रागले ग्रस्त भएको थिए भने पछि राग त्यागेर अर्हत् प्राप्त भएको थियो।

दोस्रो, द्वेषले ग्रस्त अङ्गुलीमाल आफ्नो गुरुको छलमा परेर नौ सय उनान्सय जना मान्छे मारेको थियो भने पछि पछुताएर बुद्धबाट धर्म सुनेर अभ्यास गरी अर्हत् भयो।

तेस्रो, मोहले ग्रस्त भनेर राजा अजातशत्रुलाई भनेको हो। उनलाई देवदत्तले, "मैले गौतम बुद्धलाई मारेर म बुद्धको पद लिन्छु, तिमीले पनि राजा बिम्बिसारलाई मारेर राजा बन्नु। यसरी हामी दुई मध्ये एक जना बुद्ध र अर्को राजा भएमा धेरै राम्रो हुनेछ।" भनी छल गरेको थियो। त्यसपछि अजातशत्रुले आफ्नो पिता बिम्बिसारलाई मारेर आनन्तर्य कर्म गरे तापनि पछि पछुतोका साथ अप्रमादी भई बोधिसत्त्व भएको थियो।

चौथो, राग र द्वेष दुबै युक्त उदयनले एउटी केटीप्रति आसक्ति उत्पन्न भई आफ्नी आमाको हत्या गरेको थियो। पश्चाताप पछि उसलाई देवताको काय प्राप्त भएको कहानी छ।

ती उदाहरणहरू जस्तै हामीले पनि पहिले चित्त प्रमादी भई क्लेशहरू उत्पन्न भएर अकुशल कार्यहरू धेरै गरेको भए तापनि पछि अप्रमाद हुन सके धेरै राम्रो हुन्छ। त्यसैले हामीले शील राम्ररी पालन गर्नुपर्छ। सधैं प्रत्यभिज्ञान तथा अप्रमादी युक्त हुनुपर्छ भन्नुभएको हो। यसरी छ पारमिता मध्ये दान र शील दुबै बताउनु भएको छ।

क्षान्ति पारमिता

तेस्रो, क्षान्तिमा चार; १. हेतुरूपी क्रोध त्याग्ने उपदेश, २. फलरूपी उपनाह (इख) त्याग्ने, ३. प्रसङ्गवश आधाररुपी चित्तको भिन्नता र ४. क्रोधको प्रत्यय कठोर वचन त्याग्ने।

पहिलो, हेतुरूपी क्रोध त्याग्ने उपदेश—

क्षान्ति तुल्य तपस्या अर्को नभएकोले
तिमीले पनि क्रोध आउने मौका नै नदेऊ।
क्रोधलाई त्यागेर अवैवर्त्तिक अवस्था प्राप्त हुन्छ
भनी भगवान् बुद्धले बताउनु भएको छ॥१५॥

त्यस पछि क्षान्ति पारमिता देखाउनु भएको छ। क्षान्ति पारमिता अति नै महत्त्वपूर्ण रहेको छ। किनभने उदाहरणको लागि *"क्षान्ति तुल्य तपस्या"* अर्थात् क्षान्ति (सहनशीलता) सरहको तपस्या या पुण्यको मूल अरू धेरै छैनन्। त्यसैले *"तिमीले क्रोध आउने मौका नै नदेऊ।"* भनी राजा गौतमीपुत्र तपाईंले क्षान्ति अति नै अमूल्य हो भन्ने बुझेर क्षान्तिको प्रतिपक्ष अर्थात् क्षान्तिलाई हानि पुऱ्याउने, क्रोध भएकोले त्यसलाई कहित्यै उत्पन्न हुन नदिनुहोस्। क्रोधलाई कुनै मौका नदिई रोक्नु पर्छ र त्याग्नु पर्छ। क्रोध त्यागेमा संसारबाट अवैवर्त्तिक प्राप्त भई मोक्ष र सर्वज्ञानी बुद्धत्व प्राप्त हुन्छ, भन्नुभएको हो।

यहाँ अवैवर्त्तिक भन्नाले बुद्धपदलाई बुझिन्छ। त्यसैले तपाईंले क्रोधलाई विशुद्ध रूपले त्याग्न सके बुद्धत्व प्राप्त हुन्छ भनी भगवान् बुद्धले भन्नुभएको छ। **सूत्रमा—**

> "हे भिक्षुहरू हो ! क्रोध त्याग्नु,
> तिमीहरू अवैवर्त्तिक अवस्थामा पुग्ने छौ।"

भन्नुभएको छ।

यसरी बुद्धले प्रत्यक्ष बताउनु भएको हुनाले क्रोध त्याग्नु पर्छ भन्नुभएको हो।

दोस्रो, फलरूपी उपनाह (इख) त्याग्ने—

मलाई अपमान गऱ्यो, कुरा काट्यो, हरायो,
मेरो सम्पत्ति लुटेर लग्यो भन्ने
इखले झगडा हुन्छ।
यस्तो इख त्याग्ने व्यक्ति सुखले निदाउँछ ॥१६ ॥

त्यसपछि दोस्रो, फलरूपी इख त्याग्ने देखाउनु भएको छ। इख त्याग्ने भन्नाले क्रोध उत्पन्न हुने मूल नै त्याग्नु हो। सामान्यरूपमा क्रोधले गर्दा इख उत्पन्न हुन्छ। इखले गर्दा फेरि क्रोध निरन्तर उत्पन्न हुने भएकोले इखको हेतु (बीउ) क्रोध हो भन्ने बुझ्नुपर्छ। पहिले मलाई नराम्रो शब्द बोलेको थियो र त्यसले मलाई धेरै हानि पुऱ्याएको थियो भन्ने सोची रहे त्यसले रिस उठ्दै जान्छ र इख भावना पनि बढ्दै जान्छ। क्रोध भन्नाले प्रत्यक्ष रिस उठी रहनुलाई बुझिन्छ तर इख भन्नाले रिस मन भित्र राखी राख्नुलाई बुझिन्छ।

मूल श्लोकमा *"मलाई अपमान गऱ्यो, कुरा काट्यो, हरायो"* भन्नाले मलाई यसले अपमान गऱ्यो अर्थात् अति नै अपशब्द र नराम्रो वचन बोल्यो भनेर मनमा राख्ने, त्यसैगरी उसले मलाई हरायो र धेरै कुटेर दुःख दियो भनी सोचेर इख राख्नु, अनि मसँग लडेर मलाई हरायो, मुद्दा लगाएरर मलाई हरायो भनेर इख राख्ने वा उसले मेरो धन सम्पत्ति सबै लुट्यो, सय रूपैयाँ, दुई सय रूपैयाँ, तीन सय रूपैयाँ, हजार रूपैयाँ, दश हजार रूपैयाँ आदि लुट्यो, नाश गऱ्यो भन्ने जस्ता सोचेर इख राख्नाले झै-झगडा हुने हुनाले यस्तो कुरा मनमा राख्नु हुन्न।

यदि मनमा राखिरहे भविष्यमा जति सम्म मनमा राख्छ त्यति सम्म झगडा हुने अवस्था आउँछ। त्यसैले क्रोध र झगडा नहुन इख त्याग्नु पर्छ। मलाई यसले दुःख दिएको थियो, यसले अपशब्द बोलेको थियो, यसले धन सम्पत्ति लुटेको थियो भन्ने जस्ता कुराको चिन्तन नगरी इख गर्न छोडे मन पीडामुक्त भई आनन्दका साथ निदाउन सकिन्छ अर्थात् निन्द्रा राम्रो लाग्छ भन्नुभएको हो।

तेस्रो, प्रसङ्गवश आधाररुपी चित्तको भिन्नता—

चित्तलाई पानी, भुईं र ढुङ्गामा लेखेको
चित्रहरू जस्तै हो भनेर सम्झ।
तीमध्ये क्लेश भएकोलाई पहिलो चाहिँ हुनुपर्छ भने
धर्म चाहनेलाई अन्तिम चाहिँ राम्रो हुन्छ॥१७॥

साधारणतया हाम्रो चित्तको अवस्था तीन प्रकारको हुन्छ। **पहिलो,** पानीमा कोरेको चित्र जस्तो। **दोस्रो,** जमिनमा कोरेको चित्र जस्तो। **तेस्रो,** ढुङ्गामा

कोरेको चित्र जस्तो। पानीमा चित्र कोरे एक क्षणमै विलोप हुन्छ। यही उदाहरण जस्तै हाम्रो चित्तले मनन गर्दा केही झट्टै विलोप हुन्छ भने कहिले काहीँ जमिनमा कोरिएको चित्र झैं जुन पानीमा कोरेको जस्तो क्षणमै विलोप नभई केही समय बस्छ। अनि पानी परेपछि वा हावाले गर्दा विस्तारै विलोप भएर जान्छ। त्यसैले पानीमा कोरेको चित्र भन्दा जमिनमा कोरेको चित्र अलि स्थिर हुन्छ।

त्यसैगरी ढुङ्गामा कोरेको चित्र पनि हुन्छ जुन कहिल्यै नष्ट हुँदैन। सय वर्ष, हजार वर्षसम्म पनि रहन्छ। यी उदाहरणहरू जस्तै हाम्रो चित्त अस्थिर, स्थिर र अति स्थिर अवस्था अर्थात् पानीमा कोरेको चित्र जस्तो, जमिनमा कोरेको चित्र जस्तो र ढुङ्गामा कोरेको चित्र जस्तोलाई तुलना गरी बुझ्नुपर्छ भन्नुभएको हो। ती सबै हाम्रो चित्तले ग्रहण गर्ने धारणा ठूलो या सानो र कल्पना ठूलो या सानोको फरकले उत्पन्न हुन्छ।

ती तीन प्रकार मध्ये कुन हुनुपर्छ ? भने यदि हामी भित्र क्लेश भावना राग, द्वेष र मोह (अज्ञानता) उत्पन्न भएमा पानीमा कोरेको चित्र जुन क्षणमै विलोप हुन्छ त्यसरी नै क्षणमै त्याग्न सक्ने हुनुपर्छ। त्यसैले क्लेश उत्पन्न भएको बेला ती मध्ये पहिलो (पानीमा कोरेको जस्तो) चाहिँ उत्तम हुन्छ। सद्धर्मको अभ्यास गर्ने बेला भने अन्तिम (ढुङ्गामा कोरेको जस्तो) चाहिँ उत्तम हुन्छ। यसरी सद्धर्मप्रति चित्तमा आस्था, श्रद्धा, वीर्य (मिहिनेत) र मैत्री-करुणा आदि उत्पन्न भई ढुङ्गामा कोरेको चित्र झैं अति स्थिर बनाउनुपर्छ।

सङ्क्षिप्तमा, हामीले चिन्तन गर्दा पानीमा कोरेको चित्र जस्तो, जमिनमा कोरेको चित्र जस्तो र ढुङ्गामा कोरेको चित्र जस्तो तीन प्रकारको भएकाले अकुशल भावना पानीमा कोरेको चित्र जस्तो हुनुपर्छ भने कुशल भावना ढुङ्गामा कोरेको चित्र जस्तो हुन सक्नुपर्छ, भन्नुभएको हो।

चौथो, क्रोधको प्रत्यय कठोर वचन त्याग्ने—

जिनले मधुर भाषी, सत्य भाषी र मिथ्या भाषी गरी
तीन प्रकारका व्यक्ति हुन्छन्। तिनीहरूको बोलीलाई
मह, फूल र मलसँग तुलना गर्न सकिन्छ भन्नुभएको छ।
ती मध्ये अन्तिमलाई त्याग॥१८॥

त्यसपछि क्रोधको प्रत्यय अपशब्द त्याग्ने कुरा बताउनु भएको छ। हामीहरू अरूसँग कुरा गर्दा कुरा गर्ने तरिका (शैली) धेरै छन् भनी जिन भगवान् बुद्धले भन्नुभएको छ। ती फरक तरिकाहरू के-के हुन् ? भने १) मन खाने, चित्त बुझ्दो, धेरै राम्रो र नरम बोल्ने। २) चित्त बुझ्दो भए पनि नभए पनि सत्य वचन बोल्ने। ३) मिथ्या भाषी बोल्नेले जथाभावी बोलेर चित्त नबुझ्दो, असत्य, उल्टो वचन, मनमा ठेस पुग्ने वोली, भ्रामक जस्ता धेरै अपशब्द बोल्ने आदिलाई बुझिन्छ।

यसरी राम्रो र नराम्रो वचनहरू तीन प्रकारका छन्। त्यस मध्ये **पहिलो,** मह जस्तो मिठो बोली हो भने महलाई जिब्रोमा राख्दा गुलियो र मिठो हुन्छ। यो उदाहरण जस्तै मन खाने बोली धेरै राम्रो हुन्छ। **दोस्रो,** सत्य बोली फूल जस्तो सुन्दर रङ्गले भरपुर अर्थात् बोली राम्रो, सफा र सत्य हुन्छ। **तेस्रो,** नराम्रो बोली अर्थात् मिथ्या भाषी फोहोर मल जस्तो भएकोले कसैलाई मन पर्दैन। यसरी मह जस्तो शब्द, फूल जस्तो शब्द र मल जस्तो गरी तीन प्रकारका छन् भनी भगवान् बुद्धले बताउनु भएको छ। ती मध्ये मह जस्तो शब्द, फूल जस्तो शब्द बोल्नु पर्छ भने अन्तिमको मिथ्या भाषी फोहोर मल जस्तो वचन त्याग्नु पर्छ भन्नुभएको छ। यसरी क्षान्ति पारमिता देखाइएको छ।

वीर्य पारमिता

चौथो, वीर्यमा दुई; १. वीर्यको आधार, २. विचार र प्रयोग विशुद्ध हुने वीर्यको अभ्यास गर्ने उपदेश।

पहिलो, वीर्यको आधार—

उज्यालोबाट अन्त्यमा उज्यालो मै पुग्ने,
अन्धकारबाट अन्त्यमा अन्धकार मै पुग्ने,
उज्यालोबाट अन्त्यमा अन्धकारमा पुग्ने र
अन्धकारबाट अन्त्यमा उज्यालोमा पुग्ने जस्ता
चार पुरुषमध्ये पहिलो जस्तो बन॥१९॥

साधारणतया मान्छे चार प्रकारका हुन्छन्। १) उज्यालोबाट अन्त्यमा उज्यालोमा नै पुग्ने अर्थात् पहिले पनि सबै ज्ञान भएको र भविष्यमा पनि त्यसरी नै राम्रो भएर जानेलाई बुझिन्छ। उदाहरणको लागि दिन दिनै उज्यालो भएको स्थानमा जानु अर्थात् झन् झन् राम्रो हुँदै जानुलाई बुझिन्छ। २) अन्धकारबाट अन्त्यमा अन्धकारमा नै जाने। उदाहरणको लागि अध्याँरोबाट अध्याँरोमा नै जानु। कोही मान्छे खराबबाट खराब अर्थात् आशय खराब, सोच खराब, आचरण खराब, झन् झन् नीच र बिग्रिँदै जानुलाई बुझिन्छ। ३) उज्यालोबाट अन्त्यमा अन्धकारमा जाने

अर्थात् पहिले राम्रो भए पनि पछि बिस्तारै बिग्रेर जाने। जस्तै: उज्यालोबाट अन्धकार तिर जानु जस्तो हो। ४) अन्धकारबाट अन्त्यमा उज्यालोमा जाने जस्तै: कोही पहिले खराब भए पनि पछि राम्रो भएर जानेलाई बुझिन्छ। जस्तै: अध्यँरोबाट उज्यालोमा जानु हो।

यसरी चार प्रकारका पुद्‍गलहरू मध्ये हामी कस्तो बन्ने कोशिस गर्नुपर्छ भने *"पहिलो जस्तो बन"* भने झैं उज्यालोबाट अन्त्यमा उज्यालोमा जानु पर्छ। राम्रोबाट झन् झन् राम्रो हुने प्रयास गर्नुपर्छ भन्नुभएको छ।

अनि यस भित्र प्रत्यक्ष स्पष्ट नभए तापनि ती चार मध्ये सबै भन्दा उत्तम त उज्यालोबाट अन्त्यमा उज्यालोमा पुग्नु हो तर त्यसो हुन नसके तापनि अन्धकारबाट अन्त्यमा उज्यालोमा पुग्न सक्नु पनि धेरै राम्रो हो। त्यसैले अन्धकारबाट अन्त्यमा अन्धकारमा जाने र उज्यालोबाट अन्त्यमा अन्धकारमा जाने ती दुई हानिकारक भएकोले त्याग्नु पर्छ। त्यतातिर नजाने उपाय अपनाउनु पर्छ भन्नुभएको हो।

दोस्रो, विचार र प्रयोग विशुद्ध हुने वीर्यको अभ्यास गर्ने उपदेश—

मानिसहरूलाई आँपको फल जस्तै नपाके पनि
पाके जस्तो देखिने, पाकेर पनि नपाके जस्तो देखिने,
नपाकेर नपाकेको जस्तै देखिने र
पाकेर पाकेकै जस्तै देखिने हुन्छन् भनेको जस्तो बुझ॥२०॥

यस श्लोकले मानिसहरूमा इच्छा र चर्या फरक फरक भएको देखाउँछ। उदाहरणको लागि आँपको फल बाहिरबाट हेर्दा नपाकेको जस्तो तर भित्र

पाकेको, बाहिरबाट हेर्दा पाकेको जस्तो तर भित्र नपाकेको, बाहिरबाट हेर्दा नपाकेको जस्तो र भित्र पनि नपाकेको, अनि बाहिरबाट हेर्दा पाकेको र भित्र पनि पाकेको हुन्छन्।

यो उदाहरण जस्तै मान्छे पनि त्यस्तै हुन्छ। कोही मान्छे बाहिरी चर्या हेर्दा कुशल भएको जस्तो देखे पनि भित्री सोच नराम्रो भएको, कोही मान्छे कुशल भए पनि बाहिरी चर्या खराब भएको, कोही मान्छे भित्री सोच र बाहिरी चर्या दुबै खराब भएको र कोही भित्री सोच र बाहिरी चर्या दुबै कुशल भएका हुन्छन्।

यसरी पुद्‌गलहरूमा चार प्रकारका इच्छा र चर्या भएको मध्ये हाम्रो इच्छा र चर्या दुबै सधैं कुशल हुनुपर्छ। बाहिरी भित्री दुबै पाकेको झैं बन्ने प्रयत्न गर्नुपर्छ भन्नुभएको हो। यसरी वीर्य पारमिता देखाइएको छ।

ध्यान पारमिता

पाँचौं, ध्यानमा तीन; १. तयारी, २. मूल र ३. अन्तको कार्य। पहिलो, तयारीमा दुई; १. प्रतिकूल पक्ष चञ्चलता त्याग्ने र २. अनुकूल पक्षको चार ब्रह्मविहार (अप्रमाण) भावना। पहिलोमा चार; १. विषयबाट हुने चञ्चलता, २. आठ लौकिक धर्महरूबाट हुने चञ्चलता, ३. सम्पत्तिबाट हुने चञ्चलता र ४. भोगबाट हुने चञ्चलता। पहिलोमा दुई; १. विषय (वस्तु) बाट हुने चञ्चलतालाई भित्री संज्ञा (चिनाई) नै बदलेर इन्द्रियहरूलाई पूरै जोगाउने र २. विषयको लक्षणलाई जानेर राग त्याग्ने। पहिलोमा चार; १. अरूका श्रीमतीप्रतिको आसक्तिबाट इन्द्रियलाई जोगाउने उपदेश, २. अन्य रागबाट इन्द्रियलाई नियन्त्रण गर्ने उपदेश, ३. इन्द्रिय नियन्त्रण नगर्दाको बेफाइदा र ४. इन्द्रिय नियन्त्रणको प्रशंसा।

पहिलो, अरूका श्रीमतीप्रतिको आसक्तिबाट इन्द्रियलाई जोगाउने उपदेश—

त्यसपछि ध्यान पारमिताबाट पहिलो विषय वस्तुबाट हुने चञ्चलतालाई त्याग्नुपर्ने बताउँदा, सर्वप्रथम अरूका श्रीमतीप्रतिको आसक्तिबाट इन्द्रियलाई जोगाउने उपदेश रहेको छ।

अरूका श्रीमतीलाई आँखा नलगाऊ, देखे पनि
उमेर अनुसार आमा, छोरी र बहिनीको भावना उत्पन्न गर्नु

त्यसो गर्न नसकी राग उत्पन्न भएमा
अशुचिको रूपमा सम्यक् रूपले सोच ॥२१ ॥

अरूको श्रीमती अर्थात् परस्त्रीलाई देख्दा उनीप्रति आसक्ति उत्पन्न हुन दिनुहुन्न। यो विशेष गरी गृहस्थीहरूलाई भन्नुभएको हो। अरूको स्वामित्वमा रहेको श्रीमतीहरूलाई सुरुदेखि नै राम्री रहेछ वा नराम्री रहेछ भनी हेर्नुहुन्न। यदि देखिहालेमा अति सुन्दर भए उनीहरूप्रति आकर्षण भई आसक्ति उत्पन्न हुन दिनुहुन्न। आफ्नो उमेर अनुसार यदि आफू भन्दा जेठी भएमा आफ्नो 'आमा हो' भन्ने सोच्नुपर्छ। आफू भन्दा कान्छी भएमा आफ्नी 'छोरी हो' भन्ने सोच्नुपर्छ। आफ्नो उमेर सरहको भएमा 'बहिनी हो' भन्ने सोच्नुपर्छ। सङ्क्षेपमा, आमाको संज्ञा, छोरीको संज्ञा र बहिनीको संज्ञाले हेर्नुपर्छ भन्नुभएको हो।

यदि अझै पनि आसक्ति उत्पन्न भएमा शरीर अति फोहोर, मासु, रगत, हड्डी जस्ता गन्दगी हो भनी राम्ररी चिन्तन गर्नुपर्छ। यसरी चिन्तन गरेमा आसक्ति तथा राग उत्पन्न हुँदैन। त्यसैले हामीले राम्ररी चिन्तन गर्नुपर्छ। नत्र कुनै लाभ हुँदैन। यसरी परस्त्रीबाट इन्द्रियलाई नियन्त्रण गर्ने उपदेश र अन्य रागबाट इन्द्रियलाई नियन्त्रण गर्ने उपदेशहरू बुझेर त्यस बेला मुख्य रूपमा आफ्नो इन्द्रियलाई नियन्त्रणमा राख्नुपर्छ। कसरी नियन्त्रणमा राख्नु पर्छ ? भने,

दोस्रो, अन्य रागबाट इन्द्रियलाई नियन्त्रण गर्ने उपदेश—

चञ्चल मनलाई श्रुति, पुत्र, निधि,
प्राण समान, दुष्ट, विष, अस्त्र,

शत्रु र आगोबाट जोगाए जस्तै
कामसुखबाट मनलाई जोगाउनु पर्छ॥२२॥

हाम्रो मन अति नै चञ्चल स्वभावको भएकोले कहिल्यै स्थिर हुन्न। मनलाई काबुमा राख्न चारवटा उदाहरण दिइएका छन्। पहिलो, श्रुतिलाई जस्तै रक्षा गर्ने। दोस्रो, छोरोलाई जस्तै रक्षा गर्ने। तेस्रो, निधि(खजाना) लाई जस्तै रक्षा गर्ने। चौथो, प्राणलाई जस्तै रक्षा गर्ने।

पहिलो, 'श्रुतिलाई जस्तै रक्षा गर्ने' भन्नाले हामी एकले सिकाउने र अर्कोले अभ्यास गर्ने बेलामा एकाग्र मनले त्यसमा पूरा ध्यान दिनुपर्छ नत्र मन अन्तै तिर भौँतारिएमा गुरुले सिकाइ सकेपछि हामीले केही बुझेका हुँदैनौँ। त्यसैले एकाग्र मनले ध्यान दिएर सुन्नुपर्छ। यो उदाहरण जस्तै हाम्रो मनलाई पनि ध्यान दिएर जोगाउनुपर्छ।

दोस्रो, 'पुत्र जस्तै' भन्नाले सानो बच्चा कता जाँदै छ, ऊ आगोमा त हाम फालेन ? पानीमा त गएन ? भीरमा त गएन ? भन्ने जस्ता सतर्क अपनाई राम्ररी हेरचाह गर्नुपर्छ, नत्र त्यति कै छोडिदिए उनलाई खतरा हुनसक्छ। यो उदाहरण जस्तै हामीले मनलाई आफ्नो छोरोलाई जस्तै रक्षा गर्नु पर्छ।

तेस्रो, 'निधि जस्तै रक्षा गर्नुपर्छ' भन्नाले यदि हामीसँग धन सम्पत्ति तथा बहुमूल्य सामान भएमा ती चोरी होला, डाँकाले लुटेर जाला, चोरलाई थाहा होला भन्ने सोची लुकाएर राम्ररी संरक्षण गर्नुपर्छ। यस उदाहरण जस्तै हामीले आफ्नो मनलाई राम्ररी रक्षा गर्नु पर्छ।

चौथो, 'प्राण जस्तै रक्षा गर्नुपर्छ' भन्नाले हाम्रो प्राण अति अमूल्य भएकोले हामीले राम्ररी रक्षा गर्छौँ। यस उदाहरण जस्तै हाम्रो मनलाई कहिल्यै खराब तिर जान नदिई सधैं कुशल बाटोमा लाग्न सक्ने बनाई रक्षा

गर्नुपर्छ। यदि हामीले चित्तलाई रक्षा गर्न नसकेमा चित्त गलत बाटोमा लाग्न सक्छ।

गलत बाटोमा लागेका कसैको सोच विष जस्तो, कसैको सोच अस्त्र हतियार जस्तो, कसैको आगो जस्तो खतरनाक हुन्छन्। उदाहरणको लागि विष पिएमा क्षण भरमै मर्छ। हतियारले छिनमै काट्छ। दुश्मनले क्षणमै हानि पुऱ्याउँछ। आगोले क्षणमै जलाउँछ। त्यसैगरी परस्त्री र धन सम्पत्तिप्रतिको राग आदिबाट आफ्नो मनलाई सम्हाल्न नसके यसले क्षणमै ठूलो नोक्सानी निम्त्याउँछ। त्यसैले कामसुखबाट मनलाई विरक्त बनाउनुपर्छ भन्नुभएको हो।

तेस्रो, इन्द्रिय नियन्त्रण नगर्दाको बेफाइदा—

रागले अन्तिममा दोष नै पैदा गर्छ।
जिनेन्द्रले यसलाई किम्पाक फलसँग
तुलना गर्नुभएको छ। त्यसलाई त्याग गर।
यसको सिक्रीले कारागार रूपी संसारमा बाँध्छ॥२३॥

यसरी आफ्नो मनलाई जोगाउनु पर्छ। यदि नियन्त्रण नगरे के हुन्छ ? भने राग तथा अभिलाषाहरूले विनाश निम्त्याउँछ। राग, द्वेष आदिले गर्दा ठूलो दोष उत्पन्न गर्ने भएकोले अति खतरनाक हो। जिनेन्द्र भगवान् बुद्धले यसलाई किम्पाक फलसँग तुलना गर्नुभएको छ।

किम्पाक फल हेर्दा रातो र सुन्दर देखिन्छ। तर त्यसमा विष भएकोले खाँदा खतरा हुन सक्छ। यही उदाहरण झैं हाम्रो इच्छालाई हेर्दा राम्रो, मिलेको, सुन्दर भए तापनि वास्तवमा त्यसले हामीलाई हानि पुऱ्याउँछ।

त्यसैले अभिलाषा त्याग्नु पर्छ। अभिलाषा भनेको फलामको सिक्री जस्तै हो। यदि त्याग्न नसके फलामे सिक्रीले कैदीहरूलाई बाँधे जस्तै अभिलाषाको फलामे सिक्रीले सांसारिक जेल अर्थात् यस लोकमा अवस्थित प्राणीहरू विवश भई आफैं बाँधिन पुग्छ, भन्नुभएको हो।

चौथो, इन्द्रिय नियन्त्रणको प्रशंसा—

सधैं अस्थिर र विषयहरूमा दौडी रहने
षट् इन्द्रियहरूलाई जित्ने वीर र
युद्धमा शत्रुहरूलाई जित्ने वीरमध्ये
विद्वानहरू पहिलोलाई नै परम वीर ठान्दछन् ॥२४॥

यसरी रागहरू विनाशको स्रोत भएकोले यिनीहरूबाट आफ्नो इन्द्रिय जोगाउनुपर्छ। इन्द्रियलाई नियन्त्रणमा लिई रागको गुणहरूबाट जित्न सक्नुपर्छ। आँखा आदि छ इन्द्रियहरू छ विषयहरूमा आसक्त हुन्छन्। आँखा रूपमा आसक्त हुन्छ। कान शब्द (आवज)मा आसक्त हुन्छ। नाक गन्धमा आसक्त हुन्छ। जिब्रो रस (स्वाद)मा आसक्त हुन्छ। शरीर स्प्रष्टव्य (स्पर्श)मा आसक्त हुन्छ। चित्त धर्ममा आसक्त हुन्छ। यसरी आसक्त भएर स्थिर नभई सधै चञ्चल भई रहनेबाट जित्नुपर्छ।

यदि कसैले युद्धमा शत्रुबाट विजय प्राप्त गरे उनलाई लडाईंमा जित हासिल गरेको, ऊ बहादुर हो भन्छन्। त्यसरी यी दुई मध्ये विद्वानले पहिलो अर्थात् राग, द्वेष र मोहबाट विजय प्राप्त गर्नु चाहिँ वीरता हो भन्ने बुझ्छन्। त्यसैले हामीले ती विषयप्रति आसक्ति तथा राग पैदा भई मन पग्लिन दिनु हुन्न। राग त्यागेर विजय भए अति उत्तम हुन्छ, भन्नुभएको हो।

दोस्रो, विषयको लक्षणलाई जानेर राग त्याग्नेमा दुई; १. कामधातुमा रागको मूल स्त्रीको शरीरलाई पूर्ण रूपमा जानेर आसक्ति त्याग्ने र २. सबै रागहरूको तरिका जानेर असक्ति त्याग्ने।

पहिलो, कामधातुमा रागको मूल स्त्रीको शरीरलाई पूर्ण रूपमा जानेर आसक्ति त्याग्ने—

कुनै युवतीको शरीरलाई छुट्ट्याएर हेर्दा दुर्गन्धी,
नौ द्वार भएकी, सबै प्रकारका फोहर वस्तुले भरिएकी,
भर्नलाई अति गाह्रो भाँडो जस्तो छालाले मात्र ढाकिएकी
अलङ्कारहरूबाट पृथक् रहेकी रूपमा हेर॥ २५॥

यसले कामधातुका स्त्रीहरूप्रतिको आसक्ति त्याग्ने तरिका बताउनु भएको छ। वास्तवमा पुरुष र स्त्री जसको भए पनि शरीरको अस्तित्व फोहोर नै हो। तर अहिले यहाँ उपदेश प्रदान गर्ने आर्य नागार्जुन र उपदेश ग्रहण गर्ने राजा गौतमीपुत्र दुबै पुरुष भएको र स्त्रीप्रति आकर्षण हुने भएकोले त्यसप्रति आसक्ति त्याग्ने तरिका बताउनुभएको हो।

हामी जस्तो पृथग्जन अधम पुरुषहरूको नजरमा भर्खरको तरुणी स्त्रीको शरीर सफा, सुन्दर र मन खाने देखिन्छ। तर यथार्थमा त्यस्तो हुँदैन। विशुद्ध चित्तले परीक्षण गरे दुर्गन्धित, नौवटा प्वालहरू भएको, दिशा, पिसाब र रगत आदि फोहोर वस्तुहरूको भाँडो जस्तो। खानपिन आदि जति उपयोग गरे पनि भर्न गाह्रो, विभिन्न फोहोरहरूको भाँडोलाई छालाले ढाकेको मात्र हो।

हाम्रो शरीरमा सुन चाँदी आदिका गहनाहरू लगाएको देख्दा सुन्दर देखे पनि ती गहना र लुगा आदि शरीरबाट छुट्ट्याएर हेर्दा शरीरमा सुन्दरता र मनोरम जस्तो केही पनि हुँदैन भन्ने बुझेर त्यसप्रतिको राग त्याग्नुपर्छ भन्नुभएको हो।

दोस्रो, सबै रागहरूको तरिका जानेर असक्ति त्याग्ने—

जसरी कुनै कुष्ठ रोगीलाई कीटाणुहरूले दुःख दिँदा
सुख पाउनको लागि आगो ताप्दा पनि
शान्त नभए जस्तै कामको आसक्तिलाई पनि
त्यस्तै सम्झनु पर्छ ॥२६ ॥

यहाँ स्त्री मात्र नभई साधारणतया रागका गुणहरूमा आकर्षण भई अन्य वस्तुको उपभोग गर्दा फाइदा भएको जस्तो देखे पनि वास्तवमा कुनै फाइदा हुँदैन। जस्तैः कुष्ठ रोग लागेको छ भने त्यसलाई आगोमा ताप्दा एक छिन फाइदा भएको जस्तो आभास हुन्छ। तर त्यसले फाइदा गर्दैन र पहिले भन्दा झन् ठूलो पीडा दिन्छ। त्यसरी नै रागका गुणहरूमा आकर्षण भई उपभोग गर्दा त्यसले क्लेश बढेर जान्छ। दुःख कष्ट बढेर जान्छ। अभिलाषा पनि बढेर जान्छ। त्यसैले त्यसप्रतिको राग त्यागेर क्लेश शान्त पार्ने उपाय अपनाउन मिहिनेत गर्नुपर्छ भनी आग्रह गर्नुभएको हो।

दोस्रो, आठ लौकिक धर्महरूबाट हुने चञ्चलतामा दुई; १. प्रतिपक्ष र २. त्यागिने कुरा। पहिलोमा दुई; १. वास्तविक प्रतिपक्ष र २. प्रतिपक्ष हुनुको गुण र नहुनुको दोष देखाइएको।

पहिलो, वास्तविक प्रतिपक्ष—

परमार्थ दर्शनको लागि सबै वस्तुहरूमा
नियमपूर्वक मनसिकार गरेर त्यसमा बानी पार।
किनकि त्यो समान गुण भएको
कुनै पनि अरू धर्म छैन ॥२७ ॥

त्यसपछि भित्री आठ लौकिक धर्महरूप्रतिको आसक्ति त्याग्ने तरिका बताउनुभएको छ। पहिलो त्याग्नु पर्ने प्रतिपक्ष बारेमा भन्नुपर्दा परमार्थ अवस्थिति सम्पूर्ण वस्तु या भावको अस्तित्व राम्ररी बुझ्नु जरूरी छ। त्यसो भए सर्ववस्तुको स्वभाव कस्तो हुन्छ भन्दा सर्वसंस्कृत धर्म अनित्य हुन्। सर्व सास्रव दुःख हो। वास्तवमा सर्ववस्तुको अस्तित्व स्वभावले नै असिद्ध भएकोले शून्य हो। यसको वास्तविकता बुझेमा सांसारिक वस्तुबाट लगाव वा राग त्याग्न सकिन्छ। त्यसैले अनित्य, दुःख र शून्यताको स्वभाव जस्तो छ त्यस्तै रूपमा भावना तथा ध्यान गरेर विज्ञ हुने विधिमा तल्लीन हुनुपर्छ भन्नुभएको हो।

दोस्रो, प्रतिपक्ष हुनुको गुण र नहुनुको दोष—

उच्च कुलमा जन्मेको, रूपवान् र श्रुतवान् व्यक्तिहरूमा
प्रज्ञा र शील छैनन् भने सम्मान गर्न योग्य हुँदैनन्।
जसमा ती दुई गुण छन् तर अरू गुणहरू छैनन् भने पनि
पूजा गर्न योग्य हुन्छन्॥२८॥

त्यसपछि सर्व वस्तुप्रतिको राग त्याग्ने उपाय बताउनु भएको छ। यदि यस्तो गुण भए राम्रो हुन्छ र नभए राम्रो हुन्न, भन्नुभएको छ। जस्तैः मान्छेको गुणको बारेमा भन्नुपर्दा उच्च कुलको, सुन्दर रूप भएको, बहु श्रुतवान् (धेरै पढे लेखेको) भए यस संसारमा मान सम्मान राम्रो हुन्छ। तर त्यति मात्रले वास्तवमा राम्रो हुन सक्दैन। यस्ता उच्च कुल, सुन्दर शरीर, बहु श्रुतवान्का साथ साथै सम्यक प्रज्ञा त्यसैगरी शीलयुक्त छ भने उनलाई सबैले आदर र सम्मान गर्छन्। तिनीहरू कुशल गुणयुक्त भएर जान्छन्। नत्र उच्च कुल, सुन्दर शरीर, बहुश्रुतवान् भए पनि प्रज्ञा र शील दुई नभए कुशल गुण

हुन सक्दैन। त्यसैले हामीलाई प्रज्ञा र शील दुबै चाहिन्छ। ती दुई बिना अरू उच्च कुल, सुन्दर शरीर, बहुश्रुतवान् भए पनि खासै ठूलो लाभ हुँदैन भन्नुभएको हो।

दोस्रो, त्याग्नु पर्ने कुरामा दुई; १. वास्तविक आठ लौकिक धर्महरू र २. त्यसको फलरूपी पाप त्याग्ने उपदेश।

पहिलो, वास्तविक आठ लौकिक धर्महरू—

हे लोकविद् ! लाभ-अलाभ, सुख-दुःख,
यश-अपयश एवं प्रशंसा-निन्दा आठ लौकिक धर्महरू हुन्।
यिनीहरू आफ्नो मनका विषय होइनन् भनी
उपेक्षा भावमा रहु ॥२९॥

यस श्लोकले आठ लौकिक धर्महरू त्याग्ने उपाय देखाउँछ। “लोक नीति राम्रोसँग बुझ्नुभएको राजा गौतमीपुत्र तपाईं” भनी सम्बोधन गर्दै सम्पत्ति आदि कामगुणहरू लौकिकहरूले कसरी उपभोग गर्छन् ? भने सम्पत्ति प्राप्त भए खुसी हुने, प्राप्त नभए दुःखी हुने, सुख भए खुसी हुने, सुख नभए दुःखी हुने, प्रिय शब्द सुने खुसी हुने, अप्रिय सुने दुःखी हुने, प्रशंसा गरे खुसी हुने र निन्दा गरे दुःखी हुने हुन्छन्। यसलाई आठ लौकिकधर्म भनिन्छ। मानिसहरू (सांसारिक व्यक्ति) यिनै आठ लौकिक धर्महरूमा रहन्छन् र यिनीहरूकै आधारमा यिनीहरूको उपभोग गर्दै रहेका छन्। तिनीहरूबाट टाढा हुन सक्दैनन्। यस्ता आठ लौकिक धर्महरूमा कुनै हालतमा पनि सद्पुरुषहरूका चित्तको विषय हुन नसक्ने भएकाले राजा तपाईंले ती सबैप्रति उपेक्षा (समानता) भाव राख्नु। त्यसले गर्दा ठूलो लाभ

र सुख प्राप्त हुन्छ। त्यसैले आठ लौकिक धर्महरूप्रतिको आसक्ति र सत्य हो भन्ने भावना त्याग्नु भनी अनुरोध गर्नुभएको हो।

दोस्रो, त्यसको फलरूपी पाप त्याग्ने उपदेशमा दुई; १. वास्तविक (फलरूपी पाप त्याग्ने उपदेश) र २. पाप त्याग्नुको उद्देश्य।

पहिलो, वास्तविक—

तिमीले ब्राह्मण, भिक्षु, देव,
पाहुना, बाबु, आमा, श्रीमती र
परिवारको लागि पनि पाप नगर।
नरक फल भोग्नु पर्ने बेलामा उनीहरूले भाग लिँदैनन् ॥३० ॥

आफ्नै लागि मात्र नभई अरूको लागि पनि लौकिक धर्मको अभ्यास गरी पाप या अकुशल कर्मको सञ्चय गर्नुहुन्न भन्नुभएको हो। राजा तपाईंले उच्च कुलका अर्थात् पूजनीय ब्राह्मणको निम्ति अकुशल कर्मको सञ्चय गर्नुहुन्न। भिक्षुको निम्ति अकुशल कर्मको सञ्चय गर्नुहुन्न। देवतालाई अर्पण गर्नाको लागि अकुशल कर्मको सञ्चय गर्नुहुन्न। पाहुनाका निम्ति अकुशल कर्मको सञ्चय गर्नुहुन्न। आफ्नो बुबा आमाको आदर या सेवाको निम्ति अकुशल कर्मको सञ्चय गर्नुहुन्न। त्यसैगरी श्रीमती र नजिकका परिवारजनको निम्ति अकुशल कर्मको सञ्चय गर्नुहुन्न। तिनीहरूको लागि यस्ता कार्य कहिल्यै नगर्नु। किनभने अकुशल कर्मले गर्दा नरकमा जन्म लिन्छ। नरकमा जन्म हुने तिनै अकुशल कर्मको फल कसलाई प्राप्त हुन्छ ? भने आफैलाई प्राप्त हुन्छ र आफैँले भोग्नु पर्छ। ती ब्राह्मण, भिक्षु, देव, पाहुना, बाबु, आमाको निम्ति गरेको भएकाले उक्त अकुशल कर्मको

केही विपाक फल उनीहरूलाई भाग लगाउने भन्ने हुँदैन। त्यसैले अकुशल कर्मको फल नभोग्न आफ्नो लागि अकुशल कर्म त्याग्ने मात्र नभई अरूको निम्ति गर्ने अकुशल कर्म पनि त्याग्नु पर्छ भनी उपदेश दिनुभएको हो।

दोस्रो, पाप त्याग्नुको उद्देश्य—

पाप कर्म गर्ने जो कोहीलाई पनि
हतियारले तुरुन्तै काटेको जस्तो नभए पनि
मर्ने समयमा पाप कर्मको फल
त्यसलाई प्रत्यक्ष हुन्छ ॥३१॥

त्यसपछि पाप (अकुशल कर्म) त्याग्ने तरिका देखाउनु भएको छ। ती अकुशल कर्म आफ्नो लागि वा ब्राह्मण, देव, बाबु, आमा, श्रीमती र परिवार जसको निम्ति गरेको भए पनि त्यसको फल अहिले प्राप्त हुँदैन भन्ने सोच्नुहुन्न किनभने पाप कर्मको फल अहिले नै हतियारले काटे झैं तुरुन्तै प्राप्त हुँदैन। मर्ने बेलामा पाप कर्मको फल जे जस्ता छन् ती सबै आफूमा प्रकट हुन्छन्। जस्तै: चरा आकाशमा उड्दै जाँदा उसको छायाँ जहिले पनि उसँगै गई रहेको हुन्छ तर ऊ जब जमिनमा बस्छ तब उसको छाँया प्रत्यक्ष देखिन्छ। यसरी नै कर्मको फल पनि मर्ने बेलामा प्रत्यक्ष देखिन्छ। त्यसैले धन सम्पत्ति आदिको लागि अकुशल कर्म गर्नुहुन्न, भन्नुभएको हो।

तेस्रो, सम्पत्तिबाट हुने चञ्चलतामा तीन; १. सम्पत्ति त्याग्ने र लिने बारे भेदको साधारण व्याख्या, २. विशेष गरी तुच्छ सन्तुष्टिका कर्मको त्याग र ३. त्यागको प्रतिपक्ष।

पहिलो, सम्पत्ति त्याग्ने र लिने बारे भेदको साधारण व्याख्या—

निर्मल श्रद्धा, शील, श्रुति, त्याग, ह्री,
अपत्राप्य र प्रज्ञा सात आर्य धन हुन्
भनी मुनिले बताउनु भएको छ।
अरू धनलाई सामान्य र व्यर्थ हुन् भनी बुझ ॥३२॥

साधरणतया सम्पत्तिमा राम्रा र नराम्रा दुबै पक्ष छन्। कुशल सम्पत्ति के-के हुन् ? भने १. श्रद्धा, २. शील, ३. श्रुति, ४. त्याग, ५. लज्जा, ६. अपत्राप्य र ७. प्रज्ञा गरी सात छन्। ती सात सम्पत्तिहरू आफू वा अरू जो सँग भए पनि ठूलो लाभ र कुशलमय हुन्छ। त्यसैले ती आर्यको सात सम्पत्ति हुन् भनी मुनि अर्थात् भगवान् बुद्धले भन्नुभएको छ।

तर सामान्य मान्छे सबैले अमूल्य मानिने सुन, चाँदी र बहुमूल्य पत्थरहरू वास्तवमै अनमोल हुन् त ? भने सद्धर्मको हिसाबमा अनमोल होइन। त्यसैले अर्थपूर्ण र अर्थहीन दुई धनहरू मध्ये अर्थपूर्ण आर्यको सात धन भएमा लाभ हुन्छ। अरू अर्थहीन धन सञ्चय गरेर खासै महत्त्व छैन। त्यसैले अर्थहीन धन सम्पत्तिको लागि अर्थहीन कार्यहरू धेरै गरिरहे राम्रो नहुने भएकोले ती कार्यहरू त्याग्नु पर्छ।

दोस्रो, विशेष गरी तुच्छ सन्तुष्टिका कर्मको त्याग—

जुवा खेल्नु, उत्सव हेर्नु, आलस्य हुनु,
खराब साथीहरूको सङ्गत गर्नु,
मदिरा सेवन गर्नु, रातमा हिँड्नु दुर्गतिका कारण हुन् र
अपयश फैलाउने भएकाले यी छ वटालाई त्याग ॥३३॥

उसोभए त्याग्नुपर्ने अर्थहीन दोषयुक्त कर्महरू के-के हुन् ? भने जुवा आदि खेल्नु, मान्छे धेरै जम्मा हुँदा नाचगान हेर्नु, वीर्यहीन अल्छी हुनु, खराब मित्रको सङ्गत गर्नु, त्यसैगरी मदिरा सेवन गरी मात्तिनु र राति विनाकारण गाउँ डुल्नु आदि हुन्। यी छ कार्यहरू पुनर्जन्ममा दुर्गतिमा जाने हेतु र यस जुनीमा पनि कुख्यातका हेतु हुन्। त्यसैले जसरी भए पनि त्याग्नु पर्छ। ती कर्म विपरीत माथि उल्लिखित श्रद्धा, श्रुति, त्याग आदि आर्यका सात सम्पत्ति ग्रहण गर्नुपर्छ भनी आग्रह गर्नुभएको हो।

तेस्रो, त्यागको प्रतिपक्षमा दुई; १. प्रतिपक्षको फाइदा र २. प्रतिपक्ष प्रयोग नगर्दाको दोष।

पहिलो, प्रतिपक्षको फाइदा—

सन्तोष नै परम धन हो भनी
देवमनुष्यका शास्ताले बताउनु भएको छ।
सधैं सन्तोषी बन। सन्तोषी हुन जानेमा
भौतिक सम्पत्ति नभए पनि साँच्चिकै धनी भइन्छ॥३४॥

यस श्लोकमा धन सम्पत्तिप्रतिको आसक्ति त्याग्नु पर्ने उपदेश दिनुभएको छ। साधारणतया, सम्पत्तिमा विभिन्न प्रकारका रत्नहरू धेरै भए तापनि सबै भन्दा उत्कृष्ट अब मलाई पुग्यो भन्ने सन्तुष्टि हो। सन्तुष्टि भन्नाले आफूलाई यति धन सम्पत्तिले पुग्छ, खाद्यान्नले पुग्छ, सबै पुग्छ र सबै राम्रो छ भन्ने सोचलाई बुझिन्छ। यस्तो सन्तुष्ट भाव सम्पूर्ण सम्पत्ति मध्ये उत्तम हो किनभने *"देव मनुष्यका शास्ताले बताउनु भएको छ॥"* अर्थात् भगवान् बुद्धले बताउनुभएको छ।

शास्ता तथागत भागवान् बुद्ध कस्ता हुनुहुन्छ ? भने उहाँ देवका शास्ता र मनुष्यका पनि शास्ता हुनुहुन्छ। उहाँको वचनमा कुनै त्रुटि हुनै सक्दैन। त्यसैले हुन्छ वा पुग्छ भन्ने सन्तुष्ट हुनु अति नै महत्त्वपूर्ण भएकोले सर्व सन्तोषी बन्नुपर्छ। यदि सन्तुष्ट भाव भएमा अपार धन सम्पत्ति नभए पनि साँच्चिकै अथाह धन सम्पत्ति भएको जस्तो सर्वसम्पन्न हुन्छ। ऊ हृदयदेखि खुसी हुन्छ र कुनै पनि कठिनाइ नभई धेरै राम्रो हुन्छ, भन्नुभएको हो।

दोस्रो, प्रतिपक्ष प्रयोग नगर्दाका दोष—

हे नायक ! श्रेष्ठ नागराजको शिरमा
जति धेरै फणा हुन्छन् त्यति नै दुःख भए जस्तै
धेरै धनी व्यक्तिलाई धेरै दुःख हुन्छ भने
चाहना कम भएका व्यक्तिलाई दुःख पनि कम हुन्छ ॥३५॥

सन्तुष्टि नहुँदाको दोषहरू भन्नुपर्दा धन सम्पत्ति जति भए पनि त्यति लाभ नभई दु:ख नै हुन्छ। *‘नायक’* भनेर राजालाई सम्बोधन गर्दै अति शान्तरूपी तपाईंले सुन्नुहोस्। धन सम्पत्ति प्रशस्त भए सुखी हुन्छ त ? भने त्यसो नभई बरु दुःखी हुन्छ। त्यति धेरै दुःख त कम चाहना भएकाहरूमा हुँदैन। “मलाई धन सम्पत्ति धेरै चाहिँदैन, मलाई पुग्छ” भन्ने सोच अर्थात् सन्तुष्ट हुनेहरूलाई कम चाहना भएको भनिन्छ।

त्यसैले कम चाहना भएकाहरूमा त्यस्तो ठूलो दुःख हुँदैन। धन सम्पत्ति नभए पनि सन्तुष्ट भएकाले उनीहरू दुखी हुँदैनन्। उदाहरणको लागि श्रेष्ठ नागराजहरूको शिरमा धेरै फणा हुन्छन्। नागहरूमा जति धेरै फणा हुन्छन् त्यति धेरै शिरहरू पनि हुन्छन्। जति धेरै शिर हुन्छन् त्यसबाट उत्पन्न

भएका दुःख पनि साथमा पाउँछन् र प्रत्येक शिरको दुःख प्राप्त हुन्छ। त्यसैले धन सम्पत्ति जति भए पनि त्यसले गर्दा असहजता र दुःख पनि धेरै हुन्छन् भन्नुभएको हो।

चौथो, भोगविलासले गर्दा हुने चञ्चलतामा तीन भेद छन्; १. परिवारप्रतिको आसक्ति त्याग्ने, २. भोजनप्रतिको आसक्ति त्याग्ने र ३. निद्राप्रतिको आसक्ति त्याग्ने। पहिलोमा पनि दुई; १. त्याग्नु पर्ने र २. ग्रहण गर्नु पर्ने।

पहिलो, त्याग्नु पर्ने—

स्वभावैले शत्रुसँग सम्बन्ध भएको कसाही जस्ती,
पतिलाई अपमान गर्ने मालिक्नी जस्ती,
साना तिना कुरा चोरी रहने चोर्नी जस्ती
तीन प्रकारका पत्नीहरूलाई त्याग्नुपर्छ ॥३६ ॥

त्यसपछि भोगविलासप्रतिको आसक्ति त्याग्नु पर्ने देखाएको छ। सर्वप्रथम, श्रीमतीप्रतिको आसक्ति त्याग्नु पर्छ। खराब नभई राम्रो स्वभावको पत्नी लिनुपर्छ। आफूलाई हानि पुऱ्याउने, झगडा गर्ने, कठोर वचन बोल्ने, शत्रुलाई जस्तै व्यवहार गर्ने र शत्रुसँग सम्बन्ध भएको अर्थात् आफूलाई मार्ने कसाही जस्ती स्वाभावकी छिन् भने त्यस्तालाई त्याग्नुपर्छ। अनि कुनै अति नै घमन्डी र आफ्नो पतिलाई अपमान गरी मालिक्नी जस्तै गरेर आदेश दिने, कठोर वचनले गाली गर्ने जस्ता श्रीमती पनि लिनु हुन्न। अनि कुनै त चोर हुन्छन्। जस्तैः साना-तिना सामान चोर्ने र डाँका हाल्ने श्रीमती पनि लिनु हुन्न। यस्ता तीन प्रकारका श्रीमती लिनु हुन्न भन्नुभएको हो।

दोस्रो, ग्रहण गर्नु पर्ने—

बहिनी जस्ती मिलनसार,
प्रेमिका जस्तै मनमोहक, आमा जस्तै हितकारी र
सेविका जस्तै आज्ञाकारी पत्नीलाई
कुल देवता झैं पूजा गर्नु ॥३७ ॥

त्यसैले राम्रो स्वभावकी श्रीमती लिनुपर्छ। श्रीमती कस्ती हुनुपर्छ ? भने आफ्नी बहिनी जस्ती माया गर्ने, जे भने पनि मान्ने, आफूसँग मिल्ने, प्रेमिका जस्तै मनमोहक, सबै कामहरू राम्ररी गर्न सक्ने पत्नी हुनुपर्छ। अनि आमा जस्तै हितकारी अर्थात् आमाले आफ्नो छोरोलाई के गर्दा हित हुन्छ भन्ने सोच्छिन्। त्यस्तै आफ्नो भलो चिताउने र सेविका जस्तै आज्ञाकारी श्रीमती हुनुपर्छ। उदाहरणको लागि नोकर्नीलाई तिमीले यो गर्नु, त्यो गर्नु भन्दा हुन्छ र मान्छिन् पनि। त्यसैगरी आफ्नो श्रीमती पनि सेविका जस्तै जे भने पनि मान्ने खालको हुनुपर्छ। त्यसैले *"कुल देवता झैं पूजा गर्नु"* भने झैं त्यस्तो गुण भएकी श्रीमतीले आफ्नो कुल जोगाउने भएकोले राजा तपाईंले त्यस्ती राम्री स्वभावकी पत्नी अर्थात् रानी लिएर उनलाई देवता झैं पूजा गर्नुपर्छ भन्नुभएको हो।

दोस्रो, भोजनप्रतिको आसक्ति त्याग्ने—

खानालाई ओखती जस्तो मानेर
राग र द्वेषबाट मुक्त भई ग्रहण गर।
मान, गर्व र सुन्दरता बढाउनको लागि नभएर
शरीर चलाउनको लागि मात्र भोजन गर॥ ३८॥

यस श्लोकमा भोजन गर्ने तरिका बताउनुभएको छ। भोजनप्रतिको आसक्ति त्याग्नु पर्छ भने भोजन गर्दा 'यो औषधि हो, यसले जीउलाई फाइदा पुऱ्याउँछ, बाँच्नको निम्ति खाएको हुँ' भन्ने सोचेर ओखतीको रूपमा लिनुपर्छ। मिठो खानुपर्छ भन्ने राग र नमिठो रहेछ भन्ने द्वेष उत्पन्न नगरी 'यो खानाले शरीरलाई लाभ गर्छ' भन्ने सोचसहित ग्रहण गर्नुपर्छ।

सामन्य व्याख्या पछि विशेष गरी यहाँ *"मान, गर्वको लागि नगर"* भनि उक्त भोजनले 'म बलियो भई शानदार हुन्छु' भन्ने सोच्नु बलको मद (घमण्ड) हो। म निरोगी तथा दीर्घायु हुन्छु भन्ने सोच्नु पर्छ र कहिल्यै पनि यौवनको मद कायम राख्नलाई खानु हुन्न। बलियो भई अरूलाई हानि पुऱ्याउने जस्ता अकुशल कामहरू सजिलै गर्न सकिन्छ भन्ने सोचेर गर्वको लागि खानु हुन्न। शारीरिक शक्ति बढेर बलवान हुन्छ भन्ने जस्ता कुरा नसोचेर सेवन गर्नुपर्छ। खाना कसरी सेवन गर्नुपर्छ ? भने सद्धर्मको अभ्यास गर्न आफ्नो शरीर स्वस्थ र लामो समयसम्म रहनु जरुरी भएकोले म केवल त्यसैका लागि खाना खान्छु भन्ने सोच्नुपर्छ। यसरी भोजनप्रतिको आसक्ति त्यागेर सेवन गर्ने तरिका बताउनुभएको हो।

तेस्रो, निद्राप्रतिको आसक्ति त्याग्ने—

हे विद्यावान् ! सम्पूर्ण दिन तथा रातको पहिलो
र अन्तिम प्रहरलाई राम्रो काममा लगाऊ।
त्यसको अलावा रातको मध्य प्रहरमा पनि स्मरणयुक्त
भएर सुत जसले गर्दा निन्द्रा पनि व्यर्थ नहोस्॥३९॥

रातको निन्द्रा कस्तो हुनुपर्छ ? भने निन्द्रा पनि आसक्ति र रागरहित

हुनुपर्छ। *"विद्यावान् !"* भनी राजालाई सम्बोधन गर्दै विद्वान राजा तपाईंले सारा दिन सुतेर नबसी कुशल कार्यमा वीर्यको अभ्यास अर्थात् सधैं कुशल कर्म गर्नुपर्छ। त्यति मात्र नभई रातमा पनि पहिलो र तेस्रो प्रहरमा नसुतीकन पुण्य आर्जन गरी समय सदुपयोग गर्नुपर्छ।

पहिलो र अन्तिम प्रहर भन्नाले **श्रामणेरकारीका** आदि ग्रन्थहरू भित्र रातलाई पाँच भाग लगाएर पहिलो भागलाई प्रथम प्रहर र पाँचौं भागलाई अन्तिम प्रहर भन्नुभएको छ। ती दुई प्रहरमा पढेर वा पूजा पाठ जस्ता पुण्य कर्म गरी समय उपभोग गर्नुपर्छ। ती दुईको बिचमा रहेका तीन भाग समयमा सुत्नुपर्छ। सुत्दा निन्द्रामा पनि केही फल प्राप्त नहुने भन्ने होइन। त्यसैले बिना लाभ वा फलहीन लास जसरी नसुतेर स्मृति तथा सम्प्रजन्ययुक्त रूपले प्रथम र अन्तिम प्रहरको बिचको समयमा राम्ररी निदाउनु पर्छ भनी निद्राको अभ्यास विधि बताउनुभएको हो।

दोस्रो, अनुकूल पक्षको चार ब्रह्मविहार भावना—

सधैं मैत्री, करुणा, मुदिता र
उपेक्षाको सम्यक् रूपमा भावना गर।
उच्च पद (निर्वाण) प्राप्त नभए पनि
ब्रह्मलोकको लौकिक सुख प्राप्ति हुनेछ ॥४० ॥

यस श्लोकमा अनुकूल पक्ष समाधि भावना विधि बारे बताउनुभएको छ। समाधि ध्यान कसरी गर्नुपर्छ ? भने सधैं सम्पूर्ण प्राणी सुखी रहून् भन्ने चाहना मैत्रीभाव चिन्तन गर्नुपर्छ। सर्व सत्त्वहरू दुःखबाट मुक्त होऊन भन्ने चाहना करुणाभाव चिन्तन गर्नुपर्छ। सर्वप्राणी सुखले युक्त होऊन र

खुसीयाली छाऊन भन्ने चाहना मुदिता (आनन्द) भाव चिन्तन गर्नुपर्छ। कुनै पनि प्राणीलाई टाढा र नजिकको नठानी बिना राग सबैलाई समान रूपले हेर्ने उपेक्षाभाव चिन्तन गर्नुपर्छ। यी चार ब्रह्मविहारलाई तपाईंले सधैं सम्यक् रूपमा भावना (ध्यान) गर्नुपर्छ।

ध्यान किन गर्नुपर्छ ? भने ध्यान उत्कृष्ट भएमा बुद्धत्व प्राप्त हुन्छ, अर्हत् हुन्छ, आफूमा विशेष समाधि उत्पन्न भई ठूलो लाभ हुन्छ। यदि त्यस्तो फल प्राप्त नभए तापनि लौकिक तवरले ब्रह्मा लोकमा जन्म भई ब्रह्मको सम्पूर्ण सुख प्राप्त हुन्छ। त्यसै कारण चार अप्रमाणहरू (चार ब्रह्मविहार) भावना गर्नुपर्छ भन्नुभएको हो।

दोस्रो, मूल अभ्यासको रूपमा चार ध्यानको अभ्यास गर्ने उपदेश—

कामचर्या, प्रीति, सुख र दुःख पूरै त्यागेर
चार ध्यानद्वारा ब्रह्म, आभास्वर, शुभकृत्स्न र
बृहत्फल नामक ब्रह्महरू समान
सौभाग्य प्राप्त हुनेछ ॥४१ ॥

त्यसैगरी समाधि ध्यान गर्नुपर्छ। समाधि ध्यानमा कामचर्याको चाहना अर्थात् कामच्छन्दको दोषबाट मुक्त हुने प्रथम ध्यान हो। त्यसैगरी प्रीति र सुखयुक्त हुने द्वितीय ध्यान हो। प्रीति त्यागेर सुखवान् हुने तृतीय ध्यान हो। प्रीति, सुख र दुःख सारा विशुद्ध त्यागेर समानताको उपेक्षा युक्त चतुर्थ ध्यान हो। यी प्रथम, द्वितीय, तृतीय र चतुर्थ समाधि ध्यान भावनाले भविष्यमा क्रमशः फलहरू प्रथम ध्यानले ब्रह्मा लोकमा जन्म, द्वितीय ध्यानले आभास्वर भूमिमा जन्म, तृतीय ध्यानले शुभकृत्स्न भूमिमा जन्म हुन्छ। चतुर्थ ध्यानको

बृहत्फल देवहरू माझ जन्मेर देवता समानको भाग्य प्राप्त हुन्छ। त्यसैले समाधिको विशुद्ध भावना गर्नुपर्छ। समाधि भावनाले गर्दा नै पुनर्जन्ममा देवलोकमा जन्म लिई सारा सुख र खुसी प्राप्त हुन्छ, भन्नुभएको हो।

तेस्रो, अन्तको कार्यमा दुई; १. पुण्य र पापहरूको ग्रहण र त्यागको सामान्य व्याख्या र २. विशेष गरी समाधिका दोषहरू त्याग्ने तरिका। पहिलोमा दुई; १. पुण्य र पापको गुरुत्वको बयान र २. अकुशल कर्मको प्रतिपक्ष शक्तिशाली कुशल कर्म उत्पन्न गर्ने उपदेश।

पहिलो, पुण्य र पापको गुरुत्वको बयान—

सधैं गरिने (नित्य), अभिलाषा सहित गरिने,
प्रतिपक्ष नभएको, गुणको प्रधानता र वस्तुबाट उत्पन्न
पाँच प्रकारका महत कुशल र अकुशल कर्म हुन्छन्।
तसर्थ कुशल चर्या गर्न प्रयत्न गर्नुपर्दछ॥४२॥

साधारणतया, पुण्य र पाप दुई मध्ये कुशल कर्म आर्जन गरी अकुशल कर्म त्याग्नुपर्छ। पुण्यमा पनि सर्वोत्कृष्ट र वृहत् पुण्य आर्जन गर्नुपर्छ। ठूला ठूला अकुशल कर्महरू त्याग्नु पर्छ। बलिया (शक्तिशाली) कुशल र अकुशल कर्म भन्नाले कस्तो हो ? भने यहाँ पाँच प्रकारका बताइएका छन्।

पहिलो, पुण्य र पाप जे भए पनि निरन्तर सधैं गरे बलियो हुन्छ। **दोस्रो,** पुण्य र पाप अर्थात राग र अभिलाषा सहित गरे बलियो हुन्छ। **तेस्रो,** पुण्य र पाप जे भए पनि त्यसलाई निर्मुल पार्ने प्रतिपक्ष अर्थात पछुताएमा त्यसको शक्ति अलि कम हुन्छ। त्यसैले प्रतिपक्ष पश्चात्ताप नभएमा वा उत्पन्न नभएमा ती पुण्य र पाप बलिया हुन्छन्। **चौथो,** विशेष गुणले सु-सम्पन्न

त्रिरत्न; बुद्ध, धर्म र संघ, साथै कल्याणमित्र आदिद्वारा कुशल या अकुशल कर्म सञ्चय गरे बलिया हुन्छन्। **पाँचौं,** *"प्रधानता वा स्थानद्वारा उत्पन्न"* भन्नाले स्थानहरू मध्ये विशेष गरी लाभदायी स्थान र दुःखदायी स्थानबाट उत्पन्न भएका पुण्य र पापलाई भनिएको हो। त्यसैले लाभदायी स्थान जस्तैः बुबा आमा आदिलाई पुण्य र पाप जे गरे पनि बलिया हुन्छन्। दुःखित स्थानबाट उत्पन्न भएको जस्तैः कमजोर, बिरामी, दयनीय भिखारी आदिलाई हेप्ने या अवहेलना गरेमा अकुशल कर्म बलिया हुन्छन् भने तिनीहरूलाई लाभ हुने या सहयोग गरे कुशल कर्म बलिया हुन्छन्।

सङ्क्षेपमा, कुशल कर्म भए पनि सदा गर्ने, अभिलाषासहित गर्ने, प्रतिपक्ष बिना गर्ने, गुणको स्थानबाट उत्पन्न भएको र प्रधानताबाट उत्पन्न भएका यी पाँच गरेमा पुण्य बलियो हुन्छ। त्यसैगरी अकुशल कर्म पनि निरन्तर गर्ने, अभिलाषा सहित गर्ने, प्रतिपक्ष बिना गर्ने, गुणको स्थान, प्रधानताको स्थान लाभान्वित र दुःखदायी स्थानबाट उत्पन्न भएको भए यी अकुशल कर्म बलियो हुन्छन्। त्यसैले ती स्थानहरूले गर्दा उत्पन्न भएका पाँच कुशल कर्म र अकुशल कर्महरू अरू सामान्य कर्महरूबाट उत्पन्न भएका भन्दा शक्तिशाली हुन्छन्। सोही कारणले कुशल कर्मको सञ्चय गर्दा पाँच बलियो कुशल कर्महरू सञ्चय गर्ने प्रयत्न गर्नुपर्छ। त्यसैगरी अकुशल कर्म त्याग्न पनि ती पाँच बलिया अकुशल कर्महरू त्याग्न प्रयत्न गर्नुपर्छ भन्नुभएको हो।

दोस्रो, अकुशल कर्मको प्रतिपक्ष शक्तिशाली कुशल कर्म उत्पन्न गर्ने उपदेश—

थोरै नुनले अलिकति पानीको स्वाद बदले पनि
गङ्गा नदीकै पानीको स्वाद बदल्न सक्दैन।

त्यसै गरी थोरै पाप कर्मले धेरै कुशलमूललाई
नष्ट पार्न सक्दैन भनी जान ॥ ४३ ॥

अकुशल कर्म त्याग्नुपर्छ र अकुशल कर्म त्यागनलाई कुशल कर्मको अभ्यास गर्नुपर्छ। कुशल कर्मको अभ्यास गर्दा वृहत् शक्तिशाली कुशल कर्मको अभ्यास गर्नुपर्छ। यहाँ एउटा उदाहरणसहित देखाउनुभएको छ। जस्तैः थोरै पानीमा केही ग्राम नुन मिसाएमा उक्त पानीको स्वाद बदलेर नुनको स्वाद आउँछ। तर गङ्गा नदीको पानीमा केही ग्राम नुन मिसायो भने त्यसले पानीको स्वाद अलि कति पनि बदल्न सक्दैन। त्यसैगरी कुशल कर्म सञ्चय गर्दा पुण्य थोरै मात्रामा सञ्चय गरे सानो पाप कर्म मात्र उन्मुलन हुन्छ। सानो कुशल कर्म गरेर ठूलो पाप कर्महरूको उन्मुलन गर्न सकिन्न। त्यसैले थोरै नभई वृहत् रूपले कुशल कर्म सञ्चय गरेमा ठूला ठूला पाप अर्थात् अकुशल कर्महरू नष्ट गर्न सकिन्छ भन्नुभएको हो।

दोस्रो, विशेष गरी समाधिका दोषहरू त्याग्ने तरिका—

औद्धत्य, कौकृत्य, व्यापाद, स्त्यान,
मिद्ध, कामच्छन्द र विचिकित्सारूपी
पाँच नीवरणहरूलाई कुशल धन चोर्ने
चोर हुन भनी जान ॥४४ ॥

यस श्लोकमा समाधिका दोषहरू त्याग्नु पर्ने बताइएको छ। साधारणतया, हामीले भावना (ध्यान) र समाधि भावना गरी क्लेशहरू त्याग्नुपर्छ। समाधि भावना गर्दा विशेष गरी केले बाधा पुऱ्याउँछ ? भने यहाँ पाँच वटा नीवरणहरू छन्।

पहिलो, औद्धत्य र कौकृत्य हो। औद्धत्य भन्नाले, ‘पहिले मस्ती रमाइलो गरियो, खेलियो, त्यो ठाउँमा गइयो’ आदि इत्यादि सोचेर मनमा कुरा खेली रहनुलाई बुझिन्छ। यस्ता औद्धत्य उत्पन्न भए समाधि भावना गर्न सकिँदैन र समाधिलाई हानि पुऱ्याउँछ। त्यसपछि कौकृत्य भन्नाले, ‘ओहो ! मैले धेरै नराम्रो काम गरेछु। त्यो त पटक्कै राम्रो भएन’ भन्ने सोचेर पश्चत्ताप भए पनि त्यसले गर्दा मन स्थिर रहन सक्दैन। यहाँ औद्धत्य र कौकृत्य दुबै एउटैमा राख्नु चाहिँ मन चञ्चलता हुनेमा एउटै भएर हो।

दोस्रो, व्यापाद भन्नाले आफ्नो शत्रु वा आफूलाई रिस उठाउने र मन नपराउनेलाई दुःख दिन्छु, हानि पुऱ्याउछु भन्ने सोचलाई बुझिन्छ। यस्ता व्यापादले गर्दा मन स्थिर रहन सक्दैन। व्यापाद उत्पन्न भएपछि निरन्तर याद आएर राम्रोसँग सोच्न र मन स्थिर राख्न सकिन्न।

तेस्रो, स्त्यान र मिद्ध हो। स्त्यान भन्नाले सुस्तपना या अस्पष्ट मन हो। चित्त अस्पष्ट हुदाँ नरमाइलो हुन्छ र त्यसले गर्दा ध्यान गर्न सकिदैन। मिद्ध (निद्रा) पाँच इन्द्रिय भित्र पर्ने भएकोले मोह जस्तोलाई बुझिन्छ। स्त्यान र मिद्ध दुबैले चित्तलाई अस्पष्ट पार्नेमा मेल खाने भएकोले यहाँ सँगै राखेका हुन्। पहिले स्त्यान उत्पन्न हुन्छ त्यसपछि निन्द्रा लाग्छ।

चौथो, कामच्छन्दको चाहना भन्नाले ‘यो मलाई चाहिन्छ’ भन्ने चाहना या आसक्तिलाई भनिन्छ। आसक्तिले गर्दा फेरि फेरि याद आएर मन स्थिर रहन सक्दैन।

पाँचौ, विचिकित्सा (शङ्का) भन्नाले यो राम्रो हो कि होइन भन्ने अनिश्चितता सोचलाई भनिन्छ।

तीे पाँच निवारणहरू आफ्नो कुशल धन लुट्ने लुटेराहरू हुन् भन्ने बुझ्नुपर्छ। ती सबै आफ्नो कुशल सम्पत्तिको नाश गर्ने चोर र डाँका हुन् भन्ने राम्ररी बुझ्नुपर्छ भन्नुभएको हो। यसले ध्यान पारमिता देखाएको छ।

प्रज्ञा पारमिता

छैटौँ, प्रज्ञामा दुई; १. श्रद्धा आदि पाँचका मार्गको स्वरूप सङ्क्षेपमा उल्लेख र २. स्मृति उपस्थान आदिको प्रज्ञालाई विस्तारमा व्याख्या। पहिलोमा दुई; १. श्रद्धा आदि ग्राह्यको आश्रय लिने र २. त्याग्नु पर्ने प्रतिपक्षद्वारा मद हटाउने तरीका।

पहिलो, श्रद्धा आदि ग्राह्यको आश्रय लिने—

श्रद्धा, वीर्य, स्मृति, समाधि, प्रज्ञारूपी
पाँचको प्राप्तिको लागि धेरै प्रयत्न गर
किनकि यिनीहरूलाई लौकिकाग्रमा बल र
मुर्धनमा इन्द्रिय भनिन्छ ॥४५ ॥

प्रज्ञा पारमितामा प्रवेश गर्दा सर्वप्रथम त्रिरत्नप्रति विशुद्ध श्रद्धा हुनुपर्छ। श्रद्धा भएपछि मात्र त्यसले गर्दा वीर्य (लगनशील) हुन्छ। श्रद्धा र वीर्य मात्र नभई सधैं दुराचारलाई नियन्त्रण गर्नुपर्छ। त्यसैगरी खराब चर्याको अधीन मुक्त स्मृति, स्थिर चित्तको समाधि र सर्वधर्मको अस्तित्वको बोध गर्ने प्रज्ञा गरी यी पाँच सद्धर्महरू मध्ये सर्वोत्कृष्ट भएकोले पाँच उत्तम धर्म भनिएको हो।

जसरी भए पनि आफूमा ती पाँच धर्महरू (श्रद्धा, वीर्य, स्मृति, समाधि

र प्रज्ञा) हुनुपर्छ। ती धर्महरू शक्तिशाली र राम्ररी उत्पन्न भएको छ कि छैन, विकास भएको छ कि छैन भनी परीक्षण गरेर मिहिनेत गर्नुपर्छ। किनभने ती पाँच शक्तिशाली भएको अवस्थामा पाँच बल भनिन्छ। गुण शक्तिशाली भएको अवस्थामा पाँच इन्द्रिय भनिन्छ। तिनीहरूलाई पाँच वैयवदानिक इन्द्रिय पनि भनिन्छ। त्यसैले कहिलेकाहीँ पाँच इन्द्रिय र कहिले काहीँ पाँच बल भनी सद्धर्म साधनाको मुर्धन भएर जान्छ। त्यसैले विशुद्ध रूपले वीर्यको अभ्यास गर्नुपर्छ भन्नुभएको हो।

दोस्रो, त्याग्नु पर्ने प्रतिपक्षद्वारा मद हटाउने—

रोग, बुढोपन, मृत्यु, प्रिय वियोग
आदिबाट म मुक्त छुइन। मैले गरेका कर्महरू
काटेको छुइन भनी बारम्बार सोच्ने हो भने
त्यही नै प्रतिपक्ष भएकाले मात्तिँदैन॥ ४६ ॥

'म धेरै राम्रो छु।' भन्ने अहङ्कार अर्थात् मद उत्पन्न भयो भने त्यो राम्रो होइन। त्यसैले मद त्याग्नु पर्छ। मद त्याग्नलाई प्रतिपक्ष के अपनाउनु पर्छ ? भने हाम्रो जीवनमा रोग, बुढोपन, मृत्यु, प्रिय वियोग हुन्छ। प्रियसँगको वियोग भन्नाले हाम्रो मनोरञ्जन, आनन्द, खुसी, राम्रो आदि सबै एकदिन नष्ट भएर जान्छ। तिनीहरूबाट छुट्नुपर्छ भन्ने कुरा पनि बुझ्नुपर्छ। मैले सञ्चय गरेका पुण्य र पाप कर्महरू जे जस्तो भए पनि आफ्नै टाउकोमा आउँछ भने कर्मको फल कहिल्यै खेर जाने भन्ने हुँदैन। त्यसैले हामीले कुशल कर्म गरी अकुशल कर्म त्याग्नुपर्छ।

त्यसकारण रोग, बुढोपन, मृत्यु, प्रियजनसँग वियोग आदि पाँच कुराहरूको सधैं चिन्तन गर्नुपर्छ। तिनीहरूको चिन्तनले के लाभ हुन्छ ?

भने ती प्रतिपक्ष बल वृहत् भएको हुनाले यसले गर्दा मद उत्पन्न हुँदैन। म अति विद्वान हुँ, म धेरै राम्रो छु भन्ने जस्ता घमण्ड र मदको नाश भएर जान्छ। यसले गर्दा चित्त अति नै सकारात्मक अवस्थामा शान्त र स्थिर रहन सक्छ भन्नुभएको हो।

दोस्रो, स्मृति उपस्थान आदिको प्रज्ञालाई विस्तारमा व्याख्या गर्दा दुई; १. संसार र निर्वाणको सम्पूर्ण शुभ कार्यहरूको मूल प्रज्ञा हो भनी दर्शाएको र २. प्रज्ञायुक्त वास्तविक मार्गको व्याख्या। पहिलोमा दुई; १. अभ्युदय (सुख) र निःश्रेयश (निर्वाण) दुवैको मूल लौकिक सम्यक् दृष्टि र २. निश्रेयशको मूल लोकोत्तर सम्यक् दृष्टि।

पहिलो, अभ्युदय र निःश्रेयश दुवैको मूल लौकिक सम्यक् दृष्टि—

सुगति र मोक्षको चाहना छ भने
सम्यक् दृष्टिको अभ्यास गर
मिथ्यादृष्टि लिएको व्यक्तिले अभ्यास गरे पनि
ती सबै कर्महरूको असह्य विपाक भोग्नै पर्छ ॥४७ ॥

कर्मफलमा विश्वास गर्ने दृष्टि सम्यक् प्रज्ञा भएको हुनाले कर्मफलमा विश्वास गर्ने दृष्टि चाहिन्छ भन्नुभएको हो। हामीले क्षणिक रूपमा उच्च लोक देवता र मनुष्यको काय र अन्त्यमा मोक्ष प्राप्त गर्नुपर्छ। यदि 'मैले उच्च लोक प्राप्त गर्नुपर्छ, मोक्ष प्राप्त गर्नुपर्छ' भन्ने मन भित्रैबाट प्रत्यक्ष चाहना र उत्साह छ भने सुगति र मोक्ष प्राप्तिको हेतु सम्यक् दृष्टिको अभ्यास गर्नुपर्छ।

सम्यक् दृष्टि भन्नाले 'कुशल कर्मको फल सुख प्राप्त हुन्छ र पाप

अर्थात् अकुशल कर्मको फल दुःख प्राप्त हुन्छ' भन्ने कर्मफलप्रति आस्था र विश्वास गर्नुलाई भनिन्छ। त्यसैले सम्यक् दृष्टिको अभ्यास गर्नुपर्छ भन्नुभएको हो। त्यसको अभ्यास किन गर्नुपर्छ ? भने यदि मिथ्या दृष्टि भएको कुनै व्यक्ति जसलाई कर्मफलमा विश्वास छैन, त्रिरत्नप्रति श्रद्धा छैन भने उसले काय, वाक् र चित्तको चर्या राम्रो भए पनि मिथ्यादृष्टिले गर्दा कर्मको सबै फलहरू अकुशल भएर जान्छ। विपाक दुःख असहनिय र दुःखदायी हुन्छ, भन्नुभएको हो।

दोस्रो, निश्रेयशको मूल लोकोत्तर सम्यक् दृष्टि—

मानिसहरू वास्तवमै दुःखी, अनित्य,
अनात्मा र अशुचि छन् भनी जान।
स्मृति नराख्ने व्यक्तिहरू चाहिँ चार विपर्यास
दृष्टि लिने भएकाले पतित हुन्छन्॥४८॥

त्यसपछि वास्तविक मार्ग बताउनुभएको छ। मनुष्यको अवस्था कस्तो छ ? भने हामी मनुष्यको जीवन वास्तवमै कष्टपूर्ण अर्थात् दुःखी, अनित्य, अनात्मा र अशुचि (फोहोर) छन् भनी जान्नुपर्छ। हामीलाई अति नै मन पर्ने र त्यसप्रति अथाह आसक्त हुनुपर्ने भन्ने कुरा केही छैन। यसलाई राम्ररी बुझेर चित्तलाई स्थिर राख्दै आफ्नो स्मृति उपस्थान गर्नुपर्छ। यदि स्मृति उपस्थान नगरेमा दुःखलाई सुख, अनित्यलाई नित्य, अनात्मालाई आत्मा, अशुचिलाई शुचि (शुद्ध) हो भनी ग्रहण (मनन) गर्छन् जुन दृष्टि विपर्यास (उल्टो) भएर जान्छ। यहाँ *"चार विपर्यास दृष्टि लिने भएकाले पतित् हुन्छन्॥"* भनी त्यसले गर्दा भविष्यमा पतन भएर जाने र ठूलो दोष हुन्छ भन्नुभएको हो।

दोस्रो, प्रज्ञायुक्त वास्तविक मार्गको व्याख्यामा दुई; १. मूल दृष्टिलाई विशेष रूपमा बताएको र २. वास्तविक मार्ग। पहिलोमा पनि दुई; १. पुद्‌गल नैरात्म्यको स्थापना र २. आत्माको आश्रयरूपी स्कन्धको परीक्षा।

पहिलो, पुद्‌गल नैरात्म्यको स्थापना—

रूप आत्मा होइन, आत्मा रूप होइन,
रूपमा आत्मा छैन, आत्मामा रूप छैन भनी
बताए झैं अन्य चार स्कन्धहरू पनि
शून्य छन् भनी जान॥ ४९॥

त्यसपछि दर्शन बारे बताउनु हुँदा सर्वप्रथम पुद्‌गल नैरात्म्य देखाउनुभएको छ। साधारणतया हामीमा रूप स्कन्ध, वेदना स्कन्ध, संज्ञा स्कन्ध, संस्कार स्कन्ध र विज्ञान स्कन्ध गरी पाँच स्कन्धहरू छन्। त्यस मध्ये सर्वप्रथम रूप स्कन्ध अनात्मा भएको कारण बताउनुभएको छ। *"रूप आत्मा होइन"* भनी म हुँ भन्ने आत्मा र रूप छुट्टा छुट्टै हुन्। त्यसैगरी विभिन्न शास्त्रहरूमा रथको उदाहरण राखेर बताउनुभएको छ।

जस्तै, रथको चक्र आदि त्यसको अरू विभिन्न अंशहरू रथ होइन। रथको अंशहरू फरक फरक हुन्छन्। त्यसरी नै रूप आत्मा होइन भन्नुभएको हो। त्यसैगरी *"आत्मामा रूप छैन"* भन्नाले यदि चक्र आदि रथ होइन भने रथमा चक्र आदि रथका अंशहरू छन् त ? त्यसमा पनि रथको चक्रहरू छुट्याएर राख्न मिल्ने रथ भन्दा अरू केही हुन्न। यो उदाहरण जस्तै आत्मामा रूप छैन।

त्यसपछि *"रूपमा आत्मा छैन"* भन्नाले उसो भए रूपमा आत्मा छ त ? उदाहरणको लागि रथको चक्र आदि अंशहरूमा रथ छैन। त्यसैगरी रूपमा

आत्मा छैन। अनि आत्मामा रूप छ त ? आत्मामा पनि रूप छैन। जस्तैः रथमा रथ भन्दा भिन्नै अरू कुनै अंश चक्र आदि छैन।

सङ्क्षेपमा भन्नुपर्दा रथलाई राम्ररी नियालेर परीक्षण गर्दा रथ प्रत्यक्ष सिद्ध भएको हुन्न। यो उदाहरण जस्तै आत्मा पनि छैन। यसरी रूपलाई परीक्षण गरे झैं बाँकी चार स्कन्धहरू; वेदना, संज्ञा, संस्कार र विज्ञान स्कन्ध आत्मा नभई शून्य हुन् भनी बुझ्नुपर्छ भन्नुभएको हो।

दोस्रो, आत्माको आश्रयरूपी स्कन्धको परीक्षा—

स्कन्धहरू यदृच्छा, काल,
प्रकृति, स्वभाव, ईश्वर र
अहेतुबाट आएका होइनन्।
अविद्या, कर्म र तृष्णाबाट आएका हुन्॥५०॥

त्यसपछि आत्माको आश्रयरुपी स्कन्ध शून्य हो भनी बताउनुभएको छ। आत्माको आश्रयरुपी स्कन्ध छ त ? भने त्यो पनि छैन। यहाँ *"यदृच्छा आएको होइन"* भन्नाले स्कन्ध कहिले आत्माबाट, कहिले अरूबाट, कहिले हेतुबाट, कहिले बिना हेतु आउँछ भन्ने जस्ता आफू खुसी उत्पन्न भएका होइन। अनि स्कन्ध भूत, भविष्य र वर्तमान तीनै कालबाट उत्पन्न भएका हुन् त ? त्यो पनि होइन। भूतकाल त नष्ट भइसक्यो। भविष्य अहिले छैन। वर्तमान भने भूतकालमा परिवर्तन भएर जान्छ। त्यसैले कालबाट आएका पनि होइनन्। त्यसैगरी प्राकृतिक रूपमै अवस्थित छन् त ? छैन। स्वभाविक रूपमा पनि छैन। अनि ईश्वरले पनि बनाएको होइन। हेतु बिना उत्पन्न भएको पनि होइन। त्यसो भए ती स्कन्धहरू केबाट उत्पन्न भएका

हुन् त ? भने तिनीहरू अविद्या, कर्म र तृष्णा गरी तीन हेतुहरूबाट आएका हुन् भन्ने बुझ्नुपर्छ, भन्नुभएको हो।

दोस्रो, वास्तविक मार्गमा तीन; १. मार्गको प्रतिकूल पक्ष तीन भवसंयोजनहरूको उल्लेख, २. अनुकूल प्रत्यय वीर्य र ३. मार्गको स्वभावको अभ्यास।

पहिलो, मार्गको प्रतिकूल पक्ष तीन भवसंयोजनहरूको उल्लेख—

शीलव्रत परामर्श, सत्कायदृष्टि र
विचिकित्सारूपी तीन भव संयोजनहरूले
मुक्तिको नगरमा जाने ढोका
बन्द गरिदिन्छन् भनी जान॥ ५१॥

आफू भित्र सद्मार्ग उत्पन्न हुन बाधा पुऱ्याउने खराब कल्पनाहरू विशेष गरी तीन वटा छन्। ती तीन खराब कल्पनाहरू के-के हुन् ? भने शीलव्रत परामर्श, सत्कायदृष्टि र विचिकित्सा।

१) शीलव्रतपरामर्श भन्नाले शील पालना राम्रो नभएता पनि राम्रो हो भनेर उत्कृष्ट मान्नु र व्रत राम्रो नभएता पनि राम्रो मान्नुलाई शीलव्रतपरामर्श भनिन्छ। २) सत्कायदृष्टि भन्नाले आफ्नो शरीरलाई उल्टो दृष्टिले हेर्ने भन्नाले आफ्नो शरीर दुःख, फोहोर, अनित्य, अनात्मा भएता पनि त्यस्तो दृष्टिले नभई उल्टो अर्थात् आत्मा छ भन्ने दृष्टिकोणलाई भनिन्छ। ३) विचिकित्सा भन्नाले सद्धर्ममा बताइएका मार्ग र फलप्रति दोमन या शङ्का गर्नुलाई बुझिन्छ।

यिनीहरूलाई तीन भव संयोजन भनिन्छ। भव संयोजन भन्नाले भव संसारमा संधै संयोजन गरिदिने खराब कल्पनालाई बुझिन्छ। यी तीनभव संयोजन आफूमा हुनुहुन्न। जसरी भए पनि त्याग्नुपर्छ।

किन त्याग्नु पर्छ त ? भने हामीले मोक्ष प्राप्त गर्नु छ। मोक्ष एउटा नगर जस्तो भएकोले मोक्ष नगरीमा जानुपर्छ। मोक्षको नगरमा जाँदा द्वारमा सुरक्षाकर्मीले अवरोध गरे जस्तै हो। द्वार संरक्षक को हो त ? भने शीलव्रतपरामर्श, सत्कार्यदृष्टि र विचिकित्सारूपी यी तीन भव संयोजनहरू हाम्रो मोक्षद्वारमा बाधा पुऱ्याउनेहरू हुन् भनेर बुझ्नुपर्छ। त्यसैले यी तीन भव संयोजनहरू मोक्ष प्राप्त गर्न बाधा पुऱ्याउने मूल प्रतिकूल प्रत्ययहरू भएकाले त्याग्नुपर्छ भन्नुभएको हो।

दोस्रो, अनुकूल प्रत्यय वीर्य—

मोक्ष आफैँमा निर्भर छ
अरूको सहायताले कुनै पनि मद्दत मिल्दैन।
त्यसैले श्रवण, शील र समाधिले युक्त भएर
चार आर्य सत्यको साक्षात्कार गर्न प्रयत्न गर॥५२॥

त्यसपछि मोक्ष प्राप्तिको लागि अनुकूल प्रत्यय के हुनुपर्छ ? भने मोक्ष प्राप्त हुने र नहुने भन्ने आफैंमा भर पर्ने कुरा हो भने अरू कसैको कारणले हुने होइन। आफैंले मोक्ष प्राप्त नगरी अरू कसैले त्यहाँ लगेर राख्न सक्दैन। आफैंले मोक्ष प्राप्त गरेमा अरू कसैले रोकेर पनि रोक्न सक्दैन। त्यसैले सर्वप्रथम सद्धर्मको श्रवण (सुन्नु) गर्नुपर्छ। सद्धर्मको श्रवण गरे अनुसार शील पालना गर्नुपर्छ। शील पालना गरेर ध्यान गर्नुपर्छ। यसरी यी तीन

अनुकूल प्रत्ययहरू राम्ररी अनुसरण गर्नुपर्छ। यी तीन गुणले युक्त भएर चार आर्य सत्यको चिन्तन गर्नुपर्छ। चार आर्य सत्यको भावना गर्नुपर्छ। चार आर्य सत्यमा साक्षात्कार बनी चार आर्य सत्यको अभ्यासमा मिहिनेत गर्नु भन्नुभएको हो।

तेस्रो, मार्गको स्वभावको अभ्यासमा दुई; १. त्रिशिक्षाको सामान्य व्याख्या र २. प्रज्ञा शिक्षालाई विशेष रूपमा व्याख्या।

पहिलो, त्रिशिक्षाको सामान्य व्याख्या—

अधिशील, अधिप्रज्ञा र
अधिचित्तरूपी शिक्षामा सदा लाग।
एक सय पचासभन्दा बढी शिक्षाहरू
यिनीहरू तीन वटामा पूरै सङ्ग्रहीत छन्॥५३॥

यस श्लोकले त्रिशिक्षा देखाउँछ। मोक्ष प्राप्तिको लागि कुन अभ्यासमा मिहिनेत गर्नुपर्छ ? भने तीन अधिशिक्षा मार्गको अभ्यासमा मिहिनेत गर्नुपर्छ। यहाँ *"अधि"* भनी अति नै विशेष आर्य मार्गको बारेमा भन्नुभएको छ। तीन अधिशिक्षा मार्ग के-के हुन् ? भने अधिशील शिक्षा, अधिप्रज्ञा शिक्षा र अधिचित्त वा समाधिरूपी शिक्षा हुन्। त्यसैले यी तीन अधिशिक्षामा लागेर हरपल मिहिनेत गर्नुपर्छ। यी तीनको अभ्यासमा प्रयत्न गरेमा सारा शिक्षाहरू यिनीहरू भित्रै पर्छन्। श्रामणेर र भिक्षु संवर सम्बन्धमा भने एक सय पचास भन्दा धेरै अर्थात् विनय शील अन्तर्गत दुई सय त्रिपन्न वटा छन्। तर पनि वास्तविक अर्थमा यी तीन भित्र समावेश नभएको कुनै छैन भन्नुभएको हो।

दोस्रो, प्रज्ञा शिक्षालाई विशेष रूपमा व्याख्या गर्दा दुई; १. क्लेशहरूबाट मुक्त हुने उपदेश र २. शुद्धीकरणमा प्रवेश गर्ने उपदेश। पहिलोमा दुई; १. यो जीवनमा चित्तनिवृत्तिको अभ्यास गर्ने उपाय र २. अनन्त भवसागरबाटै मुक्त हुन चित्तनिवृत्तिको उपदेश। पहिलोमा पनि दुई; १. सङ्क्षिप्तमा उल्लेख र २. विस्तृतमा व्याख्या।

पहिलो, सङ्क्षिप्तमा उल्लेख—

हे नाथ ! सुगतले कायको बारेमा स्मृति गर्नु नै
एक मात्र मार्ग हो भनी बताउनु भएको छ।
त्यसलाई प्रयोगमा ल्याऊ र जोगाऊ
किनकि स्मृति गुम्नाले सबै धर्म नष्ट हुन्छन् ॥५४॥

माथि तीन शिक्षाहरू सामान्य रूपले बताएपछि यहाँ अधिप्रज्ञा शिक्षा विशेष रूपले बताउनुभएको छ। यहाँ *"हे नाथ !"* भनी राजा गौतमीपुत्रलाई सम्बोधन गर्नुभएको हो। यो काय फोहोर र अनित्य भएको बुझेर कायको बारेमा स्मृति गर्नु नै सुगत भगवान् बुद्धले एक मात्र मार्ग हो भनी बताउनु भएको छ। प्रत्यक्ष रूपले मोक्षको मार्गमा लाग्ने सबैजना यो मार्गमा चल्नुपर्छ र यो एक मात्र मार्ग हो, भन्नुभएको छ। त्यसैले यो मार्गलाई याद राख्नुपर्छ। यसरी कायको बारेमा स्मृति गरेर मनदेखि नै सावधान रही प्रयोगमा ल्याउनु पर्छ र मनलाई जोगाउनु पर्छ। *"स्मृति गुम्नाले सबै धर्म नष्ट हुन्छन् ॥"* भनी स्मृति राम्रो नभए सद्धर्म राम्रो हुन सक्दैन भन्नुभएको हो।

दोस्रो, विस्तृतमा व्याख्या गरिएकोमा दुई; १. आयु अनित्यको बारेमा चिन्तन र २. क्षण सम्पदयुक्त मानव देह प्राप्तिको कठिनाइ बारे चिन्तन।

पहिलोमा चार; १. मृत्युको समय अनिश्चित छ भन्ने अनित्यको भावना, २. मृत्यु निश्चित छ भन्ने अनित्यको भावना, ३. अन्य पक्षलाई सोचेर अनित्यको भावना र ४. तिनीहरूको समापन सङ्क्षेपमा।

पहिलो, मृत्युको समय अनिश्चित छ भन्ने भावना—

यो जीवन धेरै बाधाहरूले युक्त छ।
हावाले पानीमा उठाएको फोकाहरू जस्तै अनित्य छ।
श्वास फालिएपछि फेरि लिइयो र
निद्राबाट ब्युँझियो भने त्यो त आश्चर्य हुन्छ॥५५॥

हाम्रो जीवनमा केही पनि नित्य र स्थिर छैन तर विघ्न बाधाहरू धेरै छन्। ती बाधाअडचनहरू हावाले गर्दा पानीमा उठेका फिज जस्तै हुन्। हावा चलेपछि एक क्षणमै नष्ट भएर जान्छन्। त्यसैगरी जीवन पनि अनित्य भएकोले हामी क्षण भरमै नमर्नु भनेको अति नै आश्चार्यजनक कुरा हो। हामीले श्वास भित्र लिएर बाहिर फाल्न सक्नु र सुतेपछि भोलि निन्द्राबाट उठ्न सक्नु अर्थात् त्यस बिचमा नमर्नु भनेको साँच्चै नै आश्चर्यपूर्ण भएकोले धर्मको अभ्यास गर्नुपर्छ भन्नुभएको हो।

दोस्रो, मृत्यु निश्चित छ भन्ने अनित्यको भावना—

शरीरको अन्त खरानी हुने, सुक्ने र कुहिनेमा हुन्छ।
अन्त्यमा यो गनाउने र सारहीन भएर जान्छ।
त्यसैले क्षय हुने, टुक्रा टुक्रा हुने,
सड्ने र अलग हुने वाला हो भनेर जान॥ ५६॥

हामीले सद्धर्मको अभ्यास गर्नुपर्छ। सद्धर्मको अभ्यास नगरी शरीरप्रति आसक्ति या लिप्त भएर बस्नुहुन्न। किनभने हामी मरेर गएपछि यो शरीरको अन्त हुन्छ र खरानी भएर जान्छ। त्यस्तै अन्त्यमा सुकेर वा कुहिएर जान्छ। त्यसैले वास्तवमा अन्त्यमा यो शरीरको कुनै अस्तित्व छैन। यो एउटा मल हो र क्षय भएर टुक्रा टुक्रा कणमा परिणत हुन्छ या त सडेर जान्छ। अहिले हाम्रो हात, खुट्टा, शिर आदि सबै सँगै छन्। तर पछि सबै अलग भई हात, खुट्टा, छाला आ-आफैं टुक्रा टुक्रा भएर जाने वाला हो भनेर बुझ्नुपर्छ। त्यसैले यो शरीर अनित्य हो भन्ने कुरा दृढ रुपले चिन्तन गरेर यही जुनीमा सद्धर्म विशुद्ध रूपले अभ्यास गर्नसके राम्रो हुन्छ, भन्नुभएको हो।

तेस्रो, अन्य पक्षलाई सोचेर अनित्यको भावना—

पृथ्वी, सुमेरु र समुद्र पनि सात सूर्यहरू उदाउँदा
ज्वालाले भस्म भएर
खरानीसम्म पनि पाइँदैन भने
अत्यन्त दुर्बल यो मानव शरीरको बारेमा त के भन्नु ॥५७ ॥

त्यसैगरी सबै अनित्य भएको कुरा बताउनुभएको छ। हाम्रो यस भूमि अति नै विशाल छ। यस भूमिको मध्य भागमा सुमेरु पर्वत रहेको छ र चारैतिरबाट सात समुद्रले घेरेका छन्। त्यसपछि महासागर, चार द्वीप, आठ उपद्वीप रहेका छन्। तर कल्पको अन्त्यमा जब सात वटा सूर्यहरू उदाउँछन् तब ती विशाल स्थान तथा पर्वतहरू सबै आगोले जलेर ध्वस्त भएर जान्छन्। जलेका ती भौतिक वस्तुहरू पछि खरानी सम्म पनि बाँकी रहँदैनन् भने अति नै नाजुक मान्छे जसको बल वा शक्ति अति कम हुन्छ, त्यस्ता जीव

अनित्य हुनुमा के शङ्का गर्नु ? ती सबै नष्ट हुन्छन् भन्ने कुरा त भन्नै पर्दैन, भन्नुभएको हो।

चौथो, तिनीहरूको समापन—

यसरी यी सबै अनित्य, अनात्मा, अनाश्रित,
अनाथ र अनवस्थित छन्।
हे उत्तम मनुष्य ! त्यसैले संसारलाई केराको बोट जस्तै
निस्सार हो भनेर चित्तलाई विरक्त बनाऊ॥५८॥

यही कारणले गर्दा बाह्य र भित्री वस्तुहरू सबै अनित्य, अनात्मा, अनाश्रित, अनाथ र अनवस्थित हुन्। संसार भनेको केराको थाम (बोट) जस्तै निस्सार हो। केराको बोटबाट एक एक पत्ता निकाल्दै गयो भने अन्त्यमा सबै सकिएर केही बाँकी नरहने र त्यसमा रूख भन्ने केही नहुने भएकाले त्यसको सार केही छैन। सोही कारण, *“हे उत्तम मनुष्य ! निस्सार हो भनेर चित्तलाई विरक्त बनाऊ॥”* भनी उत्तम मनुष्य महाराज तपाईंले यो संसार साच्चै नै राम्रो छैन, निस्सार हो भन्ने कुरा मनन गरी चित्तलाई विरक्त बनाउनुहोस्। मनमा निराशपन उत्पन्न गरी यो संसारप्रतिको राग त्याग्नुपर्छ, भन्नुभएको हो।

दोस्रो, क्षण सम्पदयुक्त मानव देह प्राप्तिको कठिनाइ बारे चिन्तनमा तीन; १. साधारणतया मानिस नै भएर जन्मनुको दुर्लभता, २. विशेष गरी अनुकूल प्रत्यय चार चक्रयुक्त आश्रय उल्लेख र ३. आठ अक्षणरूपी प्रतिकूल परिस्थितिबाट मुक्त हुने उपायको चिन्तन। पहिलोमा दुई; १. मानिस भएर जन्मनुको दुर्लभता र २. उक्त आश्रयमा अकुशल कर्म गर्नुलाई नीचता दर्शाएको।

पहिलो, मानिस भएर जन्मनुको दुर्लभता—

साधारणतया, प्रज्ञापारमिताको पूर्व अभ्यासमा अनित्यको भावना गर्नुपर्छ। क्षणसम्पत् युक्त जीवन प्राप्तिको कठिनतामा भावना गर्नुपर्छ। ती दुई मध्ये अनित्यको चिन्तन माथि बताइसकिएको छ। अब क्षणसम्पत् युक्त जीवन प्राप्तिको कठिनता बारे भावना (ध्यान) गर्ने विधि देखाउनु भएको छ। सर्वप्रथम, सामान्य मानिस भएर जन्मनुको कठिनाइ बताउनु हुँदा,

महासागरको छालमा रहेको एक मात्र जुवाको प्वालमा
कछुवाले टाउको घुसाउनुभन्दा पनि पशु नभई
मानिस भएर जन्मनु दुर्लभ हुन्छ। तसर्थ हे नरेन्द्र !
सद्धर्मको अभ्यास गरेर त्यस्तो फल प्राप्त गर ॥५९॥

उदाहरणको लागि महासागरको छालमा एक मात्र प्वाल भएको जुवा वा काठको फल्याक छ र त्यस सागर भित्र एउटा कछुवा छ। उक्त कछुवा कहिलेकाहीँ पानीमाथि आएर आफ्नो टाउको उठाउँछ। जुवालाई कहिले पूर्वको हावाले हल्लाई पश्चिममा पुऱ्याइदिन्छ त पश्चिमको हावाले पूर्वमा पुऱ्याइदिन्छ। कहिले दक्षिणको हावाले उत्तरमा पुऱ्याइदिन्छ त उत्तरको हावाले दक्षिणमा पुऱ्याइदिन्छ। त्यसैगरी कछुवाले जहिले पनि टाउको माथि निकाल्छ भन्ने पनि होइन। तर पनि एक दिन कछुवाको घाँटी उक्त जुवाको प्वालमा छिर्न सक्छ जुन अति नै दुर्लभ हो।

यो दृष्टान्त भन्दा पनि जनावरको शरीरबाट मुक्त भएर मानवको शरीर प्राप्त गर्नु अति नै कठिन भएकोले, हे नरेन्द्र गौतमीपुत्र ! तपाईंले अहिले मानव शरीर प्राप्त गर्नुभएको छ। उक्त जीवनलाई खेर नफाली सद्धर्मको

अभ्यास गरेर यो मानव चोलालाई अर्थपूर्ण र फलदायी बनाउनुपर्छ, भन्नुभएको हो।

दोस्रो, उक्त आश्रयमा अकुशल कर्म गर्नुलाई नीच रुपमा दर्शाएको—

मानिस भएर जन्मीकन
पाप कर्म गर्ने व्यक्ति चाहिँ
अमूल्य रत्नहरू जडिएको सुनको थालमा
बान्ता गर्ने व्यक्तिभन्दा पनि मूर्ख हुन्छ ॥६० ॥

यसरी प्राप्त भएको मानव जीवन अर्थपूर्ण बनाउनु पर्छ नै, त्यसो गर्न नसक्नु भनेको अति दयनीय कुरा हो। जस्तै: अमूल्य रत्नहरू जडिएको सुनको भाँडो छ भने त्यो अति नै महत्त्वपूर्ण र अनमोल हुन्छ। त्यसलाई राम्ररी प्रयोग नगरी शौचालय सफा गर्ने, त्यसमा बान्ता गर्ने जस्ता फोहर फाल्न र जुठो धुन प्रयोग गरिन्छ भने त्यो मान्छे अति मूर्ख हो। तर त्यो भन्दा पनि महामूर्ख को हो त ? भने प्राप्त गर्न अति कठिन यो मानव जीवन प्राप्त भएपछि अति महत्वपूर्ण सद्धर्म तथा कुशल कर्ममा वीर्यको अभ्यास नगरी पाप तथा अकुशल कर्महरू गर्ने व्यक्ति अति लाटा अर्थात् महामूर्ख हो। त्यसैले मानव शरीर प्राप्त गरेर अकुशल कर्म गर्नुहुन्न भन्नुभएको हो।

दोस्रो, विशेष गरी अनुकूल प्रत्यय चार चक्रयुक्त आश्रयको उल्लेखमा दुई; १. चार अनुकूल प्रत्यय चक्रको सामान्य उल्लेख र २. कल्याण मित्रको विशेष व्याख्या।

पहिलो, चार अनुकूल प्रत्यय—

अनुकूल स्थानमा रहनु,
सज्जनहरूको सङ्गत गर्नु,
आफूले अगाडि गरेको शुभ प्रणिधानहरू र पुण्यहरूले
गर्दा प्राप्त चार महाचक्र तिमीमा छन् ॥ ६१ ॥

यस श्लोकमा 'हे राजा! तपाईंले यो जुनीमा मानव जीवन मध्ये विशेष र उच्च जीवन प्राप्त गर्नुभएको छ' भन्नुभएको हो। यस्तो भद्र मानव चोलामा चार महाचक्र हुन्छन्। ती के-के हुन् ? **पहिलो,** 'अनुकूल स्थानमा रहनु' भन्नाले सद्धर्मसँग अनुकूल, सद्धर्मको श्रवण गर्न पाउने, सद्धर्म सिक्ने अवसर भएको जस्ता राम्रो स्थानमा रहनु भएको, सद्धर्मको विस्तार भएको ठाउँमा जन्मनु भएको भनेर बुझिन्छ। **दोस्रो,** 'सज्जनहरूको सङ्गत गर्नु' भन्नाले अनुकूल स्थानमा जन्मनु मात्र नभई सद्धर्म विशुद्ध रुपले दर्शाउने महापुरुष कल्याणमित्रको सङ्गत गर्नुलाई बुझिन्छ। **तेस्रो,** 'आफूले अगाडि गरेको शुभ प्रणिधानहरू' भन्नाले आफू सद्धर्ममा प्रवेश गरी सद्धर्मको अभ्यास गर्ने इच्छा पैदा भएकोलाई बुझिन्छ। **चौथो,** 'अगाडि गरेको पुण्य' भन्नाले पूर्व जन्ममा आर्जन गरेको पुण्यले गर्दा यस्तो प्राप्त भएको हो। पूर्व जन्ममा पुण्य सञ्चय नगरेको भए यस्तो प्राप्त हुँदैन। त्यही कारणले गर्दा यस्ता चार महाचक्रहरू 'हे राजा! तपाईंले प्राप्त गर्नुभएको छ। त्यसैले क्षण र सम्पत् युक्त यो जीवन खेर जान दिनुहुन्न' भन्नुभएको हो।

दोस्रो, कल्याणमित्रको विशेष व्याख्या—

कल्याणमित्रको आश्रय नै ब्रह्मचर्यत्वको
परिपूर्णता हो भनी मुनिले बताउनु भएको छ।
त्यसैले सज्जनहरूको सङ्गत गर किनकि धेरै व्यक्तिहरूले
निकै आश्रयबाट शान्ति पाएका थिए॥ ६२॥

त्यसपछि क्षणसम्पत् युक्त जीवन खेर नफाल्न कल्याणमित्रको सङ्गत गर्नुपर्ने बताउनुभएको छ। कल्याणमित्र (गुरु) भन्नाले कुशल कर्मको साथी हो। सद्धर्म सिकाउने कल्याणमित्रको सङ्गत गर्नु भनेको असल कार्य ब्रह्मचर्य हो। त्यति मात्र नभई ब्रह्मचर्यत्वको परिपूर्णता हो। किनभने कल्याणमित्रको सङ्गतले गर्दा हामी दोषमुक्त भई सर्वसम्पन्न सद्गुण युक्त परिपूर्ण भएर जान्छौँ भनी सुगत भगवान् बुद्धले बताउनु भएको छ। **सुत्रमा—**

> आर्य आनन्दले, "हे भगवान् ! कल्याणमित्र एवं कुशल मित्र ब्रह्मचर्यत्वको आधा भाग हो ?" भनी सोध्दा, बुद्धले, "तिमीले त्यसो नभन, यो ब्रह्मचर्यत्वको सम्पन्नता हो"

भन्नुभएको छ।

तसर्थ तपाईंले सर्वप्रथम मानव जीवन प्राप्त गर्नुभयो। मानव जीवन पनि चार महाचक्र युक्त प्राप्त गर्नुभएको छ। चार महाचक्र युक्त प्राप्त गर्नुभएकोले तपाईंले महापुरुष कल्याणमित्रको सङ्गत गर्नुपर्छ। कल्याणमित्रको सङ्गत गरेर पुण्य सम्भार गरी सर्वसम्पन्न फल प्राप्त गर्न सक्दछ। उदाहरणको लागि जसरी जिन सम्यक् सम्बुद्धको सङ्गत गरेर धेरै

व्यक्तिहरूले शान्ति अर्थात् परम फल निर्वाण प्राप्त गरेका थिए त्यसरी नै गर्नुपर्छ भन्नुभएको हो।

तेस्रो, आठ अक्षणरूपी प्रतिकूल परिस्थितिबाट मुक्त हुने उपायको चिन्तन—

मिथ्या दृष्टिमा ग्राह, पशु,
प्रेत, नरक (योनिहरू) मा जन्म लिनु,
बुद्ध शासन नभएको ठाउँ, सीमान्त ठाउँमा जन्मनु,
लाटो भएर जन्मनु, मूर्ख भएर जन्मनु ॥६३॥

दीर्घजीवी देवताको रूपमा जन्म लिनु जस्तो
कुनै ठाउँमा जन्मनु आठ अक्षण दोषहरू हुन्।
तिनीहरूबाट रहित भएर क्षण प्राप्त गर्न गाह्रो हुने भएकाले
त्यस्ता ठाउँमा जन्मनबाट जोगिने प्रयास गर॥६४॥

मिथ्या दृष्टि ग्राह गर्नु, पशुमा जन्मिनु, प्रेतमा जन्मिनु, नरकमा जन्मिनु, बुद्ध शासन नभएको ठाउँमा जन्मिनु, सीमान्त ठाउँमा लाटो भएर जन्मिनु, मूर्ख भएर जन्मिनु र दीर्घजीवी देवताको रूपमा जन्मिनु यी आठ अक्षण दोषहरू मध्ये जुनै ठाउँमा जन्मिए पनि सद्धर्म अभ्यास गर्न अक्षणरूपी प्रतिकूल स्थान हो, भन्नुभएको छ। हामीहरू ती आठ अक्षण दोषहरू रहित क्षण प्राप्त गरेर सद्धर्मको अभ्यासमा प्रयत्न गर्नुपर्छ। कसरी गर्नुपर्छ भने अहिलेदेखि नै त्रिधातु संसारमा फेरि जन्मनबाट जोगिने प्रयत्न गर्नुपर्छ, भन्नुभएको हो।

दोस्रो, अनन्त भवसागरबाटै मुक्त हुनको लागि चित्तनिवृत्तिको उपायको रूपमा संसारको दोष सम्झँदा दुई; १. सङ्क्षिप्तमा उल्लेख र २. विस्तृतमा व्याख्या।

पहिलो, सङ्क्षिप्तमा उल्लेख—

हे नायक ! चाहेको वस्तु नपाउनु,
मृत्यु, रोग, बुढ्यौली आदि अनेक दुःखको
श्रोतरूपी यो संसारप्रति खिन्न बन।
यसका दोषहरूका अंशहरू पनि सुन॥६५॥

"हे *नायक !*" भनी राजा गौतमीपुत्रलाई सम्बोधन गर्दै यस लोकमा अति नै दुःख छ भन्नुभएको छ। के-के दुःख छन् ? भने रोग, बुढ्यौली, मृत्यु, चाहेको वस्तु नपाउने जस्ता अनेक दुःखहरू छन्। श्रोतरूपी यो संसारप्रति खिन्न बनेर यस संसारबाट पार हुने चाहना राख्नुपर्छ। त्यसकै लागि यहाँ मैले संसारको दोषहरूका केही अंशहरू उल्लेख गरेको छु र त्यसलाई सुन्नुहोस्। किनभने ती उपदेशहरू सुन्न सके धेरै लाभ हुन्छ, भन्नुभएको छ।

दोस्रो, विस्तृत व्याख्यामा दुई; १. सुख जस्तो लागे पनि चित्त अनिश्चितता दर्शाइएको र २. दुःख वृहत् भएको उल्लेख। पहिलोमा दुई; १. चित्त अनिश्चित हुने तरिका र २. त्यस्तो हो भन्ने जानेर कुशल कर्ममा लाग्ने उपदेश। पहिलोमा चार; १. शत्रु र मित्रको अनिश्चितताले गर्दा अविश्वास, २. असन्तुष्टिले गर्दा अविश्वास, ३. पछि र अन्तको कुरा निश्चित नभएकाले अविश्वास र ४. माथिल्लो र तल्लोको अनिश्चितताले गर्दा अविश्वास।

पहिलो, शत्रु र मित्रको अनिश्चितताले गर्दा अविश्वास—

बाबु छोरा बन्छन्, आमा स्वास्नी बन्छिन्,
शत्रुहरू मित्र बन्छन्,
त्यसै गरी उल्टो क्रम पनि हुन्छ।
त्यसैले यो संसारमा केही कुरा पनि निश्चित छैन॥ ६६ ॥

वास्तवमा, यस संसारमा नित्य र स्थिर भन्ने केही छैन। नित्य र स्थिर नभएकोले गर्दा सबै परिवर्तन भएर जान्छन्। शत्रु र मित्र पनि नित्य र स्थिर छैनन्। कहिले शत्रु हुन्छ त कहिले मित्र भएर जान्छ। कहिले छोरो बुबा भएर जान्छ त कहिले बुबा छोरो भएर जान्छ। त्यस्तो कसरी हुन्छ ? भने उदाहरणको लागि पूर्व जन्ममा बुबा थियो भने यो जन्ममा छोरो भएर जन्मिन्छ। त्यसैगरी आमा पत्नीमा परिवर्तन भएर जाने पनि हुन्छ। जस्तैः पूर्व जन्ममा आमा थिई भने यो जन्ममा पत्नी भएर जानु। अनि पूर्व जन्ममा आफ्नो शत्रु भएका व्यक्तिहरू यो जुनीमा मित्र भएका पनि छन्। त्यसै गरी त्यसको उल्टो छोरो बुबामा, श्रीमती आमामा र यस जन्मको मित्र पुनर्जन्ममा शत्रु भएर जाने पनि हुन सक्छन्। संसारमा शत्रु या मित्र कुनै नित्य वा स्थिर भन्ने हुँदैन। छोरो र श्रीमती भन्ने पनि नित्य वा स्थिर भन्ने हुँदैन। त्यसैले यो संसारमा कुनै पनि कुरा निश्चित नभएकोले विश्वास गर्ने वा चित्त बुझाउने ठाउँ केही छैन, भन्नुभएको हो।

दोस्रो, असन्तुष्टिले गर्दा अविश्वास—

हरेकले चार महासागरभन्दा बढी दूध पिएर
अझ सामान्य व्यक्तिको पछि लागेर

चक्कर लगाउनेले त्योभन्दा पनि बढी
कति पिई रहनु पर्ने हो ? ॥६७ ॥

यो लोकमा कुनै अन्त्य छैन। हामी जन्मेर सानै बच्चादेखि दूध पिउछौँ। आमाको दूध पिएको गन्ती गऱ्यो भने हामीले अनादिकालदेखि दूध पिएकालाई एक पटक सोच्दा हरेक व्यक्तिले चार महासागरका पानी भन्दा धेरै पिइसकेका छौँ। अझैं पनि पृथग्जन (सामान्य व्यक्ति)को पछि लाग्दै लौकिक कर्म गरिरह्यो भने संसारमा धेरै जन्महरू लिएर दूध पनि त्यो भन्दा धेरै नै पिई संसार मै रहिरहन्छ। संसारको अन्त हुने भन्ने छैन। त्यसैले संसारबाट पार हुने विधिमा जसरी भए पनि खट्नुपर्छ भन्नुभएको हो।

तेस्रो, पछि र अन्तको कुरा निश्चित नभएकाले अविश्वास—

प्रत्येक व्यक्तिको हड्डीको थुप्रो लगाउने हो भने
सुमेरु पर्वत समान वा त्योभन्दा पनि बढी होला।
अहिलेसम्म भएका आमाहरूको सङ्ख्या गन्ने हो भने
पृथ्वीको माटोबाट धुपीको गेडा जत्रो दाना बनाएमा
यो पृथ्वीको माटोले पुग्दैन॥ ६८ ॥

हामी मरे पछिको हड्डीको कुरा गर्दा, म पशुमा **जन्में**, त्यसको हड्डी। म मान्छेमा **जन्में**, त्यसको हड्डी। म किरामा **जन्में**, त्यसको हड्डी। म गोहीमा **जन्में**, त्यसको हड्डी भनेर एक एक व्यक्तिले त्यागेको हड्डीहरू सबै चाङ् लगाउने हो भने ती हड्डीहरूको चाङ् सुमेरु पर्वत समान हुन्छ। त्यति मात्र नभई त्योभन्दा पनि धेरै भएर जान्छ। यस्ता धेरै जन्महरू लिएर पनि अझै समाप्त भएको छैन।

त्यसैगरी एउटा सत्त्व (व्यक्ति) जो मेरो यो जन्ममा आमा हुनुहुन्छ, उनी मेरो पूर्वजन्ममा पनि आमा भएको हुन्छ। यसरी एउटा सत्त्व मेरो आमा भएकी सङ्ख्या गन्ने हो भने धुपीको गेडा जत्रो सानो चक्की बनाएर गन्ती गरे पनि यो विशाल धर्तीमा अट्दैन र धर्तीले पुग्दै पुग्दैन, भन्नुभएको हो।

चौथो, माथिल्लो र तल्लोको अनिश्चितताले गर्दा अविश्वासमा छ भेदहरू रहेका छन्; १. विस्तृत भवको अविश्वास, २. सुन्दर साथीको अविश्वास, ३. राम्रो ठाउँको अविश्वास, ४. सुखचर्याको अविश्वास, ५. धेरै भोग विलासको अविश्वास, ६. महातेजमा अविश्वास।

पहिलो, विस्तृत भवको अविश्वास—

संसारका पूजनीय इन्द्र पनि कर्मको
बलले गर्दा फेरि पृथ्वीमा पतन हुन्छन्।
चक्रवर्ती सम्राट् पनि संसारमा
फेरि नोकर भएर जन्मन्छन्॥६९॥

संसारका पूजनीय इन्द्रको शरीर अति नै राम्रो मानिन्छ। तर त्यो पनि नित्य र स्थिर छैन। उनी जन्मेपछि मृत्यु हुने बेलामा कर्मको बलले गर्दा फेरि पृथ्वीमा पतन हुन्छन्। त्यसैगरी मानव जीवनको तवरले चार द्वीपमा राज गर्ने चक्रपति सम्राट भए पनि आफ्नो कर्म पतन भएर फेरि संसारमा नोकर भएर जन्मिन्छ। कोही त नोकरको पनि नोकर भएर जन्म हुन सक्छ, भन्नुभएको हो।

दोस्रो, सुन्दर साथीको अविश्वास—

लामो समयसम्म स्वर्गका अप्सराहरूको स्तन
र कम्मरको स्पर्श सुख अनुभव गरे पनि
फेरि नरकमा पिघ्ने, काट्ने र चिर्ने यन्त्रहरूको
स्पर्शको असह्य पीडा भोग्नु पर्छ॥७०॥

लामो समयसम्म स्वर्गका अप्सराहरूको स्तन र कम्मर स्पर्शको सुख अनुभव गरे पनि फेरि नरकमा जन्मेर पर्वतको बिचमा पिघ्ने, आरा आदि यन्त्रहरूले चिर्ने, काट्ने र कुकुर आदिको दारा तथा नङ्ग्राले चिथोर्ने जस्ता असह्य पीडा भोग्नु पर्ने हुन्छ। त्यसैले तपाईं सतर्क हुनुपर्छ, भन्नुभएको हो।

तेस्रो, राम्रो ठाउँको अविश्वास—

सुखदायी सुमेरु पर्वतको शिखरमा
लामो समय रहेर पाउने स्पर्श सुखको अनुभव गरे पनि
फेरि कुक्कुल र कुणपमा हिँड्नु परेर
असह्य दुःख पीडा भोग्नु पर्छ॥७१॥

भद्र स्थानप्रतिको रागले पनि फाइदा छैन। क्षान्तियुक्त भद्र स्थलमा पाइला टेक्दा पाइलाको स्पर्शले सुख प्राप्त हुन्छ। त्यस्तो सुख कहाँ छ ? भने सुमेरु पर्वतको शिखरमा रहेका देव लोकहरूमा त्यस्ता सुख छन्। त्यहाँ जन्मेर लामो समयसम्म रहेर सुखको अनुभव गरे तापनि ती नित्य र स्थिर भन्ने हुँदैन। फेरि पनि कर्मले गर्दा नरकमा जन्म हुन्छ। कुक्कुल नरकमा खस्छन्। कुणप नरक जहाँ कुहिएका थुप्रै लासहरूको हिलो भित्र हिंड्नु

पर्ने जस्ता असह्य दुःख भोग्नु पर्ने हुन्छ। ‘मलाई त्यस्तो हुन सक्छ’ भनी हृदयदेखि चिन्तन गर्नु। त्यसैले ‘म संसारबाट पार हुनुपर्छ, यहाँ बसेर काम छैन’ भन्ने सोच्नुपर्छ भन्नुभएको हो।

चौथो, सुखचर्याको अविश्वास—

स्वर्गका अप्सराहरूबाट सेवित नन्दन र
सुरम्य बगैंचामा रहेर आनन्द लिए पनि
फेरि असिपत्र वनमा त्यस व्यक्तिका
हात, खुट्टा, नाक र कान काटिन्छन्॥७२॥

सुन्दर मुहार भएका देव कन्याहरूले घेरेको,
सुनौलो कमलमा सँगै बसेर मन्दाकिनी नदीमा रहेर
आनन्द लिए पनि फेरि नरकको तातो र
नुनिलो पानी भएको वैतरणी नदीमा पस्नुपर्छ॥७३॥

सुखचर्याप्रतिको आसक्तिले पनि केही लाभ छैन। स्वर्गका अप्सराहरूबाट सुख र सन्तुष्टि प्राप्त गर्नुका साथै अति सुन्दर बगैंचमा गएर खेल्ने, यता जाने, उता जाने गरी जति मस्ती गरे तापनि त्यहाँ नित्य र स्थिर भनेको केही हुँदैन। ती सबै समाप्त भएपछि फेरि मरेर नरकमा जन्म हुन्छ। नरकको वनमा रहेका तरवार जस्तो पातहरू खसेर हात, खुट्टा, नाक र कान आदि काटिन्छन्। त्यस्ता नरकमा पनि जन्मिन सक्छ।

त्यसैगरी बिस्तारै बगिरहेको मन्दाकिनी नदीमा सुन्दर मुहार भएका देव कन्याहरू सँगै सुनौलो कमलको फूलमा बसेर खुसी र सुखको आनन्द लिए पनि संसारमा नित्य र स्थिर केही नभएकोले फेरि नरकमै फसेर नरकको

तातो र नुनिलो पानी भएको वैतरणी नदीमा पस्नुपर्ने हुनसक्छ भन्ने बुझ्नुपर्छ, भन्नुभएको हो।

पाँचौं, धेरै भोग विलासको अविश्वास—

देवलोकको अत्यधिक काम सुख र
ब्रह्मलोकको वीतराग सुख प्राप्त गरे पनि
फेरि अवीचि नरकको प्रचण्ड अग्निको
इन्धन भएर अटुट दुःख भोग्नु पर्छ॥७४॥

देवलोकमा जन्मेर त्यहाँको अत्यधिक कामसुख युक्त ब्रह्मदेव हुन पुग्छ। त्यति मात्र नभई कामधातुको राग मुक्त सुख प्राप्त गरे पनि ती पुण्य समाप्त भएपछि फेरि अवीचि नरकमा जन्मिन्छ। उक्त काय अवीचि नरकको प्रचण्ड अग्निको इन्धन भएर अटुट दुःख भोग्नु पर्छ। त्यसैले सावधान रहनुपर्छ भन्नुभएको हो।

छैटौं, महातेजमा अविश्वास—

सूर्य र चन्द्रमा नै बनेर आफ्नो शरीरको रश्मिले
सारा जगत्लाई नै प्रकाशित गरे पनि
फेरि घोर अन्धकारमा परेर
आफ्नै हात तन्काएको नदेख्ने सम्म पनि भइन्छ॥७५॥

यस श्लोकमा अहिले जति शानदार भए पनि केही फाइदा छैन भन्नुभएको हो। कहिले सूर्य देव भएर जन्मेर, कहिले चन्द्रदेव भएर जन्मेर आफ्नो

जिउबाट अपार रश्मि उत्पन्न भई उक्त रश्मिले आफ्नो ठाउँलाई उज्यालो बनाउने मात्र नभई सारा जगत् अर्थात् चार द्वीप, आठ उपद्वीप आदि पनि प्रकाशित गर्न सक्ने अति शानदार हुन्छ। जति शानदार भए पनि त्यसको समय अवधि समाप्त भएपछि आफ्नै हात, खुट्टा पनि नदेख्ने घोर अन्धकारमा जन्म हुनसक्छ, भन्नुभएको हो।

दोस्रो, त्यस्तो हो भन्ने जानेर कुशल कर्ममा लाग्ने उपदेश—

(संसारका) यस्ता दोषहरू भएका हुनाले
तीन किसिमका पुण्यहरूको दीपकको प्रकाश ग्रहण गर।
किनकि आफू एक्लै सूर्य र चन्द्र पनि पुग्न नसकेको
घोर अन्धकारमा जानु पर्छ॥७६॥

यस श्लोकले समापन देखाउँछ। यसरी भविष्यमा दुर्गतिमा जन्मियो भने ठूलो कठिनाइ हुन्छ। संसारमा केही भर छैन भन्ने सोची संसारका दोषहरू र त्रुटिहरू राम्ररी बुझ्नुपर्छ। अनि त्यस्ता वृहत् दुःख नभोग्नको लागि तीन पुण्यहरू सञ्चय गर्नुपर्छ। तीन पुण्यहरू; दानबाट प्राप्त पुण्य, शीलबाट प्राप्त पुण्य र भावनाबाट प्राप्त पुण्य हुन्। यी पुण्यहरू दियो जस्तै हुन्। त्यसैले दुर्गतिको अन्धकारमा नजान दीपक जस्तै प्रकाशको ग्रहण गरी कुशल कर्ममा विशुद्ध रुपले लाग्नुपर्छ। यदि कुशल कर्मको अभ्यासमा प्रयत्न नगरे सूर्य र चन्द्र पनि पुग्न नसक्ने संसारको घोर अन्धकारमा आफू एक्लै पुगिन्छ। त्यसैले जसरी भए पनि कुशल कर्मको मूल सञ्चय गर्न सक्ने हुनुपर्छ, भन्नुभएको हो।

दोस्रो, दुःख वृहत् भएको उल्लेखमा दुई; १. संसार स्वभावैले दुःख भएको बुझ्ने र २. त्यस्तो बुझेर संसारमा जन्मनुबाटै जोगिने उपदेश। पहिलोमा पाँच; १. नरक, २. पशु, ३. प्रेत, ४. देव र ५. असुरको दुःख। पहिलोमा पनि दुई; १. सङ्क्षिप्तमा उल्लेख र २. विस्तृत व्याख्या।

पहिलो, नरकको दुःखहरू सङ्क्षिप्तमा उल्लेख—

दोषयुक्त आचरण गर्ने सत्त्वहरूलाई
सञ्जीव, कालसूत्र, प्रतापन,
संघात, रौरब, अवीचि आदि
नरकहरूमा सधैं नै दुःख प्राप्त हुन्छ ॥ ७७ ॥

अनि अपार दुःखहरु मध्ये नरकको दुःखबारे बताउनुभएको छ। घोर अन्धकार भित्र बस्दा कस्तो हुन्छ ? भने दोषयुक्त आचरण गर्ने सत्त्वहरू अर्थात् सधैं अकुशल कर्म मात्र गर्नेहरू नरकका आठ स्थानको दुःख प्राप्त हुन्छ। तिनीहरूले सञ्जीव, कालसूत्र, प्रतापन, संघात, रौरब, अवीचि आदि नरकहरूमा निरन्तर दुःख पाउँछन्। त्यसैले ती नरकहरूमा नजन्मिने उपायहरू अपनाउने प्रयत्न गर्नुपर्छ। यहाँ साधारणतया आठ उष्ण (धेरै तातो) नरकमा हुने दुःखको सामान्य व्याख्या गर्नुभएको छ।

दोस्रो, विस्तृतमा व्याख्या गर्दा दुई; १. दुःखलाई जान्नु र २. त्यसको हेतु त्याग्ने उपदेश। पहिलोमा दुई; १. वास्तविक दुःख र २. ती दुःख कहाँबाट कसरी आउँछन् भन्ने चिन्तन।

पहिलो, वास्तविक दुःख—

केहीलाई तिल पेलिन्छ
त्यसैगरी अरूहरूलाई मिहिन पीठो झैं पिँधिन्छ।
केहीलाई आराले काटिन्छ भने अरूहरूलाई
तीखो धार भएको बन्चरोले चिरिन्छ॥७८॥

त्यसपछि उष्ण नरकका दुःखहरू एक एक गरी विस्तारमा बताउनुभएको छ। जसरी ढुङ्गाको बिचमा तिल पेलेर तेल निकालिन्छ त्यसरी नै संघात नरकमा जन्मेका सत्त्वहरूलाई फलामे यन्त्रको बिचमा राखेर पेलिन्छ। त्यसैगरी अरू केहीलाई मिहिन पीठोको धुलो झैं पिँधिन्छ। अनि कालसूत्र नरकमा जन्मेका प्राणीहरूको शरीरमा आठ र सोह्र ओटा कालो रेखा आदि कोरेर जलिरहेको आराले चिरिन्छ। त्यसैगरी अरू केहीलाई तीखो धार भएको बन्चरोले चिरेर काटिन्छ। यहाँ सञ्जीव र कालसूत्र नरकको दुःख दर्शाउनुभएको हो।

त्यसै गरी अरूलाई मुखमा पगालेको
फलामको तातो झोल खन्याइन्छ भने
केहीलाई दन्किरहेको काँडायुक्त
तातो फलामे मालामा छेडेर राखिन्छ॥७९॥

त्यसैगरी अरू वैतरणी नदी भित्र जन्मेकाहरू दन्किरहेको आगोले पग्लेको फलामको तातो झोल मुखमा खन्याइन्छ। अनि कुनै उष्ण नरकमा माला बुने झैं आगो दन्किरहेको काँडायुक्त तातो फलामे भालामा एउटा एउटा छेडेर राखिन्छ।

केहीलाई फलामे दारा भएका चण्ड कुकुरहरूले टोकेर
खान्छन् र उत्तानो परेर लड्नु पर्ने हुन्छ।
अन्य केही लाचार व्यक्तिहरूलाई तीखो फलामे चुच्चो र
भयानक नङ्ग्रा भएको कागहरूले ठुग्ने गर्छन् ॥८० ॥

त्यसपछि तरवारे पातको जङ्गलमा जन्मेकाहरू केहीलाई फलामे दारा भएका चण्ड कुकुरहरूले टोकेर खान्छन् र पीडा सहन नसकी हात माथि आकाश तिर ठड्याउनु पर्ने हुन्छ। त्यसैगरी अन्य केही व्यक्तिहरूलाई तरवार जस्तो पातको जङ्गलमा आफ्नो कर्मले गर्दा शक्तिहीन विवश भई स्वत: तीखो फलामे चुच्चो भएको कागहरूले ठुग्ने गर्छन् त केहीलाई कुकुरले टोक्छन्। केहीलाई भयानक नङ्ग्रा भएका कागहरूले नाक, कान आदि उखेलेर खान्छन्।

केहीलाई विभिन्न प्रकारका किराहरूले टोक्छन्।
मासु खाने किराहरूले टोक्दा खप्न नसकेर
लडीबडी गर्छन् र घाउमा धेरै किराहरू टोक्ने भएकाले
डाँको छोड्दै चिच्याउँछन् ॥८१ ॥

अनि प्रात्यन्तिक नरकका केही सत्त्वहरू सडेको लासहरूको हिलोमा जन्मेर शरीरबाट उत्पन्न भएका विभिन्न प्रकारका किरा, विभिन्न रुप-रङ्गका धमिरा, मासु खाने किरा तथा कालो बारुला आदि हजारौंले टोक्दा असहनीय ठूला घाउ हुन्छन् र पूरै शरीर खाँदा खप्न नसकेर लडीबडी गर्छन् र डाँको छोड्दै चिच्याउँछन्।

केहीलाई दन्किरहेको अग्नि कुण्डमा
निरन्तर जलाउँदा उनीहरूले मुख खोल्छन्।

केहीलाई ठूलो फलामे खड्कुँलोमा राखेर
टाउको उल्टो पारेर भात जस्तै गरी पकाइन्छ ॥८२ ॥

अनि केही उष्ण नरकमा दन्किरहेको अग्नि कुण्डमा निरन्तर जलाउँदा उनीहरूले पीडा सहन नसकी मुख खोल्नुपर्ने हुन्छ। फेरि केही उष्ण नरकमा टाउको उल्टो पारी फलामले बनेको दन्किरहेको ठूलो भाँडो भित्र हाल्छन्। भात पकाए जस्तै पकाउँदा असहनीय ठूलो पीडाको महसुस हुन्छ ।

दोस्रो, ती दुःख कहाँबाट कसरी आउँछ भन्ने चिन्तनमा तीन; १. दुःख हुने बेलाको चिन्तन, २. उत्पन्न हुँदा खप्न नसकिने तरिकाको चिन्तन र ३. दुःख भोगाइ अवधिको चिन्तन।

पहिलो, दुःख हुने बेलाको चिन्तन—

पापी व्यक्तिको सास रोकिने बित्तिकै उसले तत्काल नै
नरकको दुःख भोगी हाल्नु पर्छ। तर अनेकौँ किसिमले
त्यस्ता नरकहरूको अपरिमित दुःखहरूको
बयान गर्दा पनि भयभीत नहुने व्यक्तिको स्वभाव चाहिँ
वज्र जत्तिकै कडा हुन्छ ॥८३ ॥

ठूला ठूला अकुशल कर्म सञ्चय गरेकाहरूको यो जुनी र नरक दुईको बिचको समय कति हुन्छ भन्दा सास बाहिर फेरेर भित्र नलिँदै सास रोक्नासाथ एक क्षणमै नरकमा जन्म हुन्छ। एक पटक सास बाहिर फेर्ने र भित्र लिने गर्दाको बिचको क्षण जति मात्र हुन्छ। त्यसैले त्यति लामो समय हुँदैन। त्यसपछि आफूले नरकको दुःख भोग्नु पर्ने हुन्छ। अहिले

नरकका ती अपरिमित दुःखहरूको बारेमा सुनेर अलिकति पनि भयभीत नहुने व्यक्तिहरू वज्र जस्तै हुन्। वास्तवमा भन्ने हो भने ती दुःखहरू सुन्दा तर्सिनुपर्ने र भयभीत हुनुपर्ने हो, भन्नुभएको हो।

दोस्रो, उत्पन्न हुँदा खप्न नसकिने तरिका चिन्तनमा तीन; १. सामान्य चिन्तन, २. विशेष चिन्तन र ३. दृष्टान्त चिन्तन।

पहिलो, सामान्य चिन्तन—

नरकको चित्र देख्दा, त्यसको बारेमा सुन्दा,
सम्झँदा, पढ्दा र आकार देख्दा पनि
भय उत्पन्न हुन्छ भने
साँच्चिकै अनुभव गर्दा कस्तो होला ? ॥८४॥

नरकको चित्रहरू आँखाले देख्दा, त्यसको बारेमा कानले सुन्दा, मनमा सम्झँदा, नरकको बारेमा लेखेका पुस्तकहरू पढ्दा र नरकको दुःखको आकार देख्दा पनि भय उत्पन्न हुन्छ भने कर्म विपाक साँच्चिकै अनुभव गर्नु पर्दा कस्तो होला ? त्यसैले असहनिय नरकको दुःख आफैंले साँच्चिकै अनुभव गर्नुपर्दा ती दुःखहरू सहन सकिदैन भन्ने कुरा भन्नै पर्दैन भन्नुभएको हो।

दोस्रो, विशेष चिन्तन—

सबै सुखहरूमध्ये तृष्ण क्षय
भएको सुख सर्वोत्तम भए जस्तै
दुःखहरूमध्ये अवीचि नरकको दुःख
सबैभन्दा असह्य हुन्छ ॥८५॥

सबै सुखहरू मध्ये त्रिधातुको सम्पूर्ण तृष्णा क्षय भएको विमुक्तिको फलरूपी सुख नै सुखहरू मध्ये सर्वोत्तम सुख अर्थात् सुखको अधिपति हो भने त्यसैगरी दुःखहरूमध्ये अवीचि नरकको दुःख सबैभन्दा असह्य र भयङ्कर हुन्छ भन्नुभएको हो।

तेस्रो, दृष्टान्त—

यहाँ एक दिनमा कुनै व्यक्तिलाई तीन सय भालाहरूले
अत्यन्त पीडा दायक रूपमा छेड्दा जति दुःख अनुभव हुन्छ।
त्यसलाई नरकको दुःखको
एक सानो अंशसँग सम्म पनि दाँज्न सकिन्न॥ ८६ ॥

उदाहरणको लागि यस लोकधातुमा कुनै एक व्यक्तिलाई एक दिनमा तीन सय जनाले एउटा एउटा भालाले बलपूर्वक लगातर छेड्दा जति दुःख अनुभव हुन्छ त्यसलाई नरकको दुःखको एक सानो अंशसँग सम्म पनि दाँज्न सकिँदैन अर्थात् यो उदाहरणले एउटा अंश सम्म पनि दर्शाउन सकिँदैन भन्नुभएको हो।

तेस्रो, दुःख भोगाइ अवधिको चिन्तन—

यस्तो अत्यन्तै असह्य दुःख
सहस्त्र कोटि वर्षसम्म अनुभव गर्नुपरे पनि
उनीहरूको अकुशल कर्मको क्षय नभएसम्म
त्यस्तो जीवनबाट मुक्त हुँदैनन्॥८७ ॥

यसरी माथि उल्लिखित नरकका दुःखहरू कति समय अवधि सम्म भोग्नु

पर्ने हुन्छ ? भने त्यस्तो अत्यन्तै असह्य दुःख करोडौं वर्षसम्म भोगे पनि जतिसम्म हेतुरूपी अकुशल कर्म रित्तिँदैन तबसम्म त्यस्तो जीवनबाट मुक्त हुँदैनन् भन्नुभएको हो।

दोस्रो, त्यसको हेतु त्याग्ने—

यी अकुशल फलहरूको बीउ त आफ्नै काय,
वाक् र चित्तले गरेका नराम्रा कर्महरू हुन्।
त्यसैले तिमीले अकुशल कर्म
लेश मात्र पनि नगर्ने प्रयत्न गर॥८८॥

अकुशल कर्मको फल नरकमा जन्मिने हेतु अर्थात् बीउ भन्नु नै काय, वाक् र चित्तबाट सञ्चय गरेका दोष वा अकुशल कर्महरू हुन्। त्यसबाट नरकमा जन्म हुन्छ र दुःख भोग्नुपर्ने हुन्छ। त्यसैले राजा तपाईंले सतर्क भई जसरी भए पनि काय, वाक् र चित्तका ती दोषहरू एउटा कण जति पनि नगर्नु। राजा तपाईंको मनोबल, शारीरिक बल र काय, वाक् र चित्तको वीर्य र साहसका साथ दुःखका हेतुरूपी पाप तथा अकुशल कर्महरू नगर्न प्रयत्न गर्नु भन्नुभएको हो। यसरी नरकको दुःख बारे बताउनु भएको छ।

दोस्रो, पशुको दुःखमा दुई; १. समग्र पशुहरूको दुःख र २. विशेष पशुको दुःख।

पहिलो, समग्र पशुहरूको दुःख—

पशु योनिमा जन्मँदा पनि मारिने, बाँधिने,
कुटिने जस्ता विभिन्न दुःख हुन्छन्।

शान्ति दिने कुशल कर्म त्याग्नाले एकले अर्कालाई खाने
जस्ता अत्यन्तै असह्य दुःख भोग्नु पर्छ॥८९॥

त्यसपछि एकमुस्ट पशुको दुःख बारे बताउनु भएको छ। पशु योनिमा जन्मदा केही मारिने, केही भने बाँधिने र केही फलाम आदिले कुटिने जस्ता विभिन्न दुःखहरू भोग्नुपर्छ। कुशल कर्म त्यागेर अकुशल कर्म गर्नु नै पशु योनिमा जन्मिनुको मूल कारण हो। त्यसैले सुख र शान्ति प्राप्त हुने हेतुरूपी कुशल कर्म सञ्चय गरेमा पशुमा जन्म हुँदैन। तर कुशल कर्म सञ्चय नगरेर त्यसलाई त्याग्नेहरूले भने त्यस्तो दुःख भोग्नु पर्छ अर्थात् पशुमा जन्मेर एकले अर्कालाई खाने जस्ता अत्यन्तै असह्य दुःख भोग्नु पर्छ भन्नुभएको हो।

दोस्रो, विशेष पशुको दुःख—

केही पशुलाई मोती, ऊन, हाड, रगत,
मासु र छालाको लागि मारिन्छ।
बिचरा अरू प्राणीहरूलाई लात्ती, मुड्की,
कोर्रा र अङ्कुश प्रयोग गरी काममा लगाइन्छ॥९०॥

त्यसपछि विशेष अलगिएका पशुहरूको दुःख बताउनुभएको छ। अलगिएका पशु भन्नाले यहाँ विशेष गरी मान्छे सँगै बस्ने जनावरहरूलाई बुझिन्छ होला। केही पशुहरू जस्तैः मोती युक्त माछाको उदाहरण राख्दा, उसको पेट भित्र मोती भएकोले मोतीको लागि प्राण त्यागेर मर्नुपर्ने हुन्छ। हरिण र भेडा आदि आफ्नै रौँ र उनले गर्दा मर्नुपर्ने हुन्छ। त्यसैगरी हात्ती आदि दाँत, सुँड वा हड्डीको लागि मर्नुपर्ने हुन्छ। मृग आदि रगतको लागि मर्नुपर्ने हुन्छ। गोरू आदि मासुको लागि मर्नुपर्ने हुन्छ। बाघ र चितुवा

आदि छालाको लागि मरेर जान्छन्।

अनि केही जनावरहरू नमारे पनि स्वतन्त्र हुँदैनन् र अरू मान्छेले हात, खुट्टा बाँधेर तान्छन्। केहीलाई त हात, खुट्टा फलामको सिक्रिले बाँधेर तान्छन्। त्यसैगरी नाकमा फलामको नत्थी लगाइन्छ। केहीलाई फलामे छड, फलामे जाल आदि राखेर बाँधी काम लगाउने जस्ता विभिन्न दुःख भोग्नु पर्ने हुन्छ। यसरी पशुको दुःख बारे बताउनु भएको छ।

तेस्रो, प्रेतको दुःखमा दुई; १. सङ्क्षिप्तमा उल्लेख र २. विस्तृतमा व्याख्या।

पहिलो, प्रेतको दुःख सङ्क्षिप्तमा—

प्रेत योनिमा पनि चाहेको कुरा नपाएर
उत्पन्न दुःख हुन्छ। अविछिन्न भोक,
तिर्खा, जाडो, गर्मी, थकाइ र डरले
गर्दा अत्यन्तै असह्य दुःख भोग्नु पर्छ॥९१॥

प्रेत भएर जन्मेमा कस्तो दुःख हुन्छ ? भने चाहेको कुरा नपाएर अर्थात् ठूला ठूला चाहना राख्ने, कन्जुसी गर्नाले त्यसबाट भएका विभिन्न दुःखहरू अटुट रूपले उत्पन्न हुन्छन्। त्यो पनि समाधान नहुने, कहिले भोक लाग्ने, कहिले तिर्खा लाग्ने, कहिले जाडो लाग्ने, कहिले कहिले चर्को गर्मी हुने, कहिले खाना र लुगा खोज्न जाने आदि ठूलो थकाइ र कठिनाइले सताउँछन्। कहिले अरूले हानि पुऱ्याउँछ भन्ने जस्ता डरले असहनीय पीडा हुन्छ, भन्नुभएको छ। यसरी प्रेतमा विभिन्न दुःख भएको देखाउनु भएको छ।

दोस्रो, विस्तृत व्याख्यामा दुई; १. दुःख र २. त्यसको हेतु। पहिलोमा दुई; १. वास्तविक दुःख र २. भोगाइको समय।

पहिलो, वास्तविक दुःख—

केहीको मुख सियोको प्वाल जत्रो र
पेट चाहिँ पर्वत जत्रो हुने भएकाले भोकले पीडित हुन्छन्।
खान खोज्दा अरूले फालेको फोहोरी वस्तुको
टुक्रासम्म पनि पाउन सक्दैनन्॥९२॥

केही प्रेतका मुख सियोको सानो प्वाल जत्रो तर पेट चाहिँ पर्वत जत्रो ठूलो हुने भएकाले भोकको छटपटीले ठूलो पीडा हुन्छ। भुँडी ठूलो भएकोले मुखबाट पसे पनि केही फाइदा हुँदैन। केही प्रेतहरू भने अन्त्यमा सिँगान, खकार जस्ता फोहोर, अरूले फालेको वा अरूको स्वामित्वमा नरहेको, नचाहिने वस्तु समेत पाउँदैनन्। त्यस्तो वस्तुको सानो टुक्रासम्म पनि खान पाउने क्षमता र शक्ति हुँदैन।

कोहीको जीउ ताल वृक्षको सुकेको टुप्पो जस्तै छाला
र हाड मात्र बाँकी भएको नाङ्गो जीउ हुन्छ।
केहीको मुखमा राति आगो बल्छ रखानाको लागि
बलि रहेको मुखमा परेको बालुवा मात्र हुन्छ॥९३॥

केही त भोकले गर्दा छाला र हाड मात्रै बाँकी अनि वस्त्रविहीन नाङ्गै हुन्छन्। उदाहरणको लागि ताल वृक्षको सुकेको टुप्पो जस्तै शरीर पूरै सुकेर जान्छ। अनि केहीको भोग हरेक रात चरम स्थितिमा पुगी मुखबाट आगो बल्छ। त्यसबेला के खान्छन् त ? भने बलि रहेको मुखमा परेको तातो

बालुवा खान्छन्। उक्त तातो बालुवा पेटमा पुग्दा ठूलो पीडा हुन्छ जसले गर्दा भोक चाहिँ अलि बिर्सेको जस्तो हुन्छ।

केही तल्ला जातका प्रेतहरूले पीप, दिसा,
रगत जस्ता फोहोर पनि नपाउने भएकाले
एक अर्काको अनुहारमा हिर्काउँदा घाँटीको
गाँड फुटेर आएको पीप खान्छन् ॥९४॥

अनि तल्लो स्तरका केही प्रेतहरूले पीप, दिसा वा मल, रगत आदि फोहोर पनि खान पाउँदैनन्। उनीहरूले जीवन कसरी धान्छन् त ? भने एक अर्कासँग झगडा गर्ने र झगडा गरी अनुहारमा हिर्काउँदा त्यसबाट अलि अलि निस्केको रगत या पीप पिएर जीवन गुजारा गर्छन्। कसैको घाँटीमा गाँड आउँछन् र ती पाकेपछि फुटेर आएको पीप खाएर जीवन गुजारा गर्दछन्।

प्रेतहरूलाई ग्रीष्म ऋतुको चन्द्रमा पनि तातो हुन्छ भने
हिउँदको घाम पनि चिसो हुन्छ।
रुखहरूमा फल फलेको भए पनि यिनीहरूले देख्ने बित्तिकै
फलरहित हुन्छन् भने नदी पनि सुक्छन् ॥९५॥

यसरी प्रेतहरूमा विभिन्न नचाहिने कुरा हुने हुनाले ग्रीष्म ऋतुमा गर्मी बढेर जाँदा राति चन्द्रमा उदाउँदा पनि गर्मी हुन्छ। अनि हिउँदे जाडो याममा घाम पनि चिसो हुन्छ। आ-आफ्नो नजरमा त्यस्तो नराम्रो देखा पर्ने हुन्छ। प्रेत आफ्नो कन्जुस्याइँ कर्मले गर्दा त्यस्तो भएकोले फल फलिरहेको रुख नजिक जाँदा फलहरू सबै विलोप भई फलरहित हुन्छन्। अनि

बगिरहेको ठूलो नदी तिनीहरूले उता टाढाबाट हेर्दा मात्रले पनि उक्त नदी सुकेर जान्छन्। त्यसैले उनीहरूले कहिल्यै फलफूल खान र पानी पिउन पाउँदैनन्।

दोस्रो, दुःख भोगाइको समय—

निरन्तर दुःख पाइरहने
दोषयुक्त चर्याको कर्ममा
कसिएर बाँधिएका केही
पाँच र दश हजार वर्षसम्म पनि मर्दैनन् ॥९६ ॥

यसरी निरन्तर दुःख पाइरहने, सधैं भोक र तिर्खाले सताइरहने, झगडा हुने, गर्मीको पीडा, जाडोको पीडा जस्ता दुःख भोग्नु पर्छ। यस्ता दुःखहरू के कारणले भोग्नु परेको हो ? भने दोषयुक्त चर्या अर्थात् अकुशल कर्मको सञ्चयले गर्दा आइपरेका हुन्। पाप तथा अकुशल कर्मको डोरी अति नै मजबुत हुन्छ। कर्मलाई डोरीको उदाहरण राख्दै जसरी कडा र मजबुत डोरीले बाँधेर राखेमा उम्किन सक्दैन त्यसरी नै ती प्राणीहरू कर्मको कालो डोरीले बाँधि सकेपछि प्रेतको कोखमा जन्मिन्छन्। प्रेतमा जन्मेपछि कोही पाँच सय वर्ष र कोही भने दश हजार वर्षसम्म पनि नमरेर अति लामो समयसम्म भोक तथा तिर्खाको दुःख भोगेर बस्नुपर्ने हुन्छ।

दोस्रो, त्यसको हेतु—

यसरी प्रेतहरूले अनेक थरीको
दुःखको जुन एक रस पाएका छन्

त्यसको कारण व्यक्तिहरूको कन्जुस्याइँ प्रतिको लगाव हो।
तसर्थ बुद्धले कृपणतालाई अनार्य भन्नुभएको छ॥९७॥

यसरी प्रेतहरूले विभिन्न प्रकारका दुःखहरू भोग्नुपर्ने भए तापनि कहिले काहीँ सुखको अनुभूति गर्न पाउँछन् त ? भने उनीहरूले दुःखको स्वाद बाहेक कहिल्यै सुख र खुसीको अनुभव गर्न पाउँदैनन्। दुःख मात्र प्राप्त हुने त्यसको कारण के हो ? भने त्यसको कारण व्यक्तिहरूको कन्जुस्याइँ प्रतिको लगाव हो। आफूले पनि उपभोग गर्न नसक्ने र अरूलाई दान पनि गर्न नसक्ने अति कन्जुसलाई बुझिन्छ। यस्ता कन्जुस्याइँ आर्यहरूको धर्म नभएको र यो भनेको प्रेतको कोखमा जन्मिने हेतु हो भनी सुगत भगवान् बुद्धले बताउनु भएको छ। **सञ्चय गाथामा यस्तो बताइएको छ—**

कन्जुस व्यक्तिले प्रेत योनिमा जन्म लिन्छ॥
यदि मनुष्यमा जन्मिए पनि गरिब हुन्छ॥

यसरी तीन दुर्गतिहरूको दुःख बताउनु भएको छ।

चौथो, देवताहरूको दुःखमा दुई; १. सङ्क्षिप्तमा उल्लेख, २. विस्तृतमा व्याख्या।

पहिलो, देवताहरूको दुःख सङ्क्षिप्तमा—

स्वर्गमा धेरै सुख भए पनि
त्यसभन्दा पनि बढी मृत्यु र पतनको दुःख हुन्छ।
यसरी विचार गरेर शिष्ट व्यक्तिहरूले
नाशवान् स्वर्गको तृष्णा नगर्नु॥ ९८॥

त्यसपछि देवलोकको दुःख बताउनु भएको छ। ती मध्ये सर्वप्रथम देवताहरूको दुःखको बयान गर्दा देवलोकलाई 'सुखवती' भनी देवलोकमा जन्मिए साधारणतया महासुख प्राप्त हुन्छ। तर दुःखको बारेमा भन्दा देवताहरूलाई मृत्यु र पतनको दुःख हुन्छ। उनीहरूमा मृत्यु र पतनको दुःख नरक, प्रेत र पशुको दुःख भन्दा ठुलो हुन्छ। उदाहरणको लगि अवीचि नरकमा शारीरिक दुःख ठूलो भए पनि देवताहरूमा मृत्यु र पतनको मानसिक दुःख ठूलो हुन्छ।

यसरी देवलोकको दुःख भन्दा तीन दुर्गतिहरूको दुःख ठूलो हुन्छ भनी चिन्तन गरेर मर्यादित, भद्रचर्या तथा भद्र सोच भएका व्यक्तिहरूले कुशल कर्मको सञ्चय गर्नुपर्छ। कुशल कर्मको सञ्चय गर्दा पनि आफू साँच्चै नै संसारबाट मुक्त हुनको लागि नभई उच्च देव तथा मनुष्यको कोखमा जन्मिन पुण्य सञ्चय गरेमा त्यति ठूलो लाभ हुँदैन। किनभने सो कुशल कर्मले उच्च देवलोक आदिको सुख प्राप्त गरे पनि उक्त सुख नाशवान् भएकोले आफू उच्च देवलोकमा जन्मिउँ भन्ने सोच र स्वर्गको चाहना वा तृष्णा उत्पन्न गर्नुहुन्न भन्नुभएको हो।

दोस्रो, विस्तृत व्याख्या—

शरीरको रङ्ग कुरूप हुन्छ, आसनमा रुचि हुँदैन।
फूलको माला गल्न थाल्छ,
लुगामा मयल पर्न थाल्छ र जीउबाट
पहिले नभएको पसिनाको दुर्गन्ध आउन थाल्छ॥९९॥

देवताहरूले मृत्यु र पतनको दुःख कसरी भोग्नु पर्ने हुन्छ ? भने देवताहरूमा मृत्युका पाँच लक्षणहरू हुन्छन्। **पहिलो,** शरीरको रङ्ग कुरूप भएर जानु।

साधारणतया, देवताहरूको शरीर अति शानदार र उज्ज्वलमय हुन्छ। तर मृत्युको मुखमा पुग्दा शरीरको रङ्ग पूरै परिवर्तन भई चमकविहीन देखिन्छ। त्यतिखेर मृत्युका लक्षण देखा पर्छन्। **दोस्रो,** आसनमा रुचि नहुनु। त्यसैगरी देवताहरू आफ्नो आसनमा जति बसे पनि खुसी नहुने र मन नपर्ने भन्ने कहिल्यै हुँदैन। तर मर्न लाग्दा आफ्नो आसन मन नपर्ने हुन्छ। **तेस्रो,** फूलको माला ओइलिन थाल्नु। देवताहरू फूलको मालाले सजिँदा कहिल्यै नओइलिने र सधैं लगाउन मिल्ने हुन्छन्। तर मर्न लाग्दा फूलको माला पुरानो भई ओइलिन्छ। **चौथो,** वस्त्रमा मैला पर्नु। त्यसैगरी देवताहरूको वस्त्रमा कहिल्यै मैला पर्दैन। तर मृत्युको नजिक पुग्दा वस्त्रमा मैला लाग्न थाल्छ। **पाँचौं,** शरीरमा पसिना आउनु। देवताहरू जति खेले पनि थकान हुने र जीउबाट पसिना आउने भन्ने हुँदैन। तर मर्न लाग्दा शरीरबाट पहिले हुँदै नभएको पसिना आउन थाल्छ।

स्वर्गमा हुने मृत्यु र पतनका पाँच लक्षणहरू
देवलोकमा स्थित देवताहरूमा हुन्छन्।
यिनीहरू पृथ्वीमा मर्ने मानिसहरूका
लक्षणहरूसँग समान हुन्छन्॥१००॥

उच्च देवलोकमा 'अब तपाईं मर्दै हुनुहुन्छ' भन्ने सूचित गर्ने मृत्युका पाँच लक्षणहरू देवताहरूमा देखा पर्छन्। उदाहरणको लागि यस भूमिका मानवहरू मरेर जाने बेला उमेरले आह्वान गरेको मृत्युको लक्षण जस्तै हो। अनि डाक्टरले "अब तपाईं मर्नु हुन्छ होला" भने झैं हो।

देवलोकबाट पतन हुँदा
यदि कुनै कुशल कर्म बाँकी रहेनछ भने

तिनीहरू विवश भएर पशु, प्रेत र
नरकमध्ये कुनैमा पनि जन्मनु पर्ने हुन्छ ॥१०१ ॥

देवताहरूमा मृत्यु र पतनको दुःख मात्र हुने होइन। मरेपछि पनि राम्रो हुँदैन। देवलोकबाट मरेर फेरि उच्च लोकमै जन्मिनेको हेतुरूपी कुशल कर्म बाँकी भए राम्रो हुन्छ। केही बाँकी छैन भने शक्तिहीन लाचार भई आफैं पशुमा जन्मिने, प्रेतमा जन्मिने वा नरकका कुनै ठाउँमा जन्मिन पुग्छन्। यसरी देवताहरूको दुःख बारे व्याख्या गरिएको छ।

पाँचौं, असुरहरूको दुःख—

असुरहरूमा देवताहरूको ऐश्वर्यप्रति
स्वभावैले ईर्ष्या हुने भएकाले मानसिक दुःख धेरै नै हुन्छ।
उनीहरू बुद्धिमान् भए पनि जन्म आवरणले गर्दा
सत्यलाई देख्न सक्दैनन् ॥१०२ ॥

छ प्रकारका गतिहरू मध्ये नरक, प्रेत, पशु र देवताका दुःखहरू माथि बताइसके पछि अहिले यहाँ असुरको दुःख बताउँदा, असुर लोकमा दुई प्रकारका दुःखहरू छन्। **पहिलो,** असुरहरूमा स्वभावैले देवताहरूको ऐश्वर्य देख्दा त्यसमा अति नै ईर्ष्या पैदा भएर सधैं, 'हामी देवता जस्ता छैनौँ' भन्ने सोचेर बस्ने हुनाले अति ठूलो मानसिक दुःख हुन्छ। **दोस्रो,** असुरहरू बुद्धिमान् हुन्छन् तर विपाक आवरण वा जन्म आवरणले गर्दा आफैँले सत्यलाई देख्न सक्ने, अनुभूति-अधिगम प्राप्त हुने, सद्धर्ममा प्रवेश गर्ने आदि हुँदैनन् भन्नुभएको हो।

दोस्रो, त्यस्तो बुझेर संसारमा जन्मनुबाट रोक्ने उपदेशमा दुई; १. जन्म रोक्नु पर्ने कारण र २. त्यस्तो कारणले जन्म रोक्नको लागि गम्भिर रूपमा प्रयत्न गर्ने उपदेश।

पहिलो, जन्म रोक्नु पर्ने कारण—

संसार त्यस्तो भएको हुनाले देव, मनुष्य,
नरक, प्रेत र पशु भएर जन्म लिनु राम्रो हुँदैन।
जन्मिएमा विभिन्न बाधाहरूको
भाँडो भइन्छ भनी जान॥ १०३॥

माथि छ प्रकारका गतिहरूका दुःख बताइसके पछि यहाँ संसारबाट पार हुन हामीले मोक्ष प्राप्तिको उपायमा मिहिनेत गर्नुपर्छ, भन्नुभएको हो। संसार कस्तो छ ? भने देवलोकमा जन्मिए पनि ठिक छैन। मनुष्यमा जन्मे पनि ठिक छैन। नरक, प्रेत र पशुमा अर्थात् जहाँ जन्मे पनि एउटा कुशल जन्म र भद्र जीवन प्राप्त हुँदैन। त्यसैले संसारमा जन्मिनु भनेको विभिन्न बाधाहरूको भाँडो हुनु हो र धेरै दुःखहरू आईपर्छ भन्ने बुझ्नुपर्छ। त्यसैले संसारमा जन्मने क्रम त्याग्नु पर्छ भन्नुभएको हो।

दोस्रो, त्यस्तो कारणले जन्म रोक्नको लागि गम्भिर रूपमा प्रयत्न गर्ने उपदेश—

शिर वा लुगामा अकस्मात् आगो लाग्दा
त्यसलाई निभाउन छोडेर पनि
पुनर्जन्म रोक्नको लागि प्रयत्न गर
किनकि त्यो भन्दा महान् र श्रेष्ठ प्रयोजन अर्को छैन॥ १०४॥

यसरी संसारबाट मुक्त हुनुपर्ने कारण बुझेर मिहिनेत गर्नुपर्छ। उदाहरणको लागि एउटा मान्छेको टाउकोमा आगलागी हुँदा छिटो छिटो अरू काम उता थन्काएर शिरमा लागेको आगो कसरी निभाउने भन्नेमा प्रयत्न गर्नुपर्छ। अनि लुगामा अकस्मात् आगो लाग्दा पनि अरू काम छोडेर आगो निभाउन प्रयत्न गर्नुपर्छ।

यहाँ *"त्यसलाई निभाउन छोडेर पनि"* भन्नाले शिरमा आगो लाग्दा त्यसलाई निभाउन छोडेर विद्वानहरूले के गर्नुपर्छ ? भने पुनर्जन्म रोक्नको लागि, संसारमा फेरि जन्म नलिन प्रयत्न गर्नुपर्छ। किनकि त्यो भन्दा महान् र श्रेष्ठ प्रयोजन अर्को छैन। यो नै सबैभन्दा महत्त्वपूर्ण काम हो। त्यसैले जसरी भए पनि हामी यस संसारबाट मुक्त हुन सक्ने बन्नुपर्छ भन्नुभएको हो।

दोस्रो, शुद्धीकरणमा (निर्वाण) मा प्रवेश गर्ने विधिमा दुई; १. फलरूपी मुक्तिप्रतिको निश्चय र २. हेतुरूपी मार्गसत्यको अभ्यास।

पहिलो, फलरूपी मुक्तिप्रतिको निश्चय—

शील, समाधि र प्रज्ञाद्वारा शान्त, विनीत, निर्मल निर्वाणपद
जुन पृथ्वी, जल, अग्नि, वायु, सूर्य र चन्द्रहरूबाट मुक्त छ।
अजर, अमर, अक्षय छ।
त्यो प्राप्त गर्न प्रयत्न गर॥१०५॥

त्यसपछि निर्वाण बारे बताउँदा, फलरूपी मुक्तिप्रतिको निश्चय उत्पन्न हुनुपर्ने कारण बताउनुभएको छ। संसारबाट मुक्त हुन हेतु के चाहिन्छ ? भने आफूमा विशेष सम्यक् शील र सम्यक् समाधि उत्पन्न हुनुपर्छ र सम्यक् प्रज्ञा पनि हुनुपर्छ। यी तीन शिक्षाले मोक्ष अर्थात् निर्वाण प्राप्त हुन्छ।

निर्वाण भनेको कस्तो हो ? भने सारा दुःखबाट शान्त, संसारमा जन्मने कर्म रहित, विनीत, क्लेशको दाग रहित उत्कृष्ट निर्वाणपद, कहिल्यै बुढो नहुने अजर, कहिल्यै च्युत नहुने अमर, कहिल्यै नाश नहुने अक्षय हुन्छ। मोक्ष भनेको रुप होइन त्यसैले पृथ्वी, जल, अग्नि, वायु, सूर्य र चन्द्र जस्ता निर्जीव वस्तुबाट मुक्त भएको विशेष भूमि हो। यस्तो विशेष भूमि प्राप्त गर्नु अत्यन्त जरुरी रहेकोले जसरी भए पनि प्राप्त गर्ने प्रयत्न गर्नुपर्छ भन्नुभएको हो।

दर्शन मार्ग

दोस्रो, हेतुरूपी मार्गसत्यको अभ्यासमा दुई; १. दर्शन मार्ग र २. भावना मार्ग। पहिलोमा दुई; १. मार्गको स्वरुप सात बोध्यङ्ग दर्शाएको र २. शमथ तथा विपश्यनासँग सम्बन्धित गम्भीर प्रज्ञाको योग।

पहिलो, मार्गको स्वरुप सात बोध्यङ्ग—

स्मृति, धर्म प्रविचय, वीर्य,
प्रीति, प्रश्रब्धि, समाधि र
उपेक्षारूपी सात बोध्यङ्गहरू नै
निर्वाण प्राप्तिका कुशल सम्भारहरू हुन ॥१०६ ॥

निर्वाण प्राप्तिको हेतुरूपी मार्ग सत्य बताउँदा दर्शन मार्ग र भावना मार्ग दुई मध्ये पहिलो दर्शन मार्ग बताउनु भएको छ। दर्शन मार्गमा सात बोध्यङ्गहरू छन्। ती सात सात बोध्यङ्गहरू के-के हुन् ? भने १) सम्यक् स्मृति, २) धर्म प्रविचय गर्ने (जाँच्ने) सम्यक् प्रज्ञा, ३) सम्यक् वीर्य, ४) सद्धर्मप्रति मन खुसी भएर प्रस्थान गर्ने सम्यक् प्रीति, ५) काय र चित्तको कर्मण्यता (क्रियाशीलता) भएकोले कुनै कष्ट बिनाको सम्यक् प्रश्रब्धि, ६) मन एकाग्र हुने सम्यक् समाधि, र ७) राग र द्वेषरहित सम्यक् उपेक्षा हुन्। यी सातलाई बोधिसत्त्वका अङ्गहरू भनिन्छ।

यी सात बोध्यङ्गहरू कहिले प्राप्त हुन्छ ? भने धर्मता सत्यको प्रत्यक्ष बोध हुने दर्शन मार्गको बेलामा प्राप्त हुन्छ। ती सात अङ्गहरू बोधि प्राप्त गर्ने उपाय वा बोधिसँग मेल खाने भएकोले बोध्यङ्ग भनिएको हो। यी सात बोध्यङ्गहरू निर्वाण प्राप्त गर्नको लागि पुण्य सम्भार हुन् भनिएको हो।

दोस्रो, शमथ तथा विपश्यनासँग सम्बन्धित गम्भीर प्रज्ञाको योगमा दुई; १. सङ्क्षिप्तमा उल्लेख र २. विस्तृतमा व्याख्या।

पहिलो, सङ्क्षिप्त उल्लेख—

प्रज्ञा नभएमा ध्यान हुँदैन।
ध्यान विनाको प्रज्ञा पनि हुँदैन।
यी दुबै भएका व्यक्तिहरूको लागि भवसागर पनि
गाईको पाउको डोबमा जमेको पानी समान हुन्छ॥१०७॥

प्रज्ञा नभएमा ध्यान हुँदैन। त्यसैगरी ध्यान नभएमा पनि प्रज्ञा राम्रो हुँदैन। त्यसैले प्रज्ञा र ध्यान दुबै चाहिन्छ। ध्यान र प्रज्ञा दुबै युक्त व्यक्ति हुन सके त्रिधातु चक्र भवसागर पार गर्न कुनै कठिनाइ हुँदैन। उदाहरणको लागि यो अपार भवसागरलाई पनि गाईको डोब (पाइला) मा भरिएको पानी समान बनाउन सक्छ अर्थात् बोध भएपछि तर्न केही कठिन हुँदैन। त्यसैले प्रज्ञा र ध्यानको राम्रो अभ्यास गरी भवसागर पार गर्न सक्ने बन्नुपर्छ भन्नुभएको हो।

दोस्रो, विस्तृत व्याख्यामा दुई; १. त्याग्नु पर्ने अवस्था विपरीत रहेका अव्याकृत दृष्टिहरूको बयान र २. प्रतिपक्ष विशुद्ध स्वभाव प्रतीत्यसमुत्पादको विषय।

पहिलो, त्याग्नु पर्ने अवस्था विपरीत रहेका अव्याकृत दृष्टिहरूको बयान—

अर्कवन्धुले बताउनु भएका
चौध अव्याकृत दृष्टिहरूको बारेमा
चिन्तन गर्नु हुन्न किनकि
तिनीहरूको चिन्तनले मन शान्त हुँदैन ॥ १०८ ॥

त्यसपछि प्रज्ञाको प्रतिपक्ष चौध वटा अव्याकृतहरू रहेका छन्। ती चौध अव्याकृतहरू के-के हुन् ? भने आत्म र लोक शाश्वत (नित्य) छन्, अशाश्वत (अनित्य) छन्, नित्य र अनित्य दुबै छन् र दुबै छैनन् जस्ता पूर्वान्तको आधारमा चार ओटा छन्। आत्म र लोक अन्तवान् हुन्, अन्तवान् होइन, दुबै हुन्, दुबै होइनन् जस्ता अपरान्तको आधारमा चार ओटा छन्। तथागत परिनिर्वाण पछि पनि आउनु हुन्छ, आउनु हुन्न, दुबै हुन्छ, दुबै हुन्न जस्ता निर्वाणमा आधारित चार ओटा छन्। शरीर र प्राण एउटै हुन्, भिन्न हुन् भन्ने जस्ता शरीर र प्राण (आत्म)को आधारमा दुई दृष्टिहरू छन्।

यहाँ 'आत्म छ' भन्ने दृष्टिलाई आधार मानेर तीर्थिक (अबौद्ध)ले चौधवाट प्रश्नहरू सोधेका थिए। ती प्रश्नहरूको उत्तरमा सुगत भगवान् बुद्धले आत्मा छ भनौँ भने यथार्थमा आत्मा नभएकोले त्यसो भन्नु उचित थिएन। अनि ती प्रश्नको उत्तरमा आत्मा छैन, तपाईंहरू गलत हो भनौँ भने उहाँहरूमा रहेको श्रद्धा र आस्था नाश भई धर्ममा प्रस्थान गर्न सक्नुहुन्नथ्यो। त्यसकारण भगवान् बुद्धले ती प्रश्नहरूको उत्तरमा अव्याकृत अर्थात् त्यस बेला ती प्रश्नहरूको कुनै उत्तर दिनुभएन।

यसरी लोकमा आदित्यबन्धु भगवान् बुद्धले विशुद्ध रूपले, "ती चौधओटा अव्याकृतहरूको चिन्तन नगर्नु र त्यसको बारे नसोच्नु। त्यसको बारेमा सोचेमा मनमा अशान्ति र शङ्का उत्पन्न हुन्छ" भन्नुभएको छ।

दोस्रो, प्रतिपक्ष विशुद्ध स्वभाव प्रतीत्यसमुत्पादको विषयमा दुई; १. वास्तविक प्रतीत्यसमुत्पाद र २. प्रतीत्यसमुत्पादको महत्ता गुण बताइएको।

पहिलो, वास्तविक प्रतीत्यसमुत्पाद—

अविद्याबाट संस्कार (कर्म), संस्कारबाट विज्ञान,
त्यसबाट नाम रूप आउँछन्।
नाम रूपबाट षडायतन, त्यसबाट स्पर्श उत्पन्न हुन्छ भनी
मुनिले बताउनु भएको छ॥१०९॥

के को चिन्तन गर्नुपर्छ ? भने साक्षात् प्रज्ञा उत्पन्न हुने प्रतीत्यसमुत्पाद भएकोले बाह्र प्रतीत्यसमुत्पादको अर्थलाई चिन्तन गर्नुपर्छ। बाह्र प्रतीत्यसमुत्पादको पहिलो अविद्या हो। हामीले धर्मको अवस्था नबुझ्नुलाई अविद्या भनिन्छ। अविद्या भएकोले कर्म सञ्चय हुन्छ जसलाई संस्कार भनिन्छ। उक्त संस्कारबाट विज्ञान उत्पन्न हुन्छ जुन हाम्रो चित्तमा कर्मको बीउ वासनाको रूपमा राखेको हुन्छ। जस्तैः प्राणी हत्या गऱ्यो भने पुनर्जन्ममा नरकमा जन्मिने वासना या छाप आफ्नो विज्ञानमा राख्नु जस्तो हो।

उक्त विज्ञानबाट नाम रूप उत्पन्न हुन्छ। नाम भन्नाले चार वटा नामको स्कन्धहरू; वेदना, संज्ञा, संस्कार र विज्ञानलाई बुझिन्छ। रूप भन्नाले रूप स्कन्ध हो। त्यसैले विज्ञानबाट पुनर्जन्मको पाँच स्कन्धहरू उत्पन्न हुन्छन्। पाँच स्कन्धहरू स्पष्ट हुँदैनन्। साधारणतया, पाँच स्कन्धहरू सम्पन्न मात्र

हुनुलाई रूप भनिन्छ। ती नाम र रूपबाट षडायतन उत्पत्ति हुन्छन्। चक्षु, श्रोत्र, घ्राण, जिह्वा, काय र मन (आँखा, कान, नाक, जिब्रो, शरीर र मन) छ वटालाई षडायतन भनिन्छ। आमाको कोखमा सर्वप्रथम अति नै निम्न रूप बन्छ। त्यसपछि उक्त रूपमा आँखा, कान, नाक आदि उत्पन्न हुन्छन्। ती षडायतनबाट विषय, इन्द्रिय र विज्ञान तीन संस्पर्श उत्पन्न हुन्छन् अर्थात् चक्षु संस्पर्श, श्रोत्र संस्पर्श, घ्राण संस्पर्श आदि छ स्पर्शहरू उत्पन्न हुन्छन् भनी बुद्धले बताउनु भएको छ।

स्पर्शबाट सबै वेदनाहरू उत्पन्न हुन्छन्।
वेदनामा आधारित भएर तृष्णा उत्पन्न हुन्छ।
तृष्णाबाट उपादान र उपादानबाट भव र
भवबाट जाति (जन्म) हुन्छ ॥११० ॥

स्पर्शबाट सबै वेदनाहरू उत्पत्ति हुन्छन्। विषयको स्पर्शबाट सुख, दुःख आदि वेदना उत्पन्न हुन्छन्। वेदनाको आधारमा तृष्णा उत्पत्ति हुन्छ। तृष्णामा चाहने तृष्णा (कामतृष्णा) र नचाहने तृष्णा (भयतृष्णा) दुई मध्ये चाहने तृष्णा भन्नाले आनन्द महसुम भएमा मलाई यो चाहियो भन्ने सोच्ने तृष्णालाई बुझिन्छ र नचाहने तृष्णा भन्नाले आनन्द महसुम नभएमा यो फाल्नु पऱ्यो भन्ने सोच्ने तृष्णालाई बुझिन्छ। तृष्णाबाट उपादान उत्पन्न हुन्छ। त्यसप्रति बलियो आसक्ति उत्पन्न भएर त्यसकै पछि लाग्छ यानि उपादान उत्पन्न हुन्छ। उपादानबाट भव उत्पन्न हुन्छ अर्थात् उपादानको लागि पनि संस्कार भव या कर्म सञ्चय गर्छन्। कर्म संस्कार भवबाट फल पुनर्जन्म प्राप्त हुन्छ।

जन्म भएमा शोक, रोग,
जरा, असन्तुष्टि, चाहेको वस्तु नपाउने,

मृत्यु, भय जस्ता अत्यन्त धेरै दुःखहरूको समूह उत्पन्न हुन्छ।
जन्म नै निरोध भएमा यी सबै निरोध हुन्छन् ॥१११॥

जन्म भएमा शोक, रोग, जरा, चाहेको वस्तु नपाउने असन्तुष्टि, मृत्यु, भय जस्ता अत्यन्त धेरै दुःखहरूको समूह उत्पन्न हुन्छ। जन्म भइसकेपछि सारा दुःख प्राप्त हुनु भनेको यो संसारको रित नै हो। अब त्यसबाट मुक्त हुने उपाय के अपनाउनु पर्छ ? भने सर्वप्रथम जन्म नै निरोध गर्नुपर्छ। किनभने जन्म निरोध भएपछि सबै निरोध भएर जान्छ, भन्नुभएको हो।

दोस्रो, प्रतीत्यसमुत्पादको महत्ता गुण बताइएको—

यो प्रतीत्यसमुत्पाद जिनका वचनको भण्डारमध्येमा
अमूल्य र गम्भीर छ।
जसले यसलाई सही रूपमा देख्छ
उसले उत्तम स्वभावरूपी बुद्धलाई देख्छ ॥११२॥

श्लोकमा *"यो प्रतीत्यसमुत्पाद"* भन्नुभई माथि भने झैं सर्वप्रथम अनुलोम भव प्रतीत्यसमुत्पादद्वारा संसारमा जन्म हुने तरिका र प्रतिलोम निर्वाण प्रतीत्यसमुत्पादद्वारा जन्म निरोध भएपछि सबै निरोध भएर संसार त्याग्ने उपाय प्रतीत्यसमुत्पाद जिन भगवान् बुद्धको वचनका भण्डारमध्येमा अमूल्य र गम्भीर हुन्। उदाहरणको लागि राजाको भण्डारबाट सबै भन्दा उत्कृष्ट वस्तु यो हो भनेर रोज्नु जस्तै हो। त्यसैले जसले यो प्रतीत्यसमुत्पाद विशुद्ध र सही रूपमा देख्छ उसैले उत्तम स्वभावरूपी बुद्धलाई देख्छ।

भावना मार्ग

दोस्रो, भावना मार्गमा तीन; १. मार्गको स्वरूप आर्य अष्टाङ्गिक मार्ग, २. ती मार्ग हुनको कारण र ३. उक्त मार्गको मूल चार आर्य सत्य देख्ने प्रज्ञाको उपदेश।

पहिलो, मार्गको स्वरूप आर्य अष्टाङ्गिक मार्ग—

सम्यक् दृष्टि, आजीविका, व्यायाम,
स्मृति, समाधि, वाक्, कर्मान्त र
सम्यक् सङ्कल्प नै मार्गका आठ अङ्गहरू हुन्।
शान्ति प्राप्ति गर्नको लागि यिनीहरूको भावना गर॥११३॥

माथि सात बोध्यङ्गहरूद्वारा दर्शन मार्ग बताइसक्नु भएपछि आर्य अष्टाङ्गिक मार्गद्वारा भावना मार्ग बताउनुभएको छ। १) **सम्यक् दृष्टि** भन्नाले प्रज्ञालाई बुझिन्छ। अगाडि दर्शन मार्गमा बोध गरिसकेको धर्मता सत्य स्वभाविक परिच्छेद ज्ञानलाई सम्यक् दृष्टि भनिन्छ। २) **सम्यक् आजीविका** भन्नाले शीललाई बुझिन्छ। भोजन, वस्त्र र धन सम्पत्ति आदिको सम्यक् तवरले उपभोग गर्ने चर्यालाई मात्र सम्यक् आजीविका भनिन्छ। उल्टो उपभोग अर्थात् अरूलाई छल्ने, लुट्ने, ठग्ने आदि कार्यद्वारा प्राप्त गरेको भोजन, वस्त्र वा धन सम्पत्तिहरू सम्यक् आजीविका होइनन्। ३) **सम्यक् व्यायाम** भन्नाले मिहिनेतलाई बुझिन्छ। ४) **सम्यक् स्मृति**

भन्नाले मनदेखि नै नबिर्सिनेलाई बुझिन्छ। ५) **सम्यक् समाधि** भन्नाले ध्यानलाई बुझिन्छ। ६) **सम्यक् वचन** भन्नाले सत्य बोली, इमानदार र हितकारी आशय सहित बोल्नुलाई बुझिन्छ। ७) **सम्यक् कर्मान्त** भन्नाले जे जस्तो काम गरे पनि कुशल मात्र र अरूलाई हानि नहुने कर्मलाई बुझिन्छ। ८) **सम्यक् सङ्कल्प** भन्नाले अरूलाई धर्म दर्शाउने आदि वाक् उत्पन्न गर्ने सङ्कल्प हो। यी आठ वटालाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ।

साधारणतया, आर्य अष्टाङ्गिक मार्गलाई शील, प्रज्ञा र ध्यान गरी तीनओटामा छुट्ट्याउन सकिन्छ। शीलमा सम्यक् आजीविका, सम्यक् वाक् र सम्यक् कर्मान्त गरी तीनवटा दर्शाउनुभएको छ। प्रज्ञामा सम्यक् दृष्टि र सम्यक् सङ्कल्प गरी दुईवटा दर्शाउनुभएको छ। सम्यक् दृष्टि भन्नाले ध्यानको अनुभवबाट प्राप्त भएको दृष्टिलाई बुझिन्छ। सङ्कल्प भन्नाले चिन्तन गरेर सङ्कल्प उत्पन्न भएको प्रज्ञा अर्थात् श्रुतमयी प्रज्ञा र चिन्तामयी प्रज्ञालाई बुझिन्छ। सम्यक् स्मृति र सम्यक् समाधि दुईलाई ध्यानको रुपमा दर्शाउनुभएको छ। सम्यक् व्यायाम नै वीर्य भएकोले सम्यक् दृष्टिको साथमा वीर्य (लगनशीलता) चाहिन्छ। सम्यक् समाधिको साथमा पनि वीर्य चाहिन्छ। सम्यक् शीलको साथमा पनि वीर्य चाहिन्छ। त्यसैले वीर्य सबैको साथमा हुनुपर्छ।

आफ्नो चित्त संसारबाट मुक्त भई सर्वसम्पन्न सुख र खुसी युक्त शान्त निर्वाण भूमि प्राप्त गर्नको लागि यी आर्य अष्टाङ्गिक मार्गको भावना गर्नुपर्छ, भन्नुभएको हो।

दोस्रो, ती (आर्य अष्टाङ्गिक मार्ग) मार्ग हुनको कारण—

यो जन्ममा दुःख छ, तृष्णा नै यो दुःखको

महान् स्रोत (समुदय) हो, त्यसको निरोध
हुनु नै मुक्ति हो र त्यसलाई प्राप्त गर्ने
आर्य अष्टाङ्गिक मार्ग हुन् ॥११४॥

यस श्लोकमा साधारणतया मार्गहरू मध्ये मुख्य मार्ग आर्य अष्टाङ्गिक मार्ग बताउनु भएको हो। हामी यस लोकमा जन्मनु वा भवचक्र संसारमा जन्मनु नै दुःख सत्य हो। दुःख सत्य केबाट उत्पन्न हुन्छ त ? भने तृष्णा वा आसक्तिबाट नै उत्पन्न हुन्छ। तृष्णा भन्नाले दुःख उत्पन्न गर्ने हेतु चार आर्य सत्य मध्ये समुदय हो भन्नुभएको छ। समुदय आर्यसत्य भन्नाले मुख्य रूपले तृष्णा र अरु क्लेशहरू हुन्। वृहत् समुदय भन्नाले क्लेशद्वारा कर्म सञ्चय हुनु र विभिन्न दुःख निरन्तर उत्पन्न हुनुलाई भनिन्छ। त्यसैले सांसारिक तवरमा दुःख र दुःखको हेतु समुदय हो।

अनि संसारबाट मुक्त हुन के गर्नुपर्छ ? भने समुदयलाई त्याग्नु पर्छ। दुःख र क्लेश समुदयहरू त्यागेर पूर्ण निरोध गर्नु नै मोक्ष प्राप्त हुनु हो। मोक्ष प्राप्त गर्न के चाहिन्छ ? भने मार्ग चाहिन्छ। त्यसैले आर्य अष्टाङ्गिक मार्ग नै मोक्ष प्राप्त गर्ने मार्ग हो भनेका हुन्।

तेस्रो, उक्त मार्गको मूल चार आर्य सत्य देख्ने प्रज्ञाको उपदेश—

चार आर्य सत्यहरूलाई
देख्नको लागि सधैं प्रयत्न गर॥

यसरी विस्तृतमा आर्य अष्टाङ्गिक मार्ग र सङ्क्षिप्तमा चार आर्यसत्यको लागि वीर्यको अभ्यास गर्नुपर्छ। चार आर्य सत्यहरूलाई विशुद्ध रूपले

देख्नको लागि सधैं मार्गको भावना(ध्यान)मा प्रयत्न गर्नुपर्छ। यहाँ साधारणतया आर्य अष्टाङ्गिक मार्ग प्राप्त गर्ने उपाय र त्यस मध्ये चार आर्य सत्यको अर्थ देख्न प्रयत्न गर्नुपर्छ भन्नुभएको हो।

तेश्रो, तिनीहरूको अभ्यास गर्न उत्साह जगाउनेमा तीन; १. आश्रय निम्न भए पनि साधनाबाट सफल भइन्छ भनी उत्साह जगाउने, २. आफूले अभ्यास कम गरेको भए पनि सफल भइन्छ भनी उत्साह जगाउने र ३. आफ्नो क्षमताले भ्याएसम्म अभ्यास गर्न हुन्छ भनी उत्साह जगाउने।

पहिलो, आश्रय निम्न भए पनि साधनाबाट सफल भइन्छ भनी उत्साह जगाउने—

काखमा उत्तम श्री लिएका गृहस्थहरूले पनि
यो बुझेर क्लेशरूपी नदी तर्न सक्छन् ॥११५॥

सद्धर्मको साक्षात्कार गरेका व्यक्तिहरू पनि
आकाशबाट खसेका वा अनाज (बालीनाली) जस्तो
जमिनबाट उम्रेका नभएर पहिले स्थूल
क्लेश भएका पृथग्जन नै हुन् ॥११६॥

आर्य नागार्जुनले राजा गौतमीपुत्रलाई, 'तपाईं गृहस्थी हो' भनी सम्बोधन गर्नुभएको छ। उहाँ कसरी गृहस्थी हो ? भने उहाँसँग उत्तम श्री अर्थात् धन सम्पत्ति, घर आदि धेरै छन्। उसो भए एउटा गृहस्थीले आर्य सत्य देख्न सक्छ त ? भने गृहस्थीले पनि सद्धर्मको यथार्थ राम्ररी बुझेर मिहिनेत गरेमा क्लेशको नदी तर्न सक्छ। जसरी भए पनि तर्नुपर्छ। जसले

सद्धर्मको साक्षात्कार गरेका छन् उनीहरूले प्राप्त गरेका फलहरू पानी परे झैं आकाशबाट खसेका होइनन्। अनाज जस्तो जमिनबाट उम्रेका पनि होइनन्। कस्तो हो त ? भने उहाँहरू पनि पहिले क्लेश युक्त र क्लेशमा भर परिरहेका केवल समान्य पृथग्जन हुनुहुन्थ्यो जसले पछि सद्धर्मको अभ्यासमा मिहिनेत गरी बुद्धत्व तथा अर्हत् आदि फल प्राप्त गर्न सक्नुभएको हो। त्यसैले तपाईंले पनि फल प्राप्त गर्न सक्नुपर्छ, भन्नुभएको हो।

दोस्रो, आफूले अभ्यास कम गरेको भए पनि सफल भइन्छ भनी उत्साह जगाउने—

हे भयमुक्त (राजन) ! तिमीलाई सिकाउनुको आवश्यकता छैन।
तिम्रो चित्तलाई वशमा राख।
यो नै सबैभन्दा हितकारी उपदेश हो। भगवान् बुद्धले नै
चित्त धर्महरूको मूल हो भनी बताउनु भएको छ॥११७॥

यहाँ 'निर्भय' भनी तपाईं महाराज भएकोले डर लाग्नु पर्ने र तर्सिनु पर्ने स्थान छैन। निर्भय राजा तपाईंलाई धेरै सिकाउनुको आवश्यकता पनि छैन। तपाईंले राम्ररी बुझ्नुभएकै छ। आर्य नागर्जुन मैले धेरै सिकाउन पनि जान्दिन। तपाईंलाई लाभ हुने मूल उपदेशको सार यो हो कि तपाईंले आफ्नो चित्तलाई वशमा राख्नु। आफ्नो चित्तलाई इमानदार र कुशल बनाउनु पर्छ। किन त्यसो गर्नुपर्छ भने भगवान् बुद्धले नै *'चित्त धर्महरूको मूल हो'* भन्नुभएको छ। त्यसैले राजा तपाईंले चित्तलाई काबुमा राख्नुपर्छ भन्नुभएको हो।

तेस्रो, आफ्नो क्षमताले भ्याएसम्म अभ्यास गर्न हुन्छ भनी उत्साह जगाउने—

तिमीलाई दिएका यी उपदेशहरू
प्रयत्नरत भिक्षुहरूले पनि अभ्यास गर्न गाह्रो छ।
तसर्थ यी चर्याको साररूपी गुणलाई
सेवन गरेर जीवनलाई सार्थक बनाऊ॥ ११८॥

राजा तपाईंले अभ्यास गर्न सजिलो रहेको सुहृल्लेखमा तपाईंले यो गर्नुपर्छ र यो त्याग्नुपर्छ भन्ने उपदेशहरू धेरै छन् जुन प्रयत्नरत भिक्षुहरूले पनि अभ्यास गर्न गाह्रो छ। यी सारा उपदेशहरू प्रवजितहरू मध्ये उत्कृष्ट भिक्षुले पनि अभ्यास गर्न गाह्रो छ भने राजा तपाईंलाई किन गाह्रो नहुनु, अवश्य धेरै कठिन हुन्छ। तरपनि ती उपदेशहरू मध्ये तपाईंले राम्ररी अभ्यास गर्न सक्ने गुणलाई जति सक्दो राम्ररी अभ्यास गरी जीवनलाई सार्थक बनाउनु भन्नुभएको हो।

ग) तेश्रो, ग्रन्थको पृष्ठमा दुई; १. अनुमोदन र परिणामना उपदेश र २. अगाडिका मार्ग र फलको सम्पूर्ण विषय सङ्क्षिप्त गरेको उपदेश। पहिलोमा दुई; १. परिणामना र २. त्यसको फल।

पहिलो, परिणामना—

सबैले गरेका कुशल कर्महरूको अनुमोदन गरेर
आफूले राम्रोसँग गरेका तीन प्रकारका चर्याहरू पनि
बुद्धता प्राप्तिको लागि परिणामना गर॥

अरूले कुशल कर्म सञ्चय गर्दै छ भने ती सबैको पुण्य अनुमोदन गर्दै राजा तपाईंले गरेका तीन प्रकारका कुशल चर्याहरू; कायद्वारा सञ्चय गरेका कुशल कर्म, वाक्बाट सञ्चय गरेका कुशल कर्म र चित्तबाट सञ्चय गरेका कुशल कर्महरू सारा परहितको लागि र बुद्धत्व प्राप्तिको लागि विशुद्ध परिणामना गरेर अर्थपूर्ण बनाउनु पर्छ, भन्नुभएको हो।

दोस्रो, परिणामनाको फलमा दुई; १. मार्गको हाल देखा पर्ने फल र २. अन्त्यमा बुद्धत्व प्राप्तिको फल।

पहिलो, मार्गको हाल देखा पर्ने फल—

यो पुण्य राशिद्वारा तिमीले ॥ ११९ ॥

अनगिन्ती जन्महरूसम्म देव र मनुष्य लोकका
योगहरूलाई वशमा लिएर (अभ्यास गरेर)
आर्य अवलोकितेश्वरको समान चर्या गरेर अनेकौँ असहाय
दुःखी व्यक्तिहरूलाई अनुगृहीत बनाई ॥ १२० ॥

फेरि जन्म लिएर रोग, बुढोपन, राग र द्वेषहरू हटाएर, ...

यसरी आचार्य नागार्जुन मैले सिकाएँ। राजा गौतमीपुत्र तपाईंले अभ्यास गर्नु। त्यसो गरी प्राप्त भएको यो कुशल कर्मको स्कन्धले हे राजा ! तपाईंले अनगिन्ती जन्महरूसम्म देव र मनुष्य लोकहरूका मार्ग भावना (ध्यान) गरेर योगहरूलाई वशमा लिएर (अभ्यास गरी) आर्य अवलोकितेश्वर समान चर्या गरेर अनेकौँ असहाय दुःखी व्यक्तिहरूलाई करुणामय चित्तले अनुगृहीत बनाई यस लोकमा फेरि फेरि जन्मेर सत्त्वहरूको रोग र बुढोपनको दुःख,

राग र द्वेष आदि क्लेशको थुप्रो एउटै बाँकी नराखी सबै हटाउनु पर्छ, भन्नुभएको हो।

दोस्रो, अन्त्यमा बुद्धत्व प्राप्तिको फल—

.... बुद्ध क्षेत्रमा
भगवान् अमिताभ समान भई
अपरिमित आयु भएको जगन्नाथ बन ॥१२१॥

अन्त्यमा बुद्धभूमि सुखावतीमा भगवान् अमिताभ बुद्ध समान भई लोकनाथ बनी संसार यथवत् रहेसम्म अपरिमित आयु भएको जगन्नाथ बन्नु भन्नुभएको हो।

दोस्रो, अगाडिका मार्ग र फलको सम्पूर्ण विषय सङ्क्षिप्त गरेको उपदेश—

प्रज्ञा, शील एवं त्यागबाट उत्पन्न निर्मल ख्यातिलाई
देवलोक, आकाश, धर्तीमा फैलाएर
पृथ्वीका मानव र स्वर्गका
अनुपम सुन्दरीहरूलाई शान्त बनाएर ॥१२२॥

क्लेशरुबाट पीडित प्राणीहरूका भय, जन्म र
मृत्युलाई शान्त बनाउने जिनेन्द्र बनेर
लोकातीत, नाम मात्र, शान्त, भय मुक्त,
जरामुक्त, अक्षय र निर्दोष पद प्राप्त गर ॥१२३॥

यस श्लोकमा प्रणिधान गर्नुभएको हो। तपाईं सर्व सम्पन्न प्रज्ञावान्, सर्व सम्पन्न शीलवान् र सर्व सम्पन्न दानवान् भएकोले तिनीहरूबाट उत्पन्न निर्मल ख्याति देवलोक आकाश र धर्ती माथिको मानव स्थान तथा सारा लोकमा फैलाएर या विशाल भई यस भूमिमा अवस्थित सारा मानवहरूलाई लाभ गरेर, स्वर्गमा अवस्थित देवताहरू किशोरी देवीहरू सँगै बसी तन र मनको अपार सुख भोग गरेर बसेकाहरू आसक्तिबाट चित्त शान्त बनाएर, क्लेशहरूबाट पीडित प्राणीहरूका भय, जन्म र मृत्युलाई शान्त बनाउने जिनेन्द्र भगवान् बुद्ध पद प्राप्त गरेर, लोकोत्तर, जन्म आदिको नाम पनि शान्त हुने, मृत्यु आदिको भयबाट मुक्त निर्भय हुने, बुढो नभई जरामुक्त हुने, रोग आदिको दोष मुक्त भएको त्यस्ता सर्वउत्कृष्ट पद प्राप्त गर्नुपर्छ भन्नुभएको हो।

(घ) चौथो, समापनमा दुई; १. रचना विवरण र २. अनुवाद विवरण।

पहिलो, रचना विवरण—

आचार्य नागार्जुनद्वारा विरचित र राजा शातवाहन
गौतमीपुत्रलाई पठाएको सुहल्लेख पत्र समाप्त भयो।

भनी बताउनुभयो।

दोस्रो, अनुवाद विवरण—

भारतका उपाध्याय सर्वज्ञदेव र शुछेनका महान्
लोक चक्षुपाद भान्ते कावा पाल्चेगद्वारा प्राचीन
अनुवादको समयमा यो अनुवाद र सम्पादन गरिएको हो।

यस ग्रन्थप्रति इच्छुक भएकाहरूले अनुरोध गरे अनुसार सन् २००९ अगस्ट महिना तदनुसार भोट पात्रो: गोरु वर्षको छैटौं महिनामा अमेरिकाको बोडोइनहम, माइन (Bowdoinham, Maine) भन्ने ठाउँमा मेरा केही शिष्यहरूलाई सुहृल्लेख मार्फत धर्मदेशना गर्दा अडिओ रेकर्ड गरी राखेकालाई वज्र विद्या संस्थान (उच्च बौद्ध शिक्षण केन्द्र) को २३ औं ब्याचको विद्यार्थीहरूले लिपिबद्ध गरेछन्। त्यसमा ग्रन्थको मूल र ज्यु-मिफम रिन्पोछेद्वारा रचित विषयसुचीलाई सँगै मिलाई केही संशोधन गर्नुपर्नेहरू गरेको छु। यो ग्रन्थ बुद्ध शासन (शिक्षा) र सत्त्वहरूलाई लाभ हुने हेतु बनोस् भनी प्रणिधान गर्दै पवित्र तीर्थस्थल नमोबुद्ध ठाङ्गु टाशी याङ्चे गोन्पामा ठाङ्गु टुल्कुले लेखेको। शुभम् ॥ सन् २०२२ जनवरी २० तारिखको दिन॥

(‘सृहल्लेख सरलभाषामा व्याख्यित् प्रारम्भिक प्रवेशद्वार’ नामक शास्त्र परम पूजनीय क्याब्ज्ये योङ्गिन खेन्छेन ठाङ्गु रिन्पोछे नब्बे वर्षको उमेरमा नाथ स्ययम्को वाक्बाट पवित्र तीर्थस्थल नमोबुद्ध ठाङ्गु टाशी याङ्चे गोन्पामा सन् २०२२ मार्च १२ र १७ तारिख, शनिबार र बिहीबारको दिनमा शिक्षण तथा आगम प्रदान गरी कृपा गर्नुभयो।)

(परम पूजनीय खेन्छेन ठाङ्गु रिन्पोछे विरचित ‘सृहल्लेख सरलभाषामा व्याख्यित् प्रारम्भिक प्रवेशद्वार’ नामक शास्त्र रिन्पोछेको शिष्य अल्प ज्ञानी म ङोडुप ग्याल्छेन योन्जनद्वारा भोट पात्रो २१५१ साल दोस्रो महिनाको पूर्णिमाको शुभ दिन तदनुसार सन् २०२४ मार्च २५ तारीखमा भोट भाषाबाट नेपालीमा अनुवाद समापन भयो।)